भुत्ते कर्मचारीतन्त्र

'मिनी नोबेल'को विजय भार

आइतबार • २३ वैशाख २०७५ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक

nepal.ekantipur.com

सुनका संदिग्ध

राज्यका निकायहरू नै सुन तस्करीमा मुछिए पनि अनुसन्धानको दायराबाट सधैं उन्मुक्ति

shanker
JAGDAMBA STEEL
देशको मेरुदण्ड
मजबुत निर्माणको अभिभारा
राईनो फलामे डण्डीको साथमा
GUARANTEE
GUARANTEE
GUARANTEE
IS : 1786
NS:191
CM/L 4049454
Fe 500/Fe 500D
RHINO
500D 12
RHINO
GUARANTEED DUCTILITY
Fe 500D
नेपालमा पहिलो पटक, नेपालकै लागि
Lowest Carbon
Less Impurities (S+P= 0.075)
Min. Elongation 16 %

AMBE
GROUP

अम्बे सिमेन्ट

गुणस्तरीय पहिचान | मजबुत जडान | वर्षौंसम्मको शान

अम्बे सिमेन्ट

यो देशको शिर, उच्च राख्दै...

नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गुण ३८५

नेपालमा बनेको

ISO 9001:2008
CERTIFIED COMPANY

गर्मीमा,
सुगन्धित पाउडर सँग
मात्र सम्झौता किन ?
चिसो
चिसो
COOL
COOL
Navratna
Cool
Talc
Active Deo
Mint, Camphor
Refresh & relax your body & mind
Navratna
Cool
Talc
विश्वको सबैभन्दा सानो A.C.

दिनहुँ ठगिन्छौं हामी

सरोकार १६

१४ सहर
चमक हराएको जनकपुर



२४ आवरण
सुनमा संदिग्ध राज्य-यन्त्र

३२ प्रशासन
अव्यावसायिक कर्मचारीतन्त्र

३८ शिक्षा
काम चलाउ सरकारी

५४ झल्याकझुलुक
हिटको तिर्खा
'पर्ख र हेर'

४४ संस्कृति
बौद्ध इतिहासको उपेक्षा

स्थायी स्तम्भ >>

चिठ्ठी (६), स्मरण (७), सोझै (८), परिहास (१०), साहित्य (४८), प्रविधि (५०), अचानक (५२), फिल्म (५६), नोटबुक (५८)

तथ्य/टिप्पणी : हरिबहादुर थापा १२
(अ)सहमति : भास्कर गौतम ३०
मारमा विद्यार्थी ४२

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया । **निर्देशक** : स्वस्तिका सिरोहिया । **प्रधान सम्पादक** : सुधीर शर्मा
सहायक सम्पादक : बसन्त बस्नेत **समाचार संयोजक** : सन्तोष आचार्य **साहित्य/कला** : रमण घिमिरे **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, बाबुराम विश्वकर्मा
सहायक वरिष्ठ संवाददाता : माधव बस्नेत **संवाददाता** : मनबहादुर बस्नेत, गोकर्ण गौतम, क्रान्ति पाण्डे, विभु लुइटेल
कपी डेस्क : ईश्वरी ज्ञवाली, गोकुल अर्याल, गुरुङ सुशान्त **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा
सज्जा : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर **मार्केटिङ** : असुरारी ज्ञवाली

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : १६ वैशाख २०७५, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

nepalpatra@kmg.com.np

मेलम्चीको चर्चा



करिब तीन दशकदेखि चर्चामा रहेको मेलम्ची परियोजनाले अब भने काठमाडौँ उपत्यकावासीलाई छिट्टै तिर्खा मेटाउने देखिएको छ *(तीन दशकको तिर्खा, १६ वैशाख)* । सिन्धुपाल्चोकको मेलम्ची खोलाबाट उपत्यकामा खानेपानी ल्याउने बहस करिब ३० वर्षपछि पूरा हुने संकेत देखिएको छ । ०४७ ताका काठमाडौँलाई सिंगापुर जस्तो बनाउँछु, काठमाडौँका सडक पानीले पखालिदिन्छु भन्ने पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईका भनाइलाई उतिबेला केहीले हाँसोका विषय पनि बनाए । तर, उनै भट्टराईको परिकल्पनाका रूपमा रहेको आयोजना ढिलै होस्, सम्पन्न हुने चरणमा पुगेको छ ।

आयोजनाको मुख्य काम सिन्धुपाल्चोकको मेलम्ची नदीदेखि काठमाडौँको सुन्दरीजलसम्मको साढे २७ किमि लामो सुरुङ २७ चैतमा छिचोलिएसँगै उपत्यकामा मेलम्चीको पानी आउने पक्कापक्की भएको छ । ०५८ मा काम थालेर ०६४ मा पूरा गर्ने भनिए पनि परियोजनामा सिन्को पनि भाँचिएको रहेनछ । परियोजना सुरु भएसँगै राजनीतिक दलका नेता र कर्मचारीले यसको दोहन पनि गरेका रहेछन्, उनीहरूले आयोजनाको स्वामित्वमा रहेका सवारीसाधन बपौती नै बनाए पनि तैं चुप मै चुप गरिनु कदापि राम्रो होइन । नेता-कर्मचारी र ठेकेदार तीनै पक्षका कारण निर्माणमा ढिलाइ भए पनि अब भने आयोजना पूरा हुने विश्वास पलाएको छ ।

● **सुभास थापा**
मेलम्ची, सिन्धुपाल्चोक

एकतामा सन्देह

सत्तारुढ एमाले-माओवादीबीच एकता नहुनुमा एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालका आ-आफ्ना रणनीति प्रमुख कारण हुन् *(वाम एकतामा बादल, १६ वैशाख)* । सत्तारुढ एमाले-माओवादीबीच एकता हुने हल्ला सुनेको पनि करिब ६-७ महिना भइसक्यो । एमालेले चुनावमा पाएको अपार जनसमर्थन र माओवादी पार्टीका जनवर्गीय संगठनहरूले ५०-५० प्रतिशतको कुरा नमिल्दासम्म एकता नगर्न खबरदारी गरेपछि दाहाल पछि हटेको प्रस्टै देखियो ।



चुनावताका एक भएर मैदानमा उत्रिए पनि पछिल्लो समय वाम एकताका लागि ओली र दाहालका भनाइ एकआपसमा विरोधाभास रूपमा सतहमा आउनुले सकारात्मक संकेत देखिँदैन । चुनावताका जनतासमक्ष बाँडिएका आश्वासन पूरा गर्न पनि दुई वाम एक ठाम हुनुको विकल्प छैन । ३०-७० वा ५०-५० प्रतिशत जेसुकै भए पनि दुवै पार्टी एक होऊ । ओली र दाहालको रणनीतिभन्दा पनि अहिलेको आवश्यकता वाम एकता नै हो ।

● **नवराज अधिकारी**
बट्टार, नुवाकोट

'जडीबुटी आर्थिक क्रान्तिको मूल आधार'

राजनीतिक क्रान्तिलाई आर्थिक क्रान्तिले पूर्ति नगरेसम्म जनता सुखी र राष्ट्र सम्पन्न हुन सक्दैन भन्ने प्रधानमन्त्री केपी शर्मा ओलीको अन्तर्वार्ता सटीक, यथार्थ र वस्तुपरक लाग्यो *('राजनीतिक क्रान्ति गरियो, अब विकासमा क्रान्ति', २ वैशाख)* । प्रधानमन्त्री ओलीले अन्तर्वार्तामा देशलाई समृद्ध बनाउने सपना, योजना, दृढ प्रतीज्ञा गर्नुभएको रहेछ । यद्यपि, प्रधानमन्त्रीको अन्तर्वार्तामा राजनीतिक क्रान्ति सहज भएझैं आर्थिक क्रान्ति भने सोचिएजस्तो हुँदैन भन्ने यथार्थ पनि छ ।

आर्थिक क्रान्तिमा सफल भए मात्र राजनीतिक नेतृत्व सफल हुन सक्छ । नेपालको आर्थिक समृद्धिका लागि यस्तै दूरदर्शी नेता आवश्यक छ । रोजगारको आधार तयार नभएसम्म युवा विदेश जाने क्रम बढिरहनेछ । देशमा रहेको प्राकृतिक स्रोत र जडीबुटीको अधिकतम प्रयोग गरेर विदेशिएका युवालाई स्वदेशमै रोजगारी सिर्जना गर्न सक्नुपर्छ ।

● **महेन्द्रमान श्रेष्ठ 'व्यथित'**
पोखरा-७, मुस्ताङचोक, कास्की

विहारीकृष्ण श्रेष्ठ

प्यालेस्टाइनीद्वारा बन्धक बनाइँदा...

वि सं २०३० मा विशेष अधिकृतका रूपमा जाँचबुझ केन्द्रमा काज-सरुवा भएको थिएँ। युनेस्कोले नर्वेमा आयोजना गरेको 'म्यान एन्ड बायस्पेयर' कार्यक्रमका लागि निम्तो पाएँ। राजधानी ओस्लोबाट उत्तरतर्फको लिलेहामरमा पुग्दा हिउँले पूरै ढाकिएको थियो। झन्डै ५० देशका प्रतिनिधि सहभागी सातदिने उक्त गोष्ठी एउटा होटलमा गरिएको थियो। एकैपटक सात दिनपछि हामी होटलबाट बाहिरियौँ। हिउँका कारण हामीलाई होटलबाट सीधै एयरपोर्ट लगियो।

ओस्लोबाट केएलएम कम्पनीको जहाजमा नेदरल्यान्ड्सको आम्सट्रडम ट्रान्जिट भएर नयाँदिल्ली फर्किंदै थियौँ। जम्मा दुई घन्टा ट्रान्जिट थियो। त्यसैले जहाज कम्पनीका व्यक्तिलाई चार-पाँच घन्टापछि अर्को जहाजमा पठाइदिन अनुरोध गरेँ। चिडियाखानाका जनावरको वैज्ञानिक तरिकाले हेरचाह गर्ने सामग्री लैजाने सर्तमा चार घन्टा होइन, दुई दिन नै बस्ने प्रबन्ध मिलाइदिए, त्यो पनि कम्पनीको खर्चमा।

दुई दिन त्यहाँ घुमेँ, केही सपिङ गरेँ। त्यसपछि दिल्ली उडेँ। केएलएमको ७४७ बोइङमा रात परेपछि ठूलो पर्दामा चलचित्र देखाउने चलन रहेछ। बेरुतको ट्रान्जिटपछि हामी फिल्म हेर्ने मुडमा थियौँ। फर्स्ट क्लास नजिकैको झ्यालतर्फको सिटमा थिएँ म। ढोकामा टाँगिएको पर्दा ध्वार्र च्यातेर अन्दाजी २० वर्षको एक युवक ग्रिनेड बोकेर बाहिर निस्कियो।

अपहरणमा परेजस्तो लाग्यो। अनि सोचेँ, अपहरणको अनुभव बटुल्न पाइने भयो। जहाजमा २ सय १० जापानी यात्रुबाहेक अन्य ३७ जना थियौँ। नेपाली म एक्लो। हवाईजहाजको स्पिकरमा पाइलटले 'दिस इज योअर क्याप्टेन स्पिकिङ...' भन्न मात्र के पाएको थियो, अर्को अपहरणकारीले माइक लिएर 'प्यालेस्टाइन अर्गनाइजेसन ...' भन्दै लामो नाम भट्यायो। उसले 'नेदरल्यान्ड्स सरकारले इजरायलको पक्षमा लागेर केएलएम कम्पनीका जहाजमार्फत हातहतियार ओसार-पसार गरिरहेको र डच सरकार पनि इजरायलको पक्षमा लागेकाले जहाजलाई अपहरण गर्न बाध्य भएको' बतायो। टुटे-फुटेको अंग्रेजीमा तुरुन्तै दुवै हात शिरमाथि राख्न धम्की दियो। त्यसपछि 'सिट बेल्ट' बाँध्न लगाइयो। सबै उभिएका छौँ, कहाँ सिटबेल्ट बाँध्ने ? त्यो ठाउँ रहेछ, सिरियाको दमास्कस एयरपोर्ट।

झन्डै एक घन्टापछि साइप्रसको निकोसिया अनि राती २ बजेतिर लिबियाको ट्रिपोलीमा जहाज उतारियो। हामीलाई निद्राले ग्रस्त बनाइसकेको थियो। तर, अपहरणकारीलाई के वास्ता ? यसबेलासम्म एयरपोर्टको धावन मार्गमा लिबियाका शासक कर्णेल गद्दाफीका सेनाका गाडीले अवरोध गरिरहेका थिए। दिउँसो २ बजे एक्कासि रनवेभन्दा विपरीत दिशाबाट जहाज उड्यो।

त्यतिन्जेलसम्ममा डच सरकारले अपहरणकर्ताका माग पूरा गरिसकेको थियो, प्रो-इजरायली नीति लिएको छैन र लिने पनि छैन, साथै केएलएमले इजरालयका हातहतियार ढुवानी गरेको छैन र गर्ने पनि छैन भनेर। सोही कारण अपहरणकर्तालाई सुरक्षित अवतरणको आवश्यकता थियो। दिनको ४ बजेसम्ममा गद्दाफीसँग कुरा नमिलेपछि निर्माणाधीन धावन मार्गबाट एउटा टापु देशमाथि पुगियो। त्यो रहेछ, युरोपको माल्टा।

माल्टामाथि नौ पटक चक्कर लगाएर जहाज अवतरण गऱ्यो। प्रधानमन्त्री मिन्टफसितै वार्ता भएको रहेछ। त्यतिबेला माल्टाको एयरपोर्टमा बोइङ अवतरण हुन मुस्किल थियो। त्यसैले उनी चाहन्थे, अन्तै जाऊन्। तर, त्यतिन्जेलसम्म जहाजमा तेल सकिएकाले यात्रुलाई समुद्रमा खसालेर रित्तो जहाज अवतरण गराउने अपहरणकर्ताको प्रस्ताव रहेछ। त्यही क्रममा बेलुकातिर बालबालिकाले 'लाइफ ज्याकेट' लगाएका थिए। हामीलाई पनि ज्याकेट प्रयोगबारे एयर होस्टेसहरूले दोहोऱ्याई-दोहोऱ्याई जानकारी दिइरहेका थिए। तर, पछि प्रधानमन्त्री मिन्टफले यात्रुसहित अवतरण गर्न अनुमति दिएछन्। र, हामी ठूलो संकटबाट जोगियौँ। ती अपहरणकर्ता त्यहाँ तेल भरेर अन्त कतै जाने दाउमा रहेछन्। त्यसका लागि मिल्टफले सबै यात्रुलाई छाड्नुपर्ने सर्त राखेछन्। त्यसपछि आधा तेल भरेर आधा यात्रु छाड्ने र अरू आधा तेल भरेपछि सबै यात्रु मुक्त गर्ने सहमति भएपछि तेल भर्न थालिएको रहेछ। झन्डै ७० हजार लिटर फ्युल लाग्दो रहेछ। ३५ हजार लिटर तेल भर्दा झन्डै तीन घन्टा लागेको थियो।

आधा यात्रु मुक्त भए। मेरो नामै आएन। तीन घन्टापछि पुनः तेल भर्न थालियो र बाँकी यात्रुहरू पनि मुक्त हुन थाले। मेरो त नामै आएन। त्यसपछि सँगैको यात्रुलाई सोध्दा थाहा भयो कि अपहरणकर्ताले हिजै सबैको राहदानी लिइसकेका रहेछन्। तर, मेरो राहदानी मसँगै थियो। मैले पनि उक्त राहदानी झिकेर अपहरणकर्तालाई दिन पुगेँ। एकछिन त मसँग रिसाए। केहीबेरपछि म पनि मुक्त भएँ। तर, जहाजले हाम्रो सबै सामान बोकेर अन्तै लग्यो। साँझ केएलएमले दुइटा जहाज माल्टामा उतार्‍यो। एउटाले जापानी यात्रुलाई बोकेर जापानतिरै लग्यो, अर्कोले हामीलाई लिएर आम्सट्रडम फर्कियो। त्यसको दुई दिनपछि म काठमाडौँ उत्रिएँ।

काठमाडौँ आएको दुई सातापछि एक दिन केएलएमका काठमाडौँ, दिल्ली र बंगलादेशका प्रतिनिधि आएर मलाई कम्पनीका मालिक ओर्लान्डोको हस्ताक्षरित चिट्ठी दिए। पत्रमा जापानी कानुन अनुसार बन्धकमा परेका यात्रुलाई क्षतिपूर्ति दिनुपर्ने भएकाले मलाई पनि उपलब्ध गराइएको उल्लेख थियो। १ हजार १ सय २० डलरको चेक पाएँ। राष्ट्र बैंकबाट चेक साट्दा ११ हजार २ सय रुपियाँ बुझेँ। वास्तवमा ३३ घन्टाको त्यो बन्धक प्रकरणले मेरो बाँकी जीवनमा बहार ल्यायो।

|| प्रस्तुति : **ईश्वरी ज्ञवाली**

सोझै

विदेशबाट

टाइगर उड्सले गरे नेपाली गल्फरको प्रशंसा

ईएसपीएनले नेपालकै प्रथम व्यावसायिक महिला गल्फर प्रतिमा शेर्पामाथि *अ माउन्टेन टु क्लाइम्ब* शीर्षकको डकुमेन्ट्री बनाएको छ । रोयल नेपाल गल्फ क्लबको गोदाममा बस्दै आएकी शेर्पाले त्यहीं गल्फ खेल्न सिकेकी हुन् । खेल्ने उपकरणको अभावका कारण उनी बुबाले रूखका हाँगा काटेर बनाइदिएको लठ्ठीले खेल्थिन् । आजसम्म उनले दुई अन्तर्राष्ट्रियसहित ३३ प्रतियोगिता जितिसकेकी छन् । गल्फका बादशाह मानिने टाइगर उड्सले मुक्तकण्ठले शेर्पाको प्रशंसा गर्दै ट्वीट गरेका छन् । ◆

'वीरेन्द्र बियर'को विरोधपछि उत्पादकको स्पष्टीकरण

राजा वीरेन्द्रको तस्बिर अंकित 'वीरेन्द्र बियर'को धेरै विरोध भएपछि उत्पादक स्वीस कम्पनी टर्बिननब्राउले स्पष्टीकरण दिएको छ । कम्पनीका मालिक एड्रियन वेबरले नेपालमा धेरै रूचाइएका राजाका नाममा केही उत्पादन ल्याउँदा यसले दुई देशको सम्बन्ध अझ सुदृढ पार्दै लैजान सक्ने ठानेका रहेछन् । तर, सामाजिक सञ्जालमा थुप्रै विरोध भएको देख्दा आफू अचम्ममा परेको बताएका छन् । 'नेपालमा एभरेस्ट र गोर्खा नाम गरेका बियर उत्पादन हुन्छन् तर तिनको विरोध कसैले गर्दैनन्,' वेबरले निराशा व्यक्त गरेको *स्वीस इन्फो*मा उल्लेख छ । ◆

राष्ट्रिय वाणिज्य बैंक लि.

RASTRIYA BANIJYA BANK LTD.

...... तपाईको आफ्नै बैंक

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड आफ्ना ग्राहक महानुभावहरु समक्ष स-गौरव प्रस्तुत गर्दछ

रा. बा. बैंक गोल्डेन फिक्स्ड डिपोजिट

१ देखि २ वर्षे मुद्दती खातामा

१०.५%

वार्षिक ब्याजदर *

* शर्तहरु लागु हुनेछ ।

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

केन्द्रीय कार्यालय, सिंहदरबार प्लाजा, काठमाण्डौ ।

सम्पर्क फोन नं. : ०१-४२५२५९५

बैंकका क्षेत्रीय तथा शाखा कार्यालयहरु

www.rbb.com.np

देउवालाई ५१ पाना

कांग्रेसका सात 'युवा' नेताले ५१ पाने प्रतिवेदन दिएछन् पार्टीको केन्द्रीय समिति बैठकमा । सभापति देउवालाई त्यत्रो 'किताब' पढ्ने फुर्सद कहां ? एक पाना त पढ्न नभ्याउनेलाई त्यति पढ्न कति वर्ष लाग्ला ? एकछिन् विचार गरम् ।

चुनाव सकिएको ६ महिनापछि बल्ल 'समीक्षा' चल्दैछ । पार्टीको पदाधिकारी-सूची भरे आउने, भोलि आउने भनेर मिडियामा चंगा उडाउने अनुमान-पण्डितहरूलाई कतिपटक चक्मा खुवाइसके । दुई महिनामा गर्छु भनेको काम दुई वर्षसम्म नगरेर सजिलै टारिदिए । अरूका लागि त्यो कछुवा-योग्यता हो, उनलाई अच्छा-क्षमता । अझ दुई वर्ष पदावधि छँदै 'अर्ली महाधिवेशन' जान फोकटिया सल्लाह दिएछन् युवा नेताहरूले । विधानमै बकाइदा व्यवस्था भएका काम त गर्दैनन् सभापति । उल्टै अवैधानिक काममा प्रेरित गर्नेहरूले देउवालाई जिस्काएका हुन् या जिल्लिएका हुन् ? कुरा बुझे त मरिजानू !

■ **लाल कुमाल**

मोदीको गोजीमा के छ ?

पहिले नरेन्द्र मोदीले नेपाल टेक्ने समाचारबाट नेपालीमा रोमाञ्चको लहर चलेको थियो । मोदी अहिले फेरि आउने समाचारले सुरक्षा प्रणाली सक्रिय भएको छ रे ! ठीकै गरेछ । पहिले आउँदा मोदीले गोजीभरि ललीपप बाँडेका थिए । मीठो मुस्कान ल्याएका थिए । नेपाली लबज मिलाएर भाषण पढेका थिए र नेतालगायत हामीलाई मोहित पारेका थिए । अनि, बदलामा के-के लगेका थिए के-के ! केही महिनापछि नाकाबन्दीको चिर्पटले हाम्रो ढाड सेकेका थिए । हो, अहिले आउँदा यस्तै घातक ललीपप ल्याउन सक्छन् । अब सुरक्षाकर्मीले गल्ली-गल्लीमा बटुवालाई दुःख दिनुभन्दा बरू मोदीजीकै गोजी छाम्ने पो हो कि ?

■ **छ्ल्याहा गुरु**

खुट्टा ताछ्ने आइडिया

उहिल्यै-उहिल्यै हामीलाई आफ्नो खुट्टाकै नापोमा जुत्ता पाउन पसल-पसल चहार्नुपर्थ्यो । तर, अब हाम्रा दुःखलाई प्रधानमन्त्रीले दूरदूर गरिदिने भए । उनले जुत्ता अनुसार साइज मिलाउन खुट्टा ताछ्ने जुक्ति सुझाएका छन् । प्रधानमन्त्रीलाई यो आइडिया रातारात यसै फुरेको होइन । भारतका नामी विश्वविद्यालयले उनलाई डाक्टर बनाइदिएपछि जोसिलो विकल्प निकालेका हुन् । काटमारको मोर्चाबाट शान्तिपूर्ण मैदानमा उत्रिएका पार्टीको संगतका कारण पनि ओलीजीलाई चमत्कारी बुद्धि पलाउँछ बेला-कुबेला । भनिन्छ, 'कच्चा वैद्यको मात्रा, यमपुरीको यात्रा' । कच्चा चिकित्सकले दाहिने खुट्टाको अप्रेसन गर्दा देब्रे खुट्टा चिरिदिए । अब नवजात डाक्टरले जुत्ताका लागि खुट्टा चिर्ने भए । एकताका लागि खुट्टा उचालिसकेका जुझारू कमरेडहरूसँग दुई विकल्प छन्- खुट्टा जोगाउने या जुत्ता ?

■ **भर्जिन ब्वाय**

हामी हाँस्ने कुरा

नेपालीका लागि खुसीको खबर ! हाम्रो प्रतिव्यक्ति आय १ हजार ४ डलर पुगेको छ । यो सालाखाला १ लाख ६ हजार रूपियाँभन्दा बढी हुन्छ । पहिलो पटक नेपालीको 'परक्यापिटा इन्कम' डलरमा फोर डिजिट माथि पुगेको छ । प्रधानमन्त्री केपी ओली सिंहदरबारमा दोस्रो पटक प्रवेश गरेका के थिए, खुसीका खबर भटाभट सुन्न पाइएको छ । प्रधानमन्त्री ओली देशभरि समाजवाद वितरण गर्दै छन् । झोलामा समाजवाद थाप्न प्रदेशका मुख्यमन्त्रीहरू सिंहदरबार पुगिरहेकै छन् । त्यो समाजवाद प्रत्येक प्रदेशमा पुग्दा देशै झलमल्ल हुने दिन धेरै टाढा पनि छैन । प्रधानमन्त्रीले रेलयात्रा मन पराउनेहरूले रेल चढेर अनि पानी जहाज रूचाउनेहरूले त्यसमा चढेर देश समृद्ध भएको हेर्ने चाँजोपाँजो पनि मिलाउँदै छन् । अब कति हाँस्ने ! शेरबहादुर देउवा बेफ्वाकमा फलाक्छन्, 'कम्युनिस्ट आए रून पनि पाइँदैन ।' हामी यहाँ हाँस्ने कुरा गरिरहेका छौं, देउवाजी रून्चे-रून्चे कुरा गर्छन् ।

■ **वाटरगेट उपाध्याय**

घर-घरमा प्रेस विज्ञ

केही वर्षअघिसम्म प्रधानमन्त्रीले मात्र प्रेस सल्लाहकार राख्ने चलन थियो । हुँदाहुँदा राष्ट्रपति, उपराष्ट्रपति, सभामुखले पनि त्यसको सिको गरे । पछिल्ला दिनमा सामान्य मन्त्रीहरूले मात्र होइन, प्रदेश मन्त्री, सभामुख, सांसदले समेत प्रेस विज्ञ राख्न थालेका छन् । सबैले प्रेस विज्ञ राखेकाले होला, प्रधानमन्त्रीले प्रेस सल्लाहकार, प्रेस संयोजक, प्रेस विज्ञसम्म नियुक्त गरेको खबर छ । जागिरै खुवाउने तिकडम हो भने 'एक घर- एक प्रेस विज्ञ'को स्किमै ल्याउने कि ?

■ गोरे काजी

थप मूर्ति

सम्झाउनै परेन, नेपाल मन्दिरै-मन्दिरको मुलुक हो । यिनै मूर्ति हेर्न देश-विदेशका मानिसको ओइरो लाग्छ । नेपालमा केही मूर्ति भने कहिलेकाहीं फकिर शैलीमा घुम्न हिंडिदिन्छन् । दुनियांले जेसुकै भनोस्, बाल छैन । यस्तो निष्क्रिय मूर्ति हो, न्यायमूर्ति । यो मूर्तिलाई साढे सातको शनि दशा लाग्यो भने आफैंप्रति विश्वास हुँदैन । र, प्रभुको शरणमा पुग्छ । त्यही भएर न्यायमूर्ति दीपकराज जोशीको गोडा प्रतापी प्रभु प्रचण्डको पाउचरणमा परे । भक्त न्यायमूर्तिको मनोकांक्षा पूरा भयो भने भोलि 'प्रचण्ड प्रभु'को मूर्ति मुलुकमा थपिनेछ, जो विश्वका लागि अर्को दर्शनीय वस्तु हुनेछ । माने, अब पर्यटक फेरि मारामार !

■ लुकुवा बाजे

झटारो | लक्ष्मण गाम्नागे

ड्याम्मै एकता

कम्युनिस्ट पार्टी स्थापना दिवस र लेनिन जयन्ती भनेर मनाइएको कार्यक्रमले एमाले र माओवादी केन्द्रको एकतालाई टुंगोमा पुऱ्याउने देखियो । त्यो कार्यक्रमको ब्यानर काण्डले ड्याम्मै पार्टी एकता गर्न उनीहरूलाई थप प्रेरणा मिलेको छ ।

त्यो दिन हलमा हंगामा हुनु स्वाभाविकै थियो । किनभने, त्यो कार्यक्रमको ब्यानर नै पक्षपाती थियो । लेनिन जयन्तीको ब्यानरमा लेनिनको ठाउँमा मदन भण्डारी र मार्क्सको ठाउँमा मनमोहनको तस्बिर छापिएको थियो । एउटा पार्टीका आधा दर्जन दिवंगत आत्माहरूका तस्बिर टाँसिएको ब्यानरमा अर्को पार्टीका एउटैको तस्बिर थिएन । एकता गर्न लागेका दुई पार्टीका नेताहरूको तस्बिरमा पनि एक जनाको तस्बिर झन्डै आधा इन्ची सानो थियो । तस्बिर पनि एउटा उज्यालो, हँसिलो अर्को अँध्यारो, रुन्चे थियो ।

यस्तो पक्षपात भएपछि कार्यकर्ताले हंगामा गर्नु स्वाभाविक थियो । हंगामापछि नयाँ ब्यानर त ल्याइयो । तर, त्यसमा पनि असमानता कायमै थियो । एउटा ब्यानर सोझो, चिल्लो र आकर्षक थियो, अर्को बांगोटिंगो, खुम्चिएको र लुत्रुक्क परेको । कार्यकर्ताले भइगो मरोस् भनेर छाडेका अरू पनि थुप्रै असमानता ब्यानरमा थिए । हुँदाहुँदा कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा पनि पक्षपात प्रस्टै देखियो । प्रचण्डलाई पहिला बोल्न लगाएर ओलीलाई पछि बोल्न दिइयो । मानौं, ओलीचाहिँ प्रमुख अतिथि हुन् र प्रचण्डचाहिँ दोस्रो तहका अतिथि । दुवै नेतालाई सँगसँगै बोल्न दिनुपर्ने थियो अथवा चिट्ठा गरेर पालो मिलाउन सकिन्थ्यो । भाषण गर्ने क्रममा पनि घडी हेरी-हेरी ओलीले प्रचण्डको भन्दा १५ मिनेट बढी बोलेर पेले । दाह्रा किट्दै भए पनि कार्यकर्ताले खपे, थप उपद्रो गरेनन् ।

एकताका लागि दुवै पार्टीका नेता-कार्यकर्ता अब तयार भएछन् भन्ने ब्यानर काण्डले प्रमाणित गऱ्यो । त्यत्रो हंगामा हुँदा पनि कुटाकुट, मारामार केही भएन । अनेकौं असमानताका बाबजुद पनि दुइटा ब्यानर टाँगेर मजाले कार्यक्रम गर्न सकिने रहेछ भन्ने छर्लंग भयो । नेताहरूले दुइटा ब्यानरमुन्तिर उभिएर एकता नगरी नछाड्ने भाषण गरे । दुवै नेताले दृढतापूर्वक भने, 'अब पछि फर्किने ठाउँ छैन । फर्किने खोलाको पुल उडाइसकिएको छ । एकताबाट तल झर्ने भऱ्याङ लडाइसकिएको छ । खुट्टा काटेर भए पनि एकताको जुत्ता नलगाई सुखै छैन ।'

अब पार्टी एकता हुन कुनै समस्या बाँकी रहेन । पार्टीमा दुई जना अध्यक्ष राख्ने निर्णय भइसकेकै छ । अब पार्टीका सबै कमिटीमा दुई जना अध्यक्ष, दुई जना उपाध्यक्ष, दुई जना सचिव र दुई जना कोषाध्यक्ष राखेर कमिटी बनाउँदा सहजै एकता हुने देखियो । सदस्यहरू पनि दुवैतिरबाट बराबरी राखेर कमिटीहरू बनाउँदा सबैले काम पनि, सम्मान पनि पाउनेछन् । यसो गर्दा बेलाबेला कुटाकुटै गर्नुपऱ्यो भने पनि समानतामा आधारित कुटाकुट हुनेछ । कार्यालयहरू पनि दुइटा र परिचयपाटी पनि अलग-अलग राखिराख्नु उपयुक्त हुनेछ । यो अत्यन्तै दूरदर्शी निर्णय हुनेछ । एकता भएको केही महिना वा वर्षमा आखिर फुट्नु नै छ । यसप्रकार गरेका एकताले फुटेपछिलाई साह्रै काइदा हुनेछ । फेरि नयाँ कमिटीहरू गठन गरिरहने झन्झट हुने छैन । कार्यालय खोजिरहने झमेला हुने छैन । फुटेको घोषणा मात्र गरे पुग्छ । कुनै दिन फेरि ड्याम्मै फुट्नु छँदैछ भने एकता गर्न किन ढिलो गर्नु कमरेडहरू ! ड्याम्मै एकताको घोषणा गर्दिनोस्, अब दुइटा ब्यानर टाँगेर ।

हरिबहादुर थापा

ती पञ्चायतका सेवक यी लोकतन्त्रका भवदीय

लोकतन्त्रसँगै 'सेवक'बाट 'भवदीय'मा परिणत भएका छन्, महालेखा परीक्षक पनि। पञ्चायत र संसदीय कालखण्डमा राजाका जुनाफमा प्रतिवेदन बुझाउँदै महालेखा परीक्षक प्रारम्भिक पृष्ठमै लेख्थे, 'लेखा परीक्षण सम्पन्न गरी संविधान अनुरूप वार्षिक प्रतिवेदन सरकारमा चढाएको छु, सरकार, जो हुकुम।' अनि लेखिन्थ्यो, सेवक, ..., महालेखा परीक्षक।

लोकतन्त्रसँगै प्रतिवेदन बुझाउने ठाउँ बदलिएको छ, राजाको जुनाफबाट राष्ट्रपतिसामु। सँगै 'सेवक' पनि 'भवदीय'मा परिणत भएको छ। पञ्चायती राजनीतिमा खुब प्रयोग हुने शब्द थियो- सेवक। पुराना पञ्चायती दस्तावेजहरूमा यो शब्द राम्रैसँग उल्लेख भएको पाइन्छ। राजपरिवारका सदस्यहरूका सामु लोकतन्त्र बहाली हुनुपूर्व प्रधानमन्त्री र मन्त्रीहरू आफूलाई सेवक भन्थे। राजालाई कुनै परामर्श दिनुपर्‍यो भने तिनले बोल्ने पहिलो दुई शब्द हुन्थ्यो- 'सेवकको विचारमा।'

सेवक अब भवदीयमा परिणत भए पनि महालेखा परीक्षकको प्रतिवेदनले राष्ट्रिय ढुकुटीमाथिको लुटतन्त्रको शृंखला अझ भयावह हुँदै गएको देखाउँछ। राष्ट्रिय धन खर्चको हिसाब-किताबमा रीत-बेरित केलाउँदै महालेखा परीक्षकले ५५ वर्षदेखि नियमित रूपमा प्रतिवेदनका ठेली सार्वजनिक गराउँदै आएका छन्। अनियमितता, बेथितिका प्रवृत्तिगत शब्दहरू एकैनासे छन् र अंकको वजन अत्यधिक बढ्दैछ। यस्ता प्रतिवेदन सार्वजनिक भएपछि- सुरुका केही दिन तिनले औँल्याएका विकृतिमाथि सञ्चारमाध्यम रंगिन्छन् अनि ती बिस्तारै बेवारिस हुन्छन्।

यस्ता प्रतिवेदनहरू केलाउँदा हाम्रो समाजको बदलिँदो औकात पनि बुझिन्छ। 'सरकारी कार्यालयले चाहिँदोभन्दा बढी साइकल खरिद गरेको र पदाधिकारीहरूले सरकारी साइकल निजी काममा उपयोग गर्छन्,' २०२० मा सार्वजनिक पहिलो प्रतिवेदनका शब्द हुन् यी। उतिबेला साइकल चढ्नेहरू सुविधाभोगी हुन्थे। पञ्चायतको उत्तरार्द्धतिर 'मोटरसाइकल' आयो। पछिल्ला कालखण्डमा शासकीय संयन्त्रका पात्रहरू प्राडो-पजेराजस्ता महँगा सवारीसाधनप्रति मोहित छन्। सँगै 'अनुत्पादक खर्च' अचाक्ली उकालो लाग्दैछ।

महालेखाकै प्रतिवेदन अनुसार गएको वर्ष गाडी खरिद निम्ति ३ अर्ब ५ करोड ४७ लाख रुपियाँ छुट्याइएको थियो। त्यसमा रकमान्तरबाट ११९.७७ प्रतिशत वृद्धि गरी ६ अर्ब ७१ करोड ३४ लाख पुऱ्याइयो। पाँच वर्षअघिसम्म सवारीसाधनका निम्ति १ अर्ब १७ करोड खर्च हुन्थ्यो, पाँच वर्षको अन्तरालमा ६ गुणाले बढ्नु आश्चर्यजनक देखिन्छ। त्यस अतिरिक्त निर्वाचन प्रयोजन र आफ्ना परियोजनाका निम्ति दाताहरूले ठूलै परिमाणमा गाडी उपलब्ध गराएका छन्। उतिबेला घर आउँदा-जाँदा र निजी काममा मित्रराष्ट्रबाट प्राप्त गाडी दुरुपयोग गरेको उल्लेख हुन्थ्यो। अचेल त यस्ता विषय उठाइएकै पाइँदैन। संसद सचिवालयले संसद्का पूर्वपदाधिकारीलाई कानुन विपरीत सुविधा उपलब्ध गराएको उल्लेख भए पनि तिनीहरू को-को हुन्, नाम छैन। महालेखा प्रतिवेदनपछि सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीशहरूका गाडी फिर्ता भए।

गाडी खरिद साधारणतिर होइन, विकास खर्चको शीर्षकभित्र पर्छ। विकास पुँजीको तथ्यांक केलाउने हो भने गाडी, ल्यापटपलगायत खरिदका काम छिटो भएको र खास पूर्वाधार विकासमा पुँजी खर्चको दर निकै कम भएको स्पष्ट हुन्छ। शासकीय वृत्तका पात्रहरूको 'मनोरञ्जन' खर्च पनि अत्यासलाग्दो हुँदै गएको छ। बजेट छुट्याएको रकममा यस्तो खर्च ५ सय ९६ प्रतिशतले वृद्धि भएको अचम्मको तथ्यांक महालेखा परीक्षकको छ। मनोरञ्जन, चियापान, भोज, अतिथि सत्कार र कार्यालय सुरक्षा निम्ति 'विविध खर्च' शीर्षकबाट खर्च हुन्छ। गएको वर्ष त्यसका निम्ति १ अर्ब १६ करोड बजेट राखिएको थियो। रकमान्तर गरी त्यो शीर्षकबाट ६ अर्ब ९४ करोड खर्च हुन पुग्यो।

त्यसो त पहिले पनि शासकहरू अनेक बहानामा सरकारी रकम हिनामिना गर्थे। पहिलो प्रतिवेदनमा उल्लिखित शब्द हुन्, 'मन्त्रीहरू भ्रमण गर्नुहुँदा चाडबाडमा आफ्नो घरमा विश्राम गर्नुभएको दिनमा पनि दैनिक भत्ता लिएको देखियो। मन्त्रीहरू भ्रमणमा जाँदाको अवसरमा सवारी सुविधा पाएको हुँदाहुँदै त्यही बेलाको काठमाडौँ उपत्यकाका निम्ति ठेकिएको पेट्रोल पनि लिएको पाइयो।' यी केही उदाहरणले पनि हाम्रो आर्थिक प्रशासन जटिल हुँदै गएको र गम्भीरता प्रदर्शन गर्ने निकाय र शैली नभएको देखाउँछ। फरक यत्ति हो, उतिबेला बेरुजु धन लाखमा हुन्थ्यो, यतिखेर खर्बमा पुगेको छ।

यति मात्र हो कारबाही ?

यसपालि ५ खर्ब ८ अर्ब बेरुजु सार्वजनिक भएको केही दिनपछि महालेखा परीक्षक टंकमणि शर्मा भन्दै थिए, "मैले यसपालि बेरुजु गर्ने सचिवहरूकै नाम अनुसूचीमा राखेको छु।" हुन पनि प्रतिवेदनमा ५० सचिवको नाम दर्ज छ, हाजिर भएका आधारमा। तर, कुनै पनि सचिवले एउटै निकायमा लगातार एक वर्ष काम गर्न पाएको देखिँदैन। त्यही सूचीमा कुनै सचिव त एक वर्षमै चारपटकसमेत सरुवा भएका छन्।

वर्तमान दुई तिहाइ बहुमतवाला सरकारको प्रारम्भिक काम पनि ३० सचिव हेरफेर रह्यो। मन्त्रालयको वस्तुस्थिति भेउ नपाउँदै सचिव सरुवा हुन पुग्छन् अनि तिनले कसरी हेरून्- बेरुजु अंक। सरकारी निकायमा हिसाब-किताब र खर्चको प्रमुख जिम्मेवार सचिव मानिन्छन्। महालेखा परीक्षक शर्माले कुन रकम बेरुजु हुँदा को सचिव थियो भन्ने देखाउन नाम अनुसूचीमा दर्ज गरेका हुन्। धेरैजसो सचिवको एकैखाले अभिव्यक्ति हुन्छ, 'बुझ्नै नपाई सरुवा हुन्छ अनि कसरी काम गर्ने ?'

महालेखा परीक्षकको पहिलो प्रतिवेदनमै सचिवहरूविरुद्ध निकै कडा भाषा प्रयोग गरिएको थियो। जसमा मुख्य 'एकाउन्टिङ अफिसर मानिएका सरकारका सचिवहरूले अनियमितता मौकैमा पत्ता लगाई आवश्यक कारबाही नभई लाखौं रुपियाँका जिन्सी माल-सामान हिफाजतसाथ राख्न नसकेको' उल्लेख छ। सँगै लेखिएको छ, 'अनियमिततामा स्पष्टीकरण माग्दा र तत्काले कारबाही गर्न पठाउँदा कसैले निच मारी बस्ने, कसैले अधकल्चो जवाफ पठाउने गरिन्छ।'

राष्ट्रिय धन बर्बाद गर्नेलाई कारबाही नचलाइएकोप्रति ०२१ मा महालेखाले गम्भीर चिन्ता व्यक्त गर्‍यो। अनि भन्यो, 'देखा-जाएगा भनी राष्ट्रिय धनमा खेलवाड गर्ने मनोवृत्तिले प्रोत्साहन पाई आर्थिक नियन्त्रण सुदृढ पार्न मुस्किल हुन जान्छ।' प्रारम्भमा कडा खालका महालेखा परीक्षक थिए, चन्द्रबहादुर थापा। उनी बेरुजुकर्तालाई प्रहरी लगाएर भए पनि सजाय दिलाउन बाँकी राख्दैनथे। उनले आफूलाई राष्ट्रिय धन सुरक्षा गर्ने प्रहरी भएको शब्दावलीसमेत प्रतिवेदनमा लिपिबद्ध गरेका छन्। कर्मचारीमाथि तत्काले कारबाही सिफारिस गर्थे उनी।

यसले प्रारम्भकालदेखि नै सचिवहरूको क्रियाकलाप ठीक थिएन भन्ने देखाउँछ। अचेल बेरुजुलाई भ्रष्टाचारसँग सोझै जोडेको पाइँदैन। उतिबेला भ्रष्टाचारको सिङ-जुरो आर्थिक व्यवहारको लेखा श्रेस्तामा विधिवत् नचढाइराख्नु हो भन्ने उल्लेख गरेको देखिन्छ। महालेखा परीक्षक अर्थ मन्त्रालयसँग खनिने क्रम पनि यथावत् छ। खासमा महालेखा परीक्षकले 'राष्ट्र धनको चन्जा-पन्जा मिलाउन अर्थ मन्त्रालय आदर्श बन्नुपर्ने' ठान्छ। यसपालि अर्थ मन्त्रालय १७ प्रतिशत बेरुजु बोक्नेमा पर्छ, पहिलो नम्बरमा विकास-निर्माणसँग सम्बन्धित भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय पर्छ, जसको बेरुजु २२ प्रतिशत छ।

बेरुजु र लेखा समिति

महालेखा प्रतिवेदनमा दर्ज बेरुजु अंकमाथि थप छलफल चलाउँदै निष्कर्ष दिने काम लेखा समितिको हो। ०२० मा राष्ट्रिय पञ्चायत गठनसँगै बेरुजु रकम तह लगाउन लेखा समिति बन्यो। तर, पञ्चायतकालभरि समितिका बैठक खुला थिएनन्। बन्द समितिभित्रका सवाल कहिलेकाहीँ चुहिएर आउँथे। समिति मात्र होइन, ०३८ सम्म त प्रेसका निम्ति राष्ट्रिय पञ्चायतको बैठकसमेत खुला थिएन। औपचारिक रूपमा ०५२ फागुनपछि मात्र प्रेसलाई लेखा समितिको बैठक खुला भएको हो। त्यसपछि लेखा समितिमा महालेखा प्रतिवेदनभित्र उल्लिखित विकृति-विसंगतिहरू ह्वात्तै सार्वजनिक बहसमा आएका हुन्।

लेखा समितिले १९ चैत ०५२ मा सरकारका भएभरका सचिवहरूलाई बैठकमा उपस्थित गरायो। समितिले 'जसरी पनि असूल गर्नु' आदेश दियो, जतिबेला बेरुजु रकम २१ अर्ब ३५ करोड थियो। त्यसपछि बेरुजुमा लेखा समितिले चिन्ता जाहेर मात्र गरेन, पटक-पटक सचिवहरूलाई स्पष्टीकरण लिने नियमित प्रक्रिया बसालेको थियो। समितिको अन्तिम निष्कर्ष हुन्थ्यो, 'बेरुजु फर्स्योट गर्न सचिवहरू संवेदनशील देखिएनन्।'

लेखा समितिले स्पष्टीकरण सोध्ने प्रक्रिया नियमित गरिरहेपछि कतिपय सचिवहरूको स्वाभाविक 'प्रेसर' बढ्यो। अझ केही त समितिलाई जवाफ दिनु नपर्ने कानुनी राय खोज्दै महान्यायाधिवक्ता कार्यालयसमेत धाए। समितिबाट उम्किन कतिपय सचिवहरू 'विशेष कार्यदल' बनाई बेरुजु शून्यमा झार्ने कथा सुनाउँथे। बाठा सचिवहरूबाट जवाफ आउँथ्यो, 'यही आर्थिक वर्षभित्र अभियानका रूपमा असुल गर्नेछौं।' कोही 'कटिबद्ध' भएको त केही 'प्रतिबद्ध' रहेको जवाफसहित समितिबाट उम्किन्थे। केही मात्र वास्तविकता ओकल्थे, 'बेरुजुका तीसौं वर्ष पुराना फाइल हराइसके। खाने बेलामा क-कसले खायो ? हामी बलिका बोका बन्ने ? कागजात नै अब हामीले कसको गर्धन च्याप्ने ?'

> **हिजोका सेवक आज भवदीयमा परिणत भए पनि महालेखा प्रतिवेदनले राष्ट्रिय ढुकुटीमाथि लुटको शृंखला अझ भयावह हुँदै गएको देखाउँछ।**

त्यतिबेला स्थानीय विकास सचिव पदमकुमार आचार्यले 'विवशता' प्रस्तुत गरेका थिए। उनले पुराना पेस्की असुल गर्न पञ्चहरू खोज्दै ७५ जिल्ला हिँडेको कथा सुनाएका थिए, "हजुर ! पञ्चहरू नै भेटिएनन्, अनि कहाँबाट असूल हुनू ? म हायल-कायल भइसकें। कसैले ६ महिनाभित्र पेस्की असुल गरेर देखाउन सक्छ भने म राजीनामा दिन तयार छु।"

केही वर्षयता लेखा समिति सुस्त छ। कतिपय बेला त महालेखा परीक्षक स्वयं लेखा समितिलाई 'आद्योपान्त अध्ययन गरी अप्रिय कुराको पुनरावृत्ति हुन जाँदैन कि भन्ने अनुरोध' गर्थे। यही क्रममा ०२१ ताका त महालेखा र लेखा समिति पत्राचार-युद्धमा उत्रिए। 'अशोभनीय कुरा' उठाउने भन्दै लेखा समितिले आइन्दा भएमा आफूले कदम चाल्न बाध्य हुने चेतावनी दियो। त्यति मात्र होइन सचिव र महालेखा परीक्षकबीच 'आरोप-प्रत्यारोप' चलिरहन्थ्यो। प्रतिवेदन अध्ययन गर्दै जाँदा तत्कालीन महालेखा परीक्षकको चरित्र हनन् हुने गरी सरकारी अधिकारीले वाच्य अभिव्यक्ति दिएको समेत भेटियो। महालेखा परीक्षकबाट 'मौकैमा घोर विरोध भएको' उल्लेख भएको पाइयो। संसदीय कालखण्डमा भने महालेखा परीक्षक र लेखा समिति 'अभिन्न-अंग' भएको अनुभूति गराउँथे, पञ्चायतकालमा जसरी उनीहरूबीच झगडा भएको सुनिएन। तर, अब विगतमा जसरी महालेखाको बेरुजु असुल्न लेखा समिति पनि सक्रिय हुनु जरुरी छ, शासकीय वृत्तका अराजक पात्रहरूलाई कस्नका निम्ति। ◆

चहक हराएको सहर

जनयुद्ध, मधेस आन्दोलन र सशस्त्र समूहको गतिविधिको मार बेहोर्दै जनकपुर

अजित तिवारी/जनकपुर

विस २०३४ तिर । अर्थशास्त्री भोगेन्द्र झा र सुरेन्द्र लाभ मद्रासको एकविश्वविद्यालय पुगेका थिए । जनकपुरबाट आएको भनेपछि एक जना उनीहरूलाई धकेल्दै अगाडि आए । झा त्यतिबेलाको घटना सुनाउँछन्, "धक्का दिएपछि रिस पनि उठ्यो तर ती मानिसले हामी उभिएको ठाउँबाट माटो उठाए र ढोगे।" मुम्बई युनिभर्सिटीका ती अर्थशास्त्री विभाग प्रमुखको यस्तो व्यवहारले जनकपुरप्रतिको उनको आस्था झल्किन्थ्यो ।

धार्मिक एवं ऐतिहासिक सहर जनकपुरको आस्था र विश्वासको संसारभर महत्त्व छ । तर, त्यही सहर फोहोर, दुर्गन्धित, अव्यवस्थित बसोबास, सार्वजनिक तथा गुठीको जग्गा अतिक्रमण र पोखरी–तलाउ पुरेर निजी घर बनाउने क्रमले कुरूप र साँघुरो बनेको छ ।

क्षेत्रफलमा नेपालकै सबैभन्दा ठूलो मन्दिर र हिन्दुको पवित्र धर्मस्थल जानकी मन्दिरकै कारण जनकपुरले सहरिया स्वरूप लियो । प्राध्यापक सुरेन्द्र लाभका अनुसार जानकी मन्दिरको निर्माणपछि धार्मिक नगरीमा एउटा घरको चाहना राख्नेको संख्या बढ्यो । अनि, खुले स्कुल–कलेज। थपिए– सरकारी कार्यालय। साधु–सन्तको सानो बस्ती बाक्लिँदै जनकपुर सहर बन्यो ।

जानकी मन्दिरका कारण जनकपुरले सहरी रूप लिए पनि यसलाई विस्तार गर्ने काम गर्‍यो, रेल्वे र चुरोट कारखानाले। प्राध्यापक झाका अनुसार जानकी मन्दिर धार्मिक गन्तव्य बने पनि समाज र विश्वसँग रेल्वे र चुरोट कारखानाले जनकपुरलाई जोड्यो । "रेल्वेले जनकपुरलाई भारतसँग जोड्यो, चुरोट कारखानाले रोजगार दिँदा देशभरका मानिस यहाँ थुप्रिए," झा सुनाउँछन् ।

जानकी मन्दिर, रेल्वे र जनकपुर चुरोट कारखानाले विकसित बनेको जनकपुर सहरका यी तीनवटै कडी अहिले कमजोर बनेका छन् । जानकी र राम मन्दिरकै गुठीको जग्गामा बसालिएको जनकपुर सहरमा मठ–मन्दिरको जग्गा अतिक्रमण बढेको छ । जानकी मन्दिर बनेपछि त्यसलाई बीचमा राखेर चारैतिर जनकपुरमा बस्ती विस्तार भयो। अहिले जानकी मन्दिरले मात्रै जनकपुरको वैभव धानेको छ ।

"जानकी मन्दिर मात्रै देखाएर जनकपुरको वैभव र सहरीकरण टिकाउन सकिन्न," राजनीतिकर्मी रोशन जनकपुरी भन्छन्, "सहरलाई बाँध्ने एउटा कडी मात्रै हो, धार्मिक स्थल । त्यसैमा मात्र निर्भर हुँदा सहर एकलकाँटे हुन्छ ।" उनका अनुसार जनकपुरलाई विकसित र विशाल बनाउन ऐतिहासिक र धार्मिक पाटोसँगै व्यापारिक र सबैले रुचाउने समाजको विकास जरुरी छ । जानकी मन्दिरमा धार्मिक पर्यटक बढे पनि त्यसलाई व्यवस्थित गर्न सकिएको छैन । मठ–मन्दिर र पोखरीको जग्गा च्यापेर घर बनाउने प्रवृत्तिले सहरको साख गिराएको छ। "भोटको राजनीति र सरकारी निकायको कमजोर उपस्थितिले जनकपुरको अतिक्रमण रोकिएन," प्राध्यापक लाभ भन्छन्, "त्यसले पनि जनकपुरमा सम्बन्धको डोरी टुट्यो ।"

संसारभर जनकपुरको गरिमा बढाएको

तस्बिर : रवि मानन्धर

जानकी मन्दिर र यहाँका अन्य मठ–मन्दिरको संरक्षण र सौन्दर्यकरण आवश्यक रहेको प्राध्यापक झाको बुझाइ छ । बृहत् विष्णु पुराणको मिथिला महात्म्यमा पनि जनकपुरका मठ–मन्दिर र तलाउको चर्चा गरिएको छ । "यतिविघ्न महत्त्व बोकेको सहर धार्मिक र सामाजिक हिसाबले पछि परेको छ," सुन्दर सदन अग्निकुण्डका महन्थ नवलकिशोर यादव दुखेसो पोख्छन्, "फोहोर बढेको छ। मन्दिरको स्वरूप बिग्रेको छ । मूर्ति र जग्गा बेचेर गुठी संस्थानका हाकिम–कर्मचारी कमाउन मात्र आए ।"

फेरि रेलमार्ग

जनकपुर सहरलाई रेल्वेले पनि चलायमान बनाएको हो । भारतको तत्कालीन ब्रिटिस कम्पनीले सन् १९२७ मा जयनगरदेखि जनकपुर हुँदै महोत्तरीको बिजलपुरा जंगलसम्म रेलमार्ग ओछ्यायो । भारतमा रेल्वेको ठूलो सन्जाल बनाउन स्लिपरका लागि सखुवाको काठ ब्रिटिस कम्पनीलाई चाहिएको थियो । नेपालको काठ ओसार्ने स्वार्थमा कुदाइएको रेलले जनकपुरलाई भारतसँग जोड्यो ।

जानकी मन्दिर हेर्न र पूजापाठ गर्न त्यही रेलमार्गबाट ठूलो संख्यामा भारतीय जनकपुर आउन थाले । डिजेल इन्जिनबाट चल्ने ५२ किलोमिटरको न्यारोगेजको रेलमार्ग खर्चिलो भएपछि बन्द भयो। भारत सरकारकै सहयोगमा जयनगरदेखि बर्दिवाससम्म ब्रोडगेज रेल्वे लाइन बिछ्याउन फेरि थालिएको छ ।

जयनगर–जनकपुर–बर्दिवास ६९ किलोमिटर रेलमार्गको दुई खण्डको काम ८० प्रतिशत सकिएको छ । भारतीय रेल्वेको ठूलो जक्सन जयनगरसँग जोड्न नेपालमा निर्माण भइरहेको ६९ किलोमिटर रेलमार्ग अन्तर्गत ५२ किलोमिटरमा स्लिपर र ट्र्याक बिछ्याइँदै छ। "रेलमार्गले जनकपुरलाई भारतसँग जोडेको थियो," प्राध्यापक लाभ भन्छन्, "जनकपुरको आर्थिक विकासमा रेलमार्गको ठूलो हिस्सा थियो ।" जनकपुरमा मात्रै रहेको रेल सेवा, धार्मिक स्थल जानकी मन्दिर र विमानस्थलमा जहाज उडेको हेर्न आउनेको संख्या बढ्दो थियो।

जचुकालिको नियति

२९ पुस ०२१ देखि व्यावसायिक उत्पादन थालेको जनकपुर चुरोट कारखाना लिमिटेड (जचुकालि)को स्थापनाले पनि जनकपुर सहरलाई फराकिलो बनायो । तत्कालीन सोभियत संघको सहयोगमा स्थापना भएको जचुकालि दुई दशकअघिसम्म मुलुकलाई सबैभन्दा बढी राजस्व तिर्ने उद्योग थियो ।

कारखानामा काम गर्ने देशभरका धेरै कर्मचारीले जनकपुरमा बसोवासका लागि घर बनाए । जचुकालिले जनकपुरको आर्थिक अवस्थामा सुधार ल्यायो । "जनकपुरको विस्तारमा जचुकालिको पनि ठूलो भूमिका छ," झा भन्छन्, "जनकपुरमा ट्रेडिङ, प्रचेजिङ र हाउजिङ बढ्नुको कारण जचुकालि नै हो ।" उनका अनुसार जनकपुर सहरमा बिजुलीको प्रबन्ध पनि जचुकालिबाटै भएको हो ।

निजी कम्पनी सूर्य टोबाकोसँग प्रतिस्पर्धा गर्न नसक्नु, राजनीतिक हस्तक्षेप र ट्रेड युनियनमा बढ्दो राजनीतीकरणले जचुकालि धराशयी बन्यो । अन्ततः उत्पादन महँगो हुन थालेपछि सरकारले २० असार ०७० मा जचुकालि बन्द गर्ने निर्णय गर्‍यो । माओवादी जनयुद्ध, मधेस आन्दोलन र सशस्त्र समूहको गतिविधिका कारण बाँकी रहेका पहाडी समुदाय जनकपुरबाट पलायन भए ।

जचुकालिको आवास परिसरमा प्रदेश सरकारको प्रशासनिक कार्यालय स्थापनापछि रौनक थपिए पनि कारखानाभित्रका उपकरण र मेसिन कबाडी बन्दै छन् । कारखानालाई चुरोट उत्पादनकै लागि फेरि सञ्चालनमा ल्याउने 'राजनीतिक गफ'मा भने दम छैन । कारखाना सञ्चालनलाई प्राथमिकतामा राखेको प्रदेश सरकारले उसकै परिसरमा प्रशासनिक र आवास क्षेत्र बनाएको छ । "जचुकालिको परिसरलाई उद्योगकै रूपमा विकास गर्नुपर्छ," प्राध्यापक झाको सुझाव छ, "परिसरमा प्रादेशिक कार्यालय राख्दा अन्याय हुन्छ। कृषिमा आधारित उद्योग खोलेर जनकपुर सहरलाई औद्योगिक वातावरणमा ढाल्नुपर्छ ।"

विकासको आधार धार्मिक पर्यटन

अग्निकुण्डका महन्थ यादवका अनुसार यातायातको पूर्वाधार बनेपछि जनकपुर सहरलाई विकसित र सुन्दर बनाउन धार्मिक नगरी नै बनाउनुपर्छ । "मठ–मन्दिरको साजसज्जा, कुण्ड–तलाउ संरक्षण र सौन्दर्यकरण तथा जनकपुरलाई मासु–मदिरा निषेधित क्षेत्र बनाएर धार्मिक सहरका लागि हुनुपर्ने सबै मान्यता कायम गरिए विश्वभरका पर्यटक यहाँ तान्न सकिन्छ," महन्थ यादव भन्छन् ।

यहाँ हुने ठूला धार्मिक उत्सव विवाह पञ्चमी, राम नवमी, मिथिला माध्यमिकी परिक्रमा, झुला महोत्सवलाई मात्रै व्यवस्थित गरिए जनकपुरमा थाम्नै नसक्ने पर्यटकको चाप बढ्छ । "यति धेरै पोखरी भएको जनकपुर नै संसारको पहिलो सहर हो," प्राध्यापक लाभ भन्छन्, "जनकपुरलाई 'सिटी अफ पोन्ड' बनाउन सकिन्छ ।" उनका अनुसार पोखरीमा पानीको फोहोरा, डिलमा वृक्षारोपण र शान्तिवाटिका बनाउँदा जानकी मन्दिर दर्शन गर्न आउने पर्यटकलाई जनकपुरमा रोक्न सकिन्छ ।

प्रादेशिक राजधानी बनेपछि जनकपुरप्रति अपनत्व बढ्ने गतिविधि हुनुपर्ने उनको तर्क छ । जनयुद्ध, मधेस आन्दोलन र सशस्त्र समूहको गतिविधिले मानिसको पलायन बढ्दा जनकपुरप्रति जुन लगाव थियो, त्यो भंग भएको बताउँदै प्राध्यापक लाभ भन्छन्, "प्रादेशिक सरकारले जनकपुर मेरो पनि सहर हो भन्ने भावना देशभर फिँजाउन सक्नुपर्छ ।" ◆

पाइला–पाइलामा

ठगी

उद्योगी–व्यवसायीले नै उत्पादनको गुणस्तर र मूल्य तोक्दा उपभोक्ता मारमा

■ माधव बस्नेत

- खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले ३० फागुन ०७४ मा दुग्ध विकास संस्थान, लैनचौरबाट उत्पादित दूध तथा दुग्ध पदार्थ परीक्षणका लागि संकलन गऱ्यो । परीक्षणका क्रममा ती पदार्थ दूषित पाइए । दूषित खाद्यवस्तु उत्पादन तथा बिक्री-वितरण गरेको कसुरमा विभागले खाद्य ऐन, २०२३ अनुसार संस्थानविरूद्ध काठमाडौं जिल्ला प्रशासन कार्यालयमा मुद्दा दायर गरेको छ ।
- नेपाल टेलिकमका उपभोक्ता अपिल त्रिपाठीले २५ माघ ०७४ मा ल्यान्डलाइन फोन लिन टेलिकमको पोखरा कार्यालयमा निवेदन दिए । निवेदनसँगै उनले फोन जोड्न लाग्ने दस्तुरसमेत बुझाए । तीन दिनभित्र फोन जोडिसक्ने बताइए पनि एक महिनापछि मात्र फोन जोडियो । तर, आवाज कम सुनिने, झिरझिर आवाज आउने भयो । यस्तो समस्या देखिएपछि त्रिपाठीले टेलिकममा गुनासो गरे । उनको गुनासोको कुनै सुनुवाइ भएन । उल्टै फोन जडानका लागि निवेदन दिएको मितिदेखि नै शुल्क तिर्नुपर्ने उल्लेख गर्दै बिल पठाइयो । त्रिपाठीले उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २२ बमोजिम नेपाल दूरसञ्चार कार्यालय, पोखराले सेवा प्रवाहमा ढिलाइ गरेको र गुणस्तरीय सेवा प्रदान नगरेको भन्दै जिल्ला क्षतिपूर्ति समिति कास्कीमा एक लाख रूपियाँ क्षतिपूर्ति मागदाबीसहितको उजुरी गरे । ६ वैशाखमा जिल्ला क्षतिपूर्ति समितिले नेपाल दूरसञ्चार कार्यालय पोखरालाई पाँच हजार रूपियाँ क्षतिपूर्ति तिराउने फैसला सुनायो ।

दूषित दुग्ध पदार्थ बिक्री-वितरण गर्ने दुग्ध विकास संस्थान र उपभोक्तालाई सेवा प्रवाहमा विलम्ब र गुणस्तरहीन सेवा दिने दूरसञ्चार कार्यालय पोखरा दुवै सरकारी स्वामित्वका निकाय हुन् ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले मात्र पछिल्लो चार महिनामा न्यूनस्तर, मिसावट तथा दूषित खाद्यवस्तु उत्पादन तथा बिक्री-वितरण गरेको कसुरमा ४६ वटा मुद्दा दायर गरेको छ, जसमा सबैभन्दा बढी प्रशोधित पिउनेपानी अनि तेल तथा तेलजन्य, खाद्यान्न, दलहन र त्यसबाट बनेका खाद्यपदार्थ, दूध तथा दुग्ध पदार्थ, फलफूल, ग्यासलगायत छन् । उल्लिखित मुद्दाले पुष्टि गर्छन्, दैनिक उपभोग्य सामग्रीमा उपभोक्ताहरू पाइला-पाइलामा ठगिइरहेका छन् । खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका वरिष्ठ खाद्य अनुसन्धान अधिकृत तथा प्रवक्ता पूर्णचन्द्र वस्ती गुणस्तरहीन उत्पादन गर्नेलाई कारबाही गरिरहेको बताउँछन् । भन्छन्, “उपभोक्ताले दैनिक उपभोग गर्ने हरेक सामग्रीको जति नमुना संकलन गरेर परीक्षण गरिएको छ, प्रायः गुणस्तरहीन छन् । यसले नै देखाउँछ, उपभोक्ताको हितमा कति ठूलो खेलवाड भएको छ ।”

खाना, नाना र छानालाई आधारभूत आवश्यकता मानिन्छ । यसमा पछिल्लो वर्षमा शिक्षा र स्वास्थ्य पनि थपिएको छ । दैनिक उपभोग्य वस्तु र सेवामा उपभोक्तामाथि पाइला-पाइलामा मानसिक सास्ती र ठगी भइरहेको छ । तर, सरकार भने यी वस्तु र सेवामा निगरानी, नियन्त्रण र हस्तक्षेप गर्न सकिरहेको छैन । वस्तु र सेवा दुवैमा अत्यधिक शोषण रहेको राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जन बताउँछन् । भन्छन्, “राज्यले आम-उपभोक्ताको गुणस्तरीय सेवाका लागि केही गरेकै छैन ।”

सरकारले विभिन्न उद्योगलाई एनजीओका रूपमा दर्ता गर्न दिएर शक्तिशाली बनाएको छ । हुँदाहुँदा उद्योगी-व्यवसायी आफैंले आफ्नो उत्पादनको ‘ग्रेडिङ’ गर्ने र आफैंले मूल्य तोक्ने गरेका छन् । दैनिक जीवनका उपभोग्य सामग्रीको मापदण्ड सरकारले बनाउने/तोक्ने हो । तर, यहाँ त्यसविपरीत भइरहेको उपभोक्ता हित संरक्षण मञ्चका महासचिव बाबुराम हुमागाईं बताउँछन् । भन्छन्, “गुणस्तर र मूल्य तोक्दा सरकारको सहभागिता हुनैपर्छ । त्यसको अभावकै कारण उपभोक्ता ठगिइरहेको र व्यापारी मालामाल भइरहेको अवस्था छ ।”

दैनिक जीवनमा आमउपभोक्ता कतिसम्म मारमा छन्, केही उदाहरण :

घर

चिरिच्याट्ट काठमाडौँ देख्दा धेरैले सपना बुन्छन्, आफ्नै घर बनाउने । तर, घर बनाउँदा-बनाउँदै निर्माण सामग्रीको मूल्य कति बेला बढ्ने हो, कुनै टुंगो छैन । अघिल्लो दिनको रड, सिमेन्ट, बालुवा, गिट्टी, काठ र किलाको मूल्य भोलिपल्ट महँगो भइसक्छ । प्रायः राजधानीका घर बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएर बनेका छन् । ती बैंक र वित्तीय संस्थाले आफूखुसी ब्याजको मात्रा बढाइदिन्छन् । आठ प्रतिशतमा लिएको ब्याज १५ प्रतिशतसम्म पुऱ्याएको भुक्तभोगीहरू नै बताउँछन् ।

इँटा, बालुवा, गिट्टीमा झन् ठूलो ठगी छ । १ सय १० क्युफिट अट्ने गाडीको ढाला माथिबाट काट्ने र तलबाट उठाएर ६५/७० क्युफिट मात्र अट्ने बनाइएको हुन्छ । एक नम्बर इँटा किन्दा दुई नम्बर मिसाउने, दुई नम्बर किन्दा टुक्रा र फुस्रो मिसाउने गरिन्छ । गिटीमा पनि स्याम्पल देखाउँदा कालो ढुंगा देखाइन्छ तर ल्याउँदा कालो चिप्सको टुक्रा मिसाएर ल्याउने गरिन्छ ।

पानी

पानीको कहानी झनै दुःखद छ । उपत्यकामा काठमाडौँ उपत्यका खानेपानी लिमिटेडले दैनिक पानी वितरण गरिरहेको छ । पानीमा कोलिफर्म (दिसामा पाइने ब्याक्टेरिया)को मात्रा बढी पाइएको उपभोक्ता अधिकारकर्मीहरू बताउँछन् ।

सरकारी तवरबाट वितरण गर्ने पानीको हालत त यस्तो छ भने झन् निजी क्षेत्रले नाफाका लागि बेच्ने पानीको गुणस्तर कस्तो होला ? उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष ज्योति बानियाँ भन्छन्, "हामी पानीमा गुणस्तर र मूल्य दुवैमा ठगिँदै आएका छौँ ।" १२ हजार लिटर ट्यांकरको पानीको मूल्य पाँच हजार रुपियाँसम्म लिइरहेका छन् । ट्यांकर खिया लागेर चुहिरहेका छन् । पानीमा आर्सेनिक मिसिएको छ । अलिअलि ब्लिचिङ पाउडर हालेका भरमा पानी पिइरहेका छौँ । पानी उत्पादकले थोक बिक्रेतालाई प्रतिबोतल आठ रुपियाँमा बेच्छन् । तर, उपभोक्ताले भने न्यूनतम २० रुपियाँभन्दा कम मूल्यमा पाउन सम्भव छैन । उत्पादकहरूले २० रुपियाँमा दिने गरेको प्रतिजार उपभोक्ताको घरसम्म पुग्दा ५० देखि ८० रुपियाँसम्म पर्छ ।

साबुनदेखि ब्रससम्म

बजारमा उपलब्ध प्रायः साबुनको मूल्य पनि पसलैपिच्छे फरक-फरक छ । कुनै पसलमा ३० रुपियाँमा पाइने साबुन अर्को पसलमा ३५ र ४० रुपियाँसम्म तिर्नुपर्छ । त्यसको वास्तविक मूल्यबारे सर्वसाधारण अन्योलमै हुन्छन् । प्रायः मन्जन/ब्रस पनि गुणस्तरहीन नै छन् । मन्जनमा दाँतको फोहोर नफाल्ने, मुखको गन्ध नहट्ने समस्या छ । बिस्तारै चलाउँदासमेत ब्रसले गिजाबाट रगत निकाल्छ ।

डेरा

डेरावालको पीडा आफ्नै छ । कतिपय घरधनी डेरावालले दिएको भाडाले नै बैंकमा किस्ता तिर्नेदेखि दैनिक गुजारा चलाउने गर्छन् । तर, आफूलाई 'नगद' बुझाएर गुजारा चलाउन सहयोग गर्नेहरूलाई नै दोस्रो दर्जाको नागरिकमा राख्छन् ।

कति स्क्वायर फिट कोठाको कति भाडा लिने कुनै मापदण्ड छैन । डेरा बस्नेबाट घरधनीले मनलागी भाडा असुलिरहेका त छन् नै, भाडा छिटो-छिटो बढाउनेसमेत गरेका छन् । कतिपय घरधनीले डेरावाललाई पानी दिँदैनन् । फोहोर उठाएको पैसा डेरा बस्नेलाई तिराउँछन् । बिजुलीको बिल नेपाल विद्युत् प्राधिकरणले तोकेभन्दा बढी लिन्छन् ।

नुन

नुनमा सोडियम क्लोराइडको मात्रा आवश्यकभन्दा बढी हुँदा केटाकेटीदेखि बूढाबूढीसम्म थाइराइडको सिकार बन्ने क्रम बढिरहेको स्वास्थ्यकर्मीहरू बताउँछन् । स्वास्थ्य मन्त्रालयका अनुसार प्रत्येक नेपालीलाई १५ पीपीएम आयोडिन भए पुग्छ । तर, खाद्य ऐनले आयोडिनको मात्रा ५० पीपीएमभन्दा बढी हुनुपर्छ भनेको छ । अमेरिकामा १० पीपीएम, भारतमा ३० पीपीएमको मापदण्ड तोकिएको छ । नेपालमा भने ऐनले तोकेभन्दा बढी कायम गरेर सर्वसाधारणलाई घात भइरहेको छ । उपत्यकामा एक प्याकेट नुन खुद्रा बिक्रेताले २२ देखि ४० रुपियाँसम्ममा बिक्री गर्छन् ।

दूध

दूधको गुणस्तर, बिक्री र मूल्य तीनवटै पक्षमा बदमासी देखिन्छ। गुणस्तरको कुरा गर्दा 'फ्याट' नपुग्ने, कोलिफर्म (ब्याक्टेरिया) र पाउडरको मात्रा धेरै हुने, फाट्न नदिन सोडा र युरिया मिसाउने, फिज देखाउन डिटर्जेन्ट पाउडर घोल्ने गरिएको उपभोक्ता अधिकारकर्मी प्रेमलाल महर्जन बताउँछन्। भन्छन्, "दूधको ढुवानी अवधि १२ घन्टा कटेपछि रिफ्रेस गर्नुपर्छ। तर, रिफ्रेस नगरी बजारमा पठाइँदा ठूलो मात्रामा गुणस्तर अभाव र अवैध कारोबार छ।"

पास्चराइज गरिएको (प्याकेट) दूधले ३० प्रतिशत मात्र बजार हिस्सा ओगटेको छ। दूधको ७० प्रतिशत बजार भने डेरीले लिएका छन्। ऐनमा दूधमा कोलिफर्मको मात्रा शून्य हुनुपर्ने उल्लेख छ। तर, १५ प्रतिशतभन्दा घटी कुनैमा छैन। गाई-भैंसीबाट दूध बढी निकाल्न अक्सिटोसिन नामक इन्जेक्सन प्रयोग गरिन्छ, जुन मानव शरीरका लागि घातक मानिन्छ।

चिनी

चिनीको खेलमा झन् ठूलो झेल छ। चिनीमा युरिया मल मिसाएको पनि पाइएको छ। खोटाङ सदरमुकाम दिक्तेल बजारमा हालै युरिया मिसाइएको चिनी बरामद भयो। उपत्यकामा पनि त्यस्तो भइरहेको हुन सक्ने खाद्य अधिकारकर्मीहरू बताउँछन्।

उपत्यकाका बजारमा चिनीको मूल्य प्रतिकिलो ७५ देखि ९० रुपियाँसम्म लिइन्छ। भारत-पाकिस्तानबाट ठूलो मात्रामा चिनी आयात भइरहेको छ, अहिले। स्वदेशी चिनीलाई प्रवर्द्धन गर्न ४ वैशाखको मन्त्रिपरिषद् बैठकले चिनी आयातमा ३० प्रतिशत कर लगाउने निर्णय गरेको छ। खरिद गरिएको चिनीबाट उद्योगीले भ्याट छुटका नाममा प्रतिकिलो ५७ रुपियाँसम्म फाइदा लिन्छन्। तर, सर्वसाधारण उपभोक्ता भने मारको मारमै छन्।

विद्यालय शुल्क

स्वास्थ्यजस्तै निजी विद्यालय सबैभन्दा बढी लुटको थलो बनेका छन्। वार्षिक, मासिक शुल्क, स्टेसनरी, खाजा, गाडी भाडा, परीक्षा शुल्कलगायतमा अभिभावकको ढाड सेकिएको छ। यसबाहेक चिडियाखाना, पौडी, वनभोज, घुमघाममा लैजाने भनेर अतिरिक्त रकम लिइन्छ। स्कुल बस उपयोग गरेबापत मोटो रकम असुलिन्छ।

पेट्रोलियम

आईजीपी सर्वेन्द्र खनाल महानगरीय प्रहरी अपराध महाशाखा प्रमुख हुँदा करिब एक दर्जन पेट्रोल/डिजेल पम्पको आपराधिक धन्दा सार्वजनिक गरेका थिए। उनीहरूले मात्रा कम दिने उपकरण प्रयोग गरेर उपभोक्तालाई ठगिरहेको पाइएको थियो, जुन अहिले पनि जारी छ।

ग्यास

ग्यास उत्पादक र बिक्रेता संघले ८४ लाख थान सिलिन्डर बजारमा गइसकेको दाबी गर्दै आएका छन्। ग्यासमा भल्व, हाइड्रोलिक र हाइड्रोस्टेटिक परीक्षण अनिवार्य सर्त हो। सिलिन्डरमा प्रत्येक पटक ग्यास भर्दा हावा 'लिक' हुन्छ कि भनेर हाइड्रोलिक परीक्षण र प्रत्येक वर्ष हाइड्रोस्टेटिक परीक्षण

गर्नुपर्छ। तर, ग्यास उत्पादकले छिट्टै र धेरै नाफा कमाउन त्यस्तो परीक्षण गर्दैनन्। कतिपय ग्यासमा तौलसमेत पूरा हुँदैन।

चामल

नेपाल प्रहरीको रासनका लागि ठेकेदारले आपूर्ति गरेको चामल कम गुणस्तरीय भयो भनेर केही समयअघि बबाल मच्चियो। कानुन कार्यान्वयन गराउने निकायमै गुणस्तरहीन चामल पुग्यो भने सर्वसाधारणको चुलोमा पुग्ने चामलको स्तर कस्तो होला ? उपभोक्ता मूल्यमा कति ठगिएका होलान् ? बयान गरिसाध्य छैन। खाद्य अनुसन्धान अधिकृतका भनाइमा चामलमा तीन समस्या छन्- तौल बढाउन गिलोपना बढी, कनिका-ढुंगा मिसाउने, पोलिसिङ धेरै गर्ने। उपत्यकामा ५०औं थरीका चामल पाइए पनि तिनको 'ग्रेडिङ' भएको छैन।

मनसुली चामललाई रङ लगाएर ब्राउन बनाइएको छ, जुन 'सुगर फ्रि' भनी मधुमेहका बिरामीलाई लक्षित गरी बिक्री गरिन्छ।

तरकारी

बजारमा अत्यधिक विषादी र ठगी केहीमा छ भने त्यो तरकारीमै छ। किसानले एउटा मूल्यमा बेच्छन्, संकलकले अर्को मूल्यमा। थोक बिक्रेताले खुद्रा बिक्रेतालाई आफूले लिएभन्दा बढी मूल्यमा बेच्छन् भने खुद्रा बिक्रेताले स्थान र क्रेताको अनुहार हेरेर आफूखुसी मूल्य लिन्छन्।

किसानले जुन मूल्यमा बिक्री गर्छन्, उत्पादकदेखि उपभोक्तासम्म आइपुग्दा दुई गुणा मात्र मूल्य बढ्नुपर्ने हो। तर, उत्पादकले १० रुपियाँ प्रतिकिलोमा बेचेको तरकारी उपभोक्तासम्म आइपुग्दा ५० रुपियाँभन्दा बढी लिइन्छ। उपभोक्ता अधिकारकर्मी ज्योति बानियाँ भन्छन्, "तरकारीमा विषादीको मात्रा त झन् उच्च छ नै, सरासर ठगीसमेत भइरहेको छ।" सागकै कुरा गर्ने हो भने पकाउन मिल्नेभन्दा नमिल्ने चीज बढी हुन्छ। सागका मुठा ठूला देखाउन बीचमा अखाद्य घाँससमेत मिसाउने गरिएको पाइन्छ।

माछा/मासु

मासुको भण्डारण, सरसफाइ राम्रो छैन। दुर्गन्धित भइसकेको, कुहिसकेको मासुसमेत धुप बालेर गन्ध हटाएर बिक्री गरिन्छ। प्रायः खसी-कुखुराको मासु एउटै अचानो र हतियार प्रयोग गरेर काटिन्छ। अनि, मासुको मूल्यमा समेत एकरूपता छैन। माछालाई ताजा देखाउन अक्सिटोसिन नामक घातक इन्जेक्सन प्रयोग गरिने भुक्तभोगीहरू बताउँछन्।

खाने तेल

भान्सामा दैनिक प्रयोग हुने खाने तेलमा पनि उस्तै झेल छ। १२ वैशाख ०७२ को भूकम्पपछि दुगड समूहले धारा 'ब्रान्ड'को तेल प्रशोधित नगरी बजारमा ल्याएको तथा बढी मूल्य उल्लेख गरेको भन्दै प्रहरीले अवैध कालोबजारी मुद्दा नै दायर गरेको थियो। भर्खरै मात्र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले तेल उत्पादन तथा प्रशोधन उद्योग गुणस्तरहीन तथा दूषित भेटाएपछि सिलबन्दी गरी मुद्दा दायर गरेको छ। बारास्थित कुसुम आयल इन्डस्ट्रिजबाट उत्पादित पामोलिन र सोयाबिन तेलमा न्यून गुणस्तर भेटिएपछि जिल्ला प्रशासन कार्यालयमा मुद्दा दायर गरिएको हो।

त्यस्तै, बाराकै एग्रो प्रोसेसिङको सूर्यमुखी र तोरीको तेल पनि न्यून गुणस्तरको पाइएको महाशाखाका वरिष्ठ खाद्य अधिकृत तथा प्रवक्ता पूर्णचन्द्र वस्ती बताउँछन्। अन्नपूर्ण भेजिटेबल प्रोडक्टको सूर्यमुखी तेल, नन्दन घ्यू एन्ड आयलको वनस्पति घ्यू, हनुमान आधुनिक खाद्य तेल उद्योग, गणपति वनस्पति उद्योगबाट उत्पादित तेलमा पनि न्यून गुणस्तर भेटिएपछि जिल्ला प्रशासन कार्यालय बारामा मुद्दा परेको छ। यसले नै पुष्टि गर्छ, उपभोक्ताको भान्सामा कुन गुणस्तरको तेल प्रयोग भइरहेको छ। मूल्य पनि पर्नेभन्दा दोब्बरसम्म लिइरहेको उपभोक्ता अधिकारकर्मी बताउँछन्।

अस्पताल/औषधि

स्वास्थ्य क्षेत्रमा सरकारको नियमन प्रयास प्रभावकारी बन्न सकेको छैन। चाहे अस्पतालभित्रको नियमित सेवा होस् या औषधिको मूल्य, सर्वसाधारण पीडित हुनुपरेको छ। उत्पादक/व्यवसायीले औषधिको मूल्य आफूखुसी तोकेका छन्। "औषधिको बजारीकरण जसरी भइरहेको छ, त्यो अनैतिक छ," उपभोक्ता हित संरक्षण मञ्चका महासचिव बाबुराम हुमागाईं भन्छन्, "डाक्टरलाई कमिसन दिएर औषधि लेखाइन्छ।" स्रोतहरूका अनुसार केही डाक्टरले औषधि लेखिदिएबापत कम्पनीबाट मासिक तलब पाउँछन्। औषधिको मूल्यमा मनपरी छ। तत्कालीन स्वास्थ्यमन्त्री गगन थापाले औषधिको मूल्य घटाउने प्रयत्न गर्दा धम्की नै खानुपरेको थियो।

यातायात

उच्चस्तरीय वैज्ञानिक भाडादर निर्धारण समिति सदस्य सूर्यराज आचार्यका अनुसार उपत्यकामा दैनिक कम्तीमा १२ लाख यात्रुले सार्वजनिक यातायातमा यात्रा गर्छन्। यातायात व्यवस्था विभागले चार किलोमिटरको भाडा १३ रुपियाँ तोकेको छ, २४ माघ ०७२ देखि। तर, १५ रुपियाँभन्दा कम लिँदैनन्। यसरी एक यात्रु दिनमा कम्तीमा दुईपटक सार्वजनिक सवारीमा यात्रा गर्दा चार रुपियाँ ठगिन्छ। दैनिक कम्तीमा ४८ लाख रुपियाँ ठगी भइरहेको छ, सार्वजनिक यातायातमै।

फलफूल

फलफूलमा पनि आफूखुसी मूल्य निर्धारण छ। बिहान फ्रेस भनेर बढी मूल्य लिइन्छ, दिउँसो ग्राहकको भीड अनुसार र साँझको मूल्य व्यापारीको मुडमा भर पर्छ। फलफूललाई ताजा देखाउन वाक्स, मैनले लेपन गर्ने इथाइल, सेलुलुज, सीएमसी प्रयोग गरिन्छ, जुन मानव शरीरका लागि मन्द-विषसरह हुन्। उदाहरणका लागि, स्याउमा मैन लेपन गरिन्छ। ◆

लुम्बिनी विकास बैंकको

१ वर्ष भन्दा माथी २ वर्ष सम्म

मुद्दती खातामा वार्षिक १२% ब्याज

*शर्तहरु लागू हुनेछन् ।

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

Lumbini Bikas Bank Ltd.
Sunrise Biz Park, 4th Floor, Dilibazar, Kathmandu
Phone: 01-4413525/4422141
Email: info@lumbinibikasbank.com
Web: www.lumbinibikasbank.com

टिप्पणी



॥ ज्योति बानियाँ

चौबीसै घन्टा लुट

अहिले नेपाली बजार वस्तु र सेवाका लागि बजारजस्तो छैन । उपभोक्ता लुट्ने माध्यम बनेको छ भने पनि हुन्छ । कुनै वस्तु र सेवा खरिद गर्न बजार जाँदा त्यस्ता वस्तु र सेवाको वास्तविक मूल्यभन्दा अत्यधिक मूल्य भुक्तान गर्न बाध्य छन्, उपभोक्ता । व्यापारीले अनुहार हेरेर मूल्य निर्धारण गर्छन्, वस्तु र सेवाको सूची पनि हुँदैन । त्यस्ता वस्तु र सेवाको गुणस्तर, नापतौल र भ्रमपूर्ण विज्ञापनमार्फत उपभोक्ता ठगिने शृंखला अत्यधिक छ । अझ पछिल्लो अवधिमा व्यापारीले आफूबाहेक अरूलाई बजार प्रवेशमा निषेध गर्ने सिन्डीकेट प्रथा र आपसी मिलेमतोमा भाउ निर्धारण गरी बजारले आफ्नो भाउ आफैँ निर्धारण गर्ने नाममा आफूखुसी गर्ने प्रचलन झनै बढ्दो छ ।

पुँजीवादी अर्थ व्यवस्थामा वस्तु र सेवाका उद्योगी र व्यापारीबाट आमउपभोक्तालाई सुरक्षित गर्ने, छनोट गर्ने, सूचना पाउने, मर्काविरुद्ध स्वच्छ सुनुवाइ गर्ने, हानिविरुद्ध क्षतिपूर्ति, उपभोक्ता शिक्षा, आधारभूत वस्तु तथा सेवामा पहुँच हुने र स्वच्छ वातावरण पाउने अधिकारको संरक्षण गर्ने आदि-इत्यादिलाई उपभोक्ता अधिकार मानिन्छ । जबसम्म स्वच्छ बजार, असल उद्योगी-व्यापारी हुँदैनन्, तबसम्म उपभोक्ता अधिकार संरक्षण हुनै सक्दैन ।

प्रत्येक उद्योगी-व्यापारीलाई अनुचित व्यापारिक क्रियाकलापमा निरुत्साहित गर्ने, बजारलाई कालोबजारी र माफियाबाट जोगाउने, स्वच्छ व्यापार गर्ने व्यापारीलाई प्रोत्साहन गर्ने र बजारक्षेत्रमा माग पक्ष उपभोक्ता हित संरक्षण गर्ने संघ-संस्थालाई जिम्मेवार बनाउने कार्ययोजनालगायत कुनै पनि कार्यक्रम सरकारसँग भएको पाइँदैन ।

बजारमा उपभोक्ता ठगिएको कुरा सरोकारवाला निकायलाई जानकारी छ । ठगीविरुद्धको कानुन भए पनि सुनुवाइको कार्यान्वयन पक्ष भने शून्यप्रायः छ । उपभोक्ता लुटको विषय सबैतिर गौण छ । नेपालको हरेक वस्तु र सेवाक्षेत्रमा नाफाखोरी, कालोबजारी, माफियागिरी ठूलो धन्दाका रूपमा फस्टाएको छ । यस्तो गलत कामको संरक्षण विशेष गरी वस्तुगत र सेवागत व्यापार प्रदायकका संघ-संस्था र केही राजनीतिक नेताहरूबाट भइरहेको छ । वस्तु र सेवा बजारमा दर्ताबिनै व्यवसाय सञ्चालन गर्ने, आपूर्ति तह थप्ने, सिन्डीकेट गर्ने, भन्सार तथा उद्योग मूल्यभन्दा सयौँ प्रतिशत मूल्य राखी उपभोक्ताबाट असुल्ने, वस्तु र सेवाको गुणस्तर घोषणा नगर्ने, लेबलबिनाका वस्तु बेच्ने, औद्योगिक र उपभोक्तालाई खरिद गर्दाको समय नापतौलमा ठगी गर्ने र भ्रमपूर्ण विज्ञापन आदिबाट व्यापक ठगी भइरहेको छ ।

यस्ता घटनामा कानुनले जिम्मेवारी दिएकामध्ये केही असल अधिकारीहरूलाई व्यापारी र राजनीतिक दलका नेताहरूले प्रभावमा पारेर काममा निरुत्साहित गर्ने र अन्य सरकारी अधिकारी व्यापारीका एजेन्टका रूपमा कार्यालय, विभाग र मन्त्रालयमा कार्यरत रहने गरेका छन् । कानुन कार्यान्वयन त परैको कुरा, इच्छाशक्ति पनि देखिएको छैन ।

उपभोक्ता ठगीविरुद्ध प्रतिवाद गर्ने व्यक्ति र संगठन छैनन् । असल काम गर्नेहरूको संगठन हुँदैन र भए पनि दिगो रहँदैन । जबसम्म उपभोक्ताले प्रतिक्रियासहितको सचेतना व्यवहारमा उतार्दैनन्, तबसम्म ठगीविरुद्ध सुधारका लक्षण देखिने छैनन् । नेपालमा वस्तु र सेवा बजारमा अन्यलाई प्रवेश गर्न नदिने गरी सिन्डीकेट जारी छ । व्यापारीले बजारको तह बढाई कमिसन असुलिरहेका छन्, नापतौलमा ठगी भइरहेको छ, बजार गुणस्तरहीन र भ्रमपूर्ण विज्ञापनले व्याप्त छ ।

यस्ता क्रियाकलाप गर्ने व्यापारी नै व्यापारिक संस्थाको मूल नेतृत्वमा रहेको पाइन्छ । कुनै पनि व्यापारीलाई खरिद मूल्य र बिक्री मूल्य देखाऊ भन्नेबित्तिकै बजार कस्तो रहेछ भन्ने स्पष्ट हुन्छ ।

नेपालको संविधानको धारा ४४ मा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ भने उल्लेख छ । यस्तै, गुणस्तरहीन वस्तु र सेवाबाट कुनै उपभोक्तालाई हानि पुगे क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था उपभोक्ताको मौलिक हकसम्बन्धी धारामा उल्लेख छ । उल्लिखित संवैधानिक हक हालसम्म कागजमा मात्र सीमित छ ।

स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय तहले बजार अनुगमन, उपभोक्ता हित संरक्षण र सचेतना अभिवृद्धिका लागि अधिकारसहितको कानुनी व्यवस्था भए पनि अहिलेसम्म स्थानीय निकायले कार्यान्वयनमा ल्याएका छैनन् । धारा ५१ (घ) (७) मा राज्यको नीति संघीय, प्रदेश, स्थानीय तहबाट स्वच्छ बजारका लागि सक्रिय बजार अनुगमन, उपभोक्ता हित संरक्षणका लागि संरचना र निकाय स्थापना बजारबाट सिन्डीकेट/कार्टेलिङजस्ता गलत व्यापारिक क्रियाकलाप अन्त्य गरिने घोषणा गरिएको छ । तर, घोषणा कार्यान्वयन नहुँदा उपभोक्ता ठगिने क्रम हवात्तै बढ्दो छ ।

> “जबसम्म स्वच्छ बजार, असल उद्योगी-व्यापारी हुँदैनन्, तबसम्म उपभोक्ता अधिकार संरक्षण हुनै सक्दैन ।”

उपभोक्तालाई उद्योगी-व्यापारीले आपूर्ति, मूल्य, गुणस्तर, नापतौल र भ्रमपूर्ण विज्ञापनमार्फत लुट मच्चाइरहेको अहिलेको अवस्थामा त्यसलाई नियन्त्रण गर्नु सरकारको दायित्व पनि हो । त्यसका लागि सरकारले वस्तु र सेवाको परिणामलाई विश्लेषण गर्नुपर्छ । उद्योगी-व्यापारीले जे गरे पनि छुट पाउने प्रावधान हटाउन कानुन बनाएर कडाइसाथ लागू गरिनुपर्छ । बजारमा व्याप्त अनियन्त्रित र असाध्य पुँजीवाद (क्रोनी क्यापटालिज्म) अन्त्य गर्नैपर्छ । बजारमा न्यून बिजकीकरणका नाममा भइरहेको सरकारी कर, वस्तुको वास्तविक मूल्य र समानान्तर अर्थव्यवस्था चलिरहेकाले यस्तो प्रथा अन्त्य गर्नुपर्छ । सिन्डीकेट र कार्टेलिङका नामबाट चलिरहेको उपभोक्ता लुट अन्त्य गर्न सरकारले नै पहल लिनुपर्छ ।

चौबीसै घन्टा लुटमा परिरहेका उपभोक्तालाई त्यसबाट जोगाउनु सरकारको दायित्व हो । त्यसका लागि सरकारले नै उपभोक्तालाई ठगिनबाट जोगाउन सचेतना कार्यक्रम, मूल्य निर्धारणसहितको उपभोग्य वस्तुको मूल्यसूचीजस्ता सघन कार्यक्रम सञ्चालन गर्नुपर्छ । सरकारी निकायको पहलबाट मात्र उपभोक्ता ठगीविरुद्धको कानुनी लडाइँ टुंगोमा पुर्‍याउन सहज हुनेछ । ◆

कार्ड एक, सुविधा अनेक

नेपालमै पहिलो पटक Uno सँगको सहकार्यमा
सिद्धार्थ बैंक प्रस्तुत गर्दछ

Siddhartha Uno Credit Card



१० देखि ४०% सम्मको छुट

३५० भन्दा बढी Uno साझेदार किनमेल केन्द्रहरुमा*

रेष्टुरेन्ट | सपिङ्ग | सिनेमा/क्लब | केबुल कार

स्वास्थ्य | औषधि | रिसोर्ट/होटल | जिम

छुट सम्बन्धी जानकारीका लागि : www.uno.com.np

*शर्तहरु लागु हुनेछ ।

तपाईंले क्रेडिट कार्डबाट: • नेपाल र भारतमा वस्तु तथा सेवाहरु खरीद गर्न प्रयोग गर्न सक्नुहुनेछ । • Card Limit को १०% सम्म नगदै ATM बाट झिक्न सक्नुहुनेछ । • १५-४५ दिनसम्मको बिना ब्याज कर्जा सुविधा पाउनुहुनेछ ।

Siddhartha Bank
Bank for Your Prosperity

Head Office : Hattisar, Kathmandu, Nepal.
P.O. Box: 13806 Tel : 01-4442919/4442920
Fax: 977-1-4442921 SWIFT: SIDDNPKA
E-mail: sbl@siddharthabank.com
Viber : 9851242919 Web: www.siddharthabank.com

राज्य–यन्त्र नै सन्देहको घेरामा

अवैध सुन कारोबारलाई सघाउन राज्यका संयन्त्रहरूकै सिलसिलेवार संलग्नता

मनबहादुर बस्नेत

एक व्यक्ति कोटको भित्री गोजीबाट सामान झिकिरहेका छन् । च्याप गरिएको बिस्कुटजत्रै सामान कसैलाई थमाउँदै छन् । दिनेको अनुहार प्रस्ट खुट्याउन सकिन्छ, लिनेको हुलिया चिनिँदैन ।

२१ माघ ०७३ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (टीआईए) हुँदै बाहिरिएको साढे ३३ किलो अवैध सुन जफतपछि अनुसन्धान गर्दा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले फेला पारेको भिडियोको दृश्य हो, यो । भिडियोमा सामान लिने व्यक्ति नचिनिए पनि दिने परिचित अनुहार थियो- विमानस्थलमा कार्यरत प्रहरी उपरीक्षक (एसपी) विकासराज खनाल । विमानस्थलभित्रैको सीसीटीभीले खिचेको यो दृश्यबारे सीआईबीले थप खोतलेन । खनाल २६ साउन ०७४ मा सरुवा भएर जिल्ला प्रहरी कार्यालय मकवानपुर पुगे । १४ महिनापछि भने उनै खनाल सुन तस्करीमा संलग्न भएको आरोपमा पक्राउ परे, ११ वैशाखमा । तर, भिन्नै घटनामा ।

गत ९ माघमा दुबईबाट गैरकानुनी तवरमा भित्रिएको ३३ किलो सुन विमानस्थल पार गराउन सरुवा भएपछि समेत उनको भूमिका देखिएको हो । तस्करीको सुन हराएपछि गिरोहका एक सदस्य मोरङ, उर्लाबारीका सनम शाक्यको हत्या भयो एक महिनापछि । यही घटनाको जालो केलाउँदै जाँदा प्रहरी, थाई एयरलाइन्सका कर्मचारी पनि जोडिएको देखिए सुन तस्करीको सञ्जालमा । गृह मन्त्रालयका सहसचिव ईश्वरराज पौडेलको संयोजकत्वमा गठित छानबिन समितिले टीआईएका तत्कालीन सुरक्षा प्रमुख, प्रहरी नायव महानिरीक्षक (डीआईजी) गोविन्द निरौलासहित अढाई दर्जनलाई नियन्त्रणमा लिएको छ । निरौला सुनको अवैध कारोबारीलाई सघाएको आरोपमा पक्राउ पर्ने प्रहरीका हालसम्मकै उपल्ला अधिकारी हुन् ।

यो प्रकरणमा डीआईजी निरौलादेखि प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) श्यामबहादुर खत्री, एसपी खनाल र प्रहरी नायव उपरीक्षक (डीएसपी) सञ्जय राउतसम्मको संलग्नता देखिएको छ । अर्थात् विमानस्थल प्रहरीको 'चेन' नै तस्करीमा संलग्न भएको भयावह तस्बिर सतहमा आएको छ । यसअघि सीआईबीले जफत गरेको साढे ३३ किलो सुन प्रकरणमा त प्रहरीसहित भन्सारका कर्मचारीको समेत संलग्नता भेटिएको थियो । सुनको अवैध कारोबारमा संलग्नहरूको लर्को हेर्दा पञ्चायत कालको उत्तरार्द्ध र प्रजातान्त्रिक व्यवस्थाको पूर्वार्द्धमा भएको राज्य-संरक्षित सुन तस्करीलाई सम्झाइदिएको छ, जुन कालखण्डमा दरबार र मन्त्रीस्तरीय व्यक्ति नै सुन तस्करीमा सक्रिय रहन्थे ।

स्थायी आड

राज्य संयन्त्रकै संलग्नतामा सुन तस्करी हुने अढाई दशक पुरानो सिलसिला लोकतान्त्रिक व्यवस्थासम्म आइपुग्दा पनि टुटेको छैन । यसले सुन तस्करी-संयन्त्रको बलको सघनता दर्शाउँछ । हुन पनि यस्ता घटना सार्वजनिक भएपछि गठित प्रायः सबै छानबिन समितिले राज्यका महत्त्वपूर्ण पदमा आसीनहरूको संलग्नताबाटै अवैध धन्दा फस्टाउने उल्लेख गरेको पाइन्छ । तस्कर समूहले राज्यका निकायमा आसीनहरूलाई प्रभावमा पारेर आफ्नो अवैध कारोबार फैलाएको छानबिन प्रतिवेदनहरूबाट देखिएको छ । तर, त्यस्ता व्यक्ति कारबाही त परै जाओस्, अनुसन्धानको दायरामा समेत बिरलै तानिएका छन् । यही कारण अवैध कारोबारलाई सघाउन राज्यका संयन्त्रहरू नै सिलसिलेवार रूपमा लागेका देखिन्छन् ।

यसको बलियो उदाहरण हो, ०५५ मा गठित राजस्व चुहावट छानबिनसम्बन्धी संयुक्त संसदीय समितिको प्रतिवेदन । यो प्रतिवेदनले अर्थ, गृह अन्तर्गत निकायका उच्च व्यक्तिहरूको संलग्नतामा सुन र विदेशी मुद्राको अवैध कारोबार हुने गरेको किटान गरेको थियो । उक्त प्रतिवेदनमा टीआईएमा अवस्थित प्रहरी, भन्सार, विमान कम्पनी, राष्ट्रिय अनुसन्धान विभागका पदाधिकारीले नै यस्ता कारोबारीलाई सहयोग गरेको औँल्याइएको थियो । तल्ला तहका प्रहरी-कर्मचारी कारबाहीमा परे पनि उच्चपदस्थहरू जोगिए । यो प्रतिवेदनले सुन, विदेशी मुद्राको अवैध कार्यमा संलग्न भनेका कतिपय प्रहरी पछि महानिरीक्षक नै बने । राजस्व अनुसन्धान विभागको महानिर्देशक रहँदा यस्ता कार्यलाई सघाएको भनेर निलम्बनमा परेका लोकमानसिंह कार्की पछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त बन्न सफल भए । "यस्ता गतिविधिमा संलग्नहरूको नै फलिफाप भएको देखेपछि सबैले त्यसलाई सिको गर्ने भइहाले," नेपाल प्रहरीका पूर्वडीआईजी हेमन्त मल्ल ठकुरी भन्छन् ।

विमानस्थलबाट हुने अवैध सुन ओसार-पसारबारे ०६९ मा भएको अनुसन्धानले समेत केही व्यक्तिहरूको पहिचान गरेको थियो । १९ असोज ०६९ मा दुबई पठाउन लागेको १ करोड २४ लाख रुपियाँ बराबरको अवैध विदेशी मुद्रा फ्लाई दुबईको जहाजबाटै बरामद भएको थियो । उक्त रकम सुन ल्याउन पठाइएको थियो । स्मरण रहोस्, नेपालबाट विदेशी मुद्रा पठाएर सुन भित्र्याइन्छ । अहिले भने विप्रेषण (रेमिट्यान्स) रकम अवैध सुन कारोबारमा प्रयोग हुन्छ, जसले गर्दा उल्लेख्य मात्रामा विमानस्थलबाट विदेशी मुद्रा जफत हुँदैन । उक्त प्रकरणमा तत्कालीन एसएसपी रविराज श्रेष्ठसहितका प्रहरी अधिकारीको संलग्नता खुलेपछि उनी बर्खास्तीमै परेका थिए ।

यो प्रकरणबारे प्रहरी मुख्यालयले गठन गरेको छानबिन समितिले तस्करीमा संलग्न व्यापारीहरू पहिचान गरेको थियो । मुरारीलाल गोयल (जमालिया), पवन अग्रवाल, विमल पोदार, सत्यनारायण कुकरा (सोनी), घनश्याम

के हो पछिल्लो सुन प्रकरण ?

९ **माघमा** दुबईबाट अवैध ढंगले भित्रिएको सुन गायब भएपछि तस्कर समूहले सनम शाक्यलाई काठमाडौंबाट नियन्त्रणमा लिएर मोरङ पुऱ्यायो। चूडामणि उप्रेती 'गोरे'को सुन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका प्रहरी र थाई एअरवेजका कर्मचारीले पास गरिदिन्थे। एअरवेजका वरिष्ठ प्राविधिक सानु वनसहितको टोलीले अनामनगरस्थित एक घरमा लगेर सुन स्टोर गर्थ्यो। सूचना नचुहिएपछि करेन्ट लगाएर यातना दिँदा शाक्यको १८ फागुनमा मृत्यु भयो। त्यसपछि उप्रेतीले चिनजानका प्रहरीलाई 'केस' मिलाइदिन आग्रह गर्दै फोन गरे। गृहद्वारा गठित छानबिन समितिका एक सदस्यका अनुसार उनले पूर्वडीआईजी गोविन्द निरौला, एसपी विकासराज खनाल, डीएसपी सञ्जय राउत र महानगरीय प्रहरी अपराध महाशाखाका सई बालकृष्ण सञ्जेललाई खबर गरे। त्यसपछि महाशाखाले केस मिलाइदिने भन्दै उप्रेतीलाई पक्राउ गर्ने योजना बनायो र डीएसपी प्रजित केसीको कमान्डमा अपरेसन टिम तयार गऱ्यो। प्रहरी महानिरीक्षक प्रकाश अर्याल बिदामा भएकाले महाशाखा प्रमुख एसएसपी दिवेश लोहनीले एआईजी बमबहादुर भण्डारी (निमित्त प्रमुख)लाई 'डिल'बारे जानकारी गराए। त्यसपछि प्रहरी टोली मोरङ पुग्यो। सम्पर्कमा रहेका उप्रेती एकाएक फोन अफ गरेर बेपत्ता भए। प्रहरीले गाडी चालक टेकराज मल्ल, मोहन काफ्ले र नरेन्द्र कार्कीलाई समात्यो भने सनमको शव भेटायो। महाशाखाको टोलीले काफ्ले र कार्कीले हत्या गरेको निष्कर्ष निकाल्यो तर

गोविन्द निरौला, पक्राउ

श्यामबहादुर खत्री, फरार



चूडामणि उप्रेती, फरार

कुकरा, राजेश अग्रवाल, ज्ञानकुमार श्रेष्ठ हुन्डी, अवैध विदेशी मुद्रा र सुन तस्करीमा संलग्न रहेको भन्दै उक्त समितिले नामै किटेर बृहत् अनुसन्धानको खाँचो औँल्याएको थियो। राज्यका निकायहरूको मिलेमतोमै ठूलो परिमाणमा निरन्तर तस्करी भइरहेकाले थप अनुसन्धानको जिम्मा सीआईबीलाई दिनुपर्ने सुझावसमेत दिएको थियो, 'छानबिनका क्रममा यो अपराध निरन्तर रूपमा भइरहेको, यस्तै अपराधको एउटा कडी मात्र भएकाले यस्ता अपराधका सम्पूर्ण पक्षलाई उजागर गरी संगठित आपराधिक समूहका विभिन्न तह र आवरणमा क्रियाशील व्यक्तिहरूको गहन अनुसन्धानबाट पहिचान र कारबाही गर्ने जिम्मेवारी हेतु यो प्रतिवेदन सीआईबीमा पठाउनु उपयुक्त हुने देखिन्छ।'

तर, अनुसन्धानको उपयुक्त मौका कहिल्यै आएन। प्रतिवेदन प्रहरी मुख्यालयमै थन्कियो। फलतः पुनः अवैध सुन कारोबारीहरू सक्रिय भए। ०७१ मा बैंकिङ प्रणालीबाट भित्रिएको सुन बिक्नै छाडेको थियो। तर, बजार भने सुकेन। बरू उस्तै गुल्जार रह्यो, तस्करी सुनका कारण। तस्करीको सुन सस्तोमा पाएपछि व्यवसायीले त्यही किने। नेपाल राष्ट्र बैंकले सुन आयात गरेर व्यवसायीलाई दिने चलन छ।

त्यसपछि प्रहरीले सावरमल जोधानी, बालकृष्ण अग्रवाल, आकाशकुमार वज्राचार्यको समूह समात्यो। अग्रवाल यसअघि ०६९ को छानबिन समितिले अनुसन्धान गर्नुपर्ने भनेको समूहकै व्यक्ति हुन्, जो चिनियाँ नाकाबाट सुन भित्र्याउँछन्। कोड भाषा आदान-प्रदान भएको र फोनमा कुराकानी भएको आवाजसहित प्रहरीले अनुसन्धान प्रतिवेदन तयार गरेको थियो। तर, यो समूहविरुद्ध सरकारी वकिलको कार्यालयले संगठित अपराधमा मुद्दा नै दर्ता गरेन। १२ वैशाखमा गएको भूकम्प लगत्तै वस्तुनिष्ठ प्रमाणको अभाव भन्दै मिसिल फिर्ता गरिदियो र यो समूह राजस्व अनुसन्धान विभागबाट धरौटीमा रिहा भयो।

सोही समितिले अवैध कारोबारी भनेका पवन अग्रवाल गायब भएको ३३ किलो सुन प्रकरणमा समेत पक्राउ परेका छन्। उनी भदौ ०७३ मा हुन्डी कारोबारीको आरोपमा समेत पक्राउ परेका थिए। यी घटनाले देखाउँछन्, सशंकितहरूलाई अनुसन्धानको दायरामा ल्याउन नसक्दा उनीहरूको मनोबल उच्च भइरहेको छ।

उदेकलाग्दो उन्मुक्ति

सुन तस्करीमा शक्तिशालीहरूको पहुँच हुन्छ भन्ने स्थापित तथ्य हो। राजनीतिक, प्रशासनिक र सुरक्षा निकायका उच्च पदस्थहरूकै आडबिना अवैध सुनको कारोबार अविछिन्न चल्नु असम्भव हुन्छ। राज्यका यी निकायको संलग्नता छिटफुट सार्वजनिक भएका समेत छन्। तस्कर समूहको प्रभाव न्यायिक वृत्तमा समेत पुगेको सुन तस्करीसम्बन्धी मुद्दामा भएका आदेशको अध्ययनबाट सहजै अनुमान लगाउन सकिन्छ। 'इन्कारी बयान दिएको'लाई आधार

उप्रेतीको नाम उल्लेख नै नगरी प्रतिवेदन तयार गऱ्यो। यहीँ गडबडी भएको आशंका गरिएको छ।

सनम हत्या छानबिन गर्न गृह मन्त्रालयद्वारा गठित समितिले सुन तस्करीको डरलाग्दो जालो पत्ता लगाएको छ। निरौला, खनाल र राउतले त्रिभुवन विमानस्थलमा छँदा उप्रेतीका लागि तस्करीको वातावरण सिर्जना गरिदिएको, थाई एअरका कर्मचारीले अनामनगरसम्म सुन पुऱ्याउने जिम्मा लिएको र त्यहाँबाट सनमको टिमले विभिन्न ठाउँमा पुऱ्याउने गरेको थियो। एअरवेजका कर्मचारी, उप्रेतीसँग प्रहरीको सम्पर्क भएको प्रमाण समितिले फेला पारेको छ। उप्रेती दुबई र नेपालमा सुन तस्करीका व्यवस्थापक हुन्।

विकासराज खनाल, पक्राउ

सञ्जय राउत, पक्राउ

मानेर अदालतले आरोपीहरूलाई धरौटीमा छाडेको छ। साढे ३३ किलो सुन तस्करीमा पक्राउ परेका ३३ जनामध्ये १९ जना धरौटीमा छुटे, जसमा मुख्य अभियुक्त भनिएका गुप्तलाल भुसाल, राजप्रसाद पन्थ, राजेन्द्रकुमार शाक्यसमेत छन्। भुसाल र शाक्य जिल्ला अदालत काठमाडौं र पन्थलाई उच्च अदालत पाटनले छाडेको हो।

सीआईबीले नै २२ किलो सुन बरामद गरेको घटनामा संलग्न १२ जनालाई पक्राउ गरेको थियो। यसमा समेत एक जनाबाहेक जम्मै धरौटीमा रिहा भए। यसमध्ये सिन्धुपाल्चोकको भोटेकोसी गाउँपालिका प्रमुख राजकुमार पौडेलसमेत छन्। समूहका सदस्यबीच *वी-च्याट*मा भएको म्यासेज आदान-प्रदान र 'भ्वाइस'लाई प्रमाण मानिएको थियो। तर, जिल्ला अदालत काठमाडौँले उनीहरूलाई कसुर नसकारेको भन्दै छाड्यो।

अदालतले कसुर कबोल नगरेपछि धरौटीमा उम्किएका काठमाडौँको न्युरोडस्थित आरके ज्वेलर्स र दरबारमार्गको आरके डायमण्डका सञ्चालक शाक्य हराएको ३३ किलो सुन प्रकरणमा फेरि पक्राउ परेका छन्। शाक्य तस्करीको सुन भित्र्याउने लगानीकर्ता हुन्। प्रहरी अनुसन्धानसमेत त्रुटिरहित भने छैन। ३३ किलो सुन प्रकरणमा मुख्य अभियोगी चूडामणि



चर्चित सुन काण्ड

०४२ राष्ट्रिय पञ्चायत सदस्य चन्द्रबहादुर बुढा २२ किलो सुनसहित विमानस्थलबाट पक्राउ

०४३ राष्ट्रिय पञ्चायत सदस्य नरबहादुर गुरूङ अवैध सुनसहित विमानस्थलमै पक्राउ

०४४ अधिराजकुमार धीरेन्द्रका अंगरक्षक कर्णेल भरत गुरूङ र आईजीपी डीबी लामा सुन तस्करीको आरोपमा पक्राउ

०६९ एसएसपी रविराज श्रेष्ठ भविष्यमा सरकारी सेवामा अयोग्य हुने गरी निलम्बन

०७० ३५ किलो सुन सीआईबीद्वारा जफत, प्रहरीले मात्र सुराकी-कमिसन लिएको आरोप । सार्वजनिक लेखा समितिको छानबिन

०७४ कात्तिक सिन्धुपाल्चोक, भोटेकोसी गाउँपालिका प्रमुख राजकुमार पौडेल २२ किलो अवैध सुन तस्करीमा संलग्न, अदालतबाट म्याद बुझेर धरौटीमा रिहा

०७४ फागुन तस्करीको सुन गायब बनाएको आरोपमा सनम शाक्यको हत्या

०७५ सुन तस्करी काण्डमा पूर्वडीआईजी गोविन्द निरौला, एसपी विकासराज खनाल र डीएसपी सञ्जय राउत पक्राउ, एसएसपी श्याम खत्री फरार

उप्रेती 'गोरे' ०७३ को साढे ३३ किलो अवैध सुन काण्डमा समेत मुछिएका थिए । तर, उप्रेतीलाई प्रहरीले प्रतिवादी नै बनाएन । नाम पोल्नासाथै प्रतिवादी करार गर्ने प्रहरीले सन्तोष काफ्ले र दिलबन्धु थापाले उप्रेतीको नाम लिँदासमेत आँखा चिम्लियो ।

मौन निकायहरू

सुन तस्करीमा संलग्न मुख्य व्यक्तिहरूको सम्पत्ति छानबिन गर्न प्रहरीले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा फाइल पठाउने गर्छ । तर, अहिलेसम्म विभागले यस्ता कारोबारीको आर्जन खोतल्ने जाँगर चलाएको छैन । शुद्धीकरण विभाग सक्रिय भएमा अदालती आदेशबाट उम्किएकाहरू पनि कारबाहीमा आउन सक्ने सम्भावना रहन्छ । सूचना अधिकारी एवं निर्देशक विनोद लामिछाने गैरकानुनी सुन कारोबार गर्नेहरूको अनुसन्धान भइरहेको बताउँछन् । "सुन तस्करी रोक्ने जिम्मा प्रहरीको मात्रै होइन । उसले चाहेर मात्र पनि सम्भव छैन । राज्यका सबै निकायहरू यसमा उत्तरदायी हुनुपर्छ," सीआईबीका निर्देशक डीआईजी पुष्कर कार्की भन्छन् ।

गैरकानुनी सुन कारोबारको सोझो असर मुलुकको राजस्व आम्दानीमा पर्छ । तर, ठूलो परिमाणमा सुन अवैध बाटोबाट भित्रिएको सार्वजनिक हुँदासमेत राजस्व अनुसन्धान विभागले समेत उस्तै मौनता साँधिरहेको छ । महालेखा परीक्षकको कार्यालयले सुन करोबारका कारण राजस्व प्रभावित बनेको आफ्नो दस्तावेजमै उल्लेख गरेको छ । महालेखाले पहिलो पटक अवैध सुन कारोबारबारे आफ्नो प्रतिवेदनमा औंल्याएको हो । महालेखा परीक्षकको प्रतिवेदन, ०७४ मा बैंकिङ प्रणालीबाट ५.१४ प्रतिशत मात्रै खरिद गरेको उल्लेख छ । झण्डै शतप्रतिशत कारोवार गैरकानुनी बाटोबाट आयातित सुनले धानेको सरकारी दस्तावेजमै अंकित छ । व्यक्तिले खरिद गरेको सुन प्राप्तिको स्रोत सम्बन्धमा नियमन नहुँदा राजस्व गुमिरहेको प्रतिवेदनमा उल्लेख छ । राजस्व कार्यालयले कर परीक्षण गर्दासमेत खरिद सम्बन्धमा कुनै बेहोरा उल्लेख गरेको छैन । यसले सुन तस्करीको घटनासमेत बढेको देखिएको छ । प्रतिवेदनमा भनिएको छ, 'यस प्रकारको सुन बिक्री-वितरणले सुन तस्करीको घटना वृद्धि भएको र गरगहना बिक्री-वितरणमा ज्यालाजर्ती आय नदेखाएको स्थितिले खरिदको वैधता र राजस्वमा परेको प्रभाव सम्बन्धमा सबै करदाताको कारोबारउपर छानबिन गर्नुपर्छ ।'

अवैध सुन कारोबार बृहत् छानबिन र गहन अनुसन्धानमा रुमलिएकै झन्डै डेढ दशक भइसक्यो । तैपनि, अवैध सुन कारोबारको सिलसिला रोकिएको छैन । नियमनकारी संयन्त्रको निश्चित हिस्सा नै यस्तो कार्यमा लागेकाले अवैध आर्जनको यो स्रोत टाल्न नसकिएको हो । १५ वर्षअघि नै संसदीय समितिको प्रतिवेदनले समस्याको जडबारे भनेको थियो, 'सत्तासीन भएपछि यी विकृति (अवैध सुन) निर्मूल गर्नुको बदला त्यही दलदलमा फस्ने गरेको पाइयो ।' राज्यका संयन्त्र नै तस्करीको संयन्त्रसँग मिसिने र त्यसले राजनीतिक संरक्षण पाइरहेसम्म सुन तस्करीको शृंखला नरोकिने निश्चित छ । "अहिलेको प्रकरणमा राम्ररी अनुसन्धान गर्ने हो भने सुन तस्करीविरुद्ध ठूलो सन्देश जानेछ । किनभने, यसमा एक दर्जन अवकाशप्राप्त प्रहरीका उच्च अधिकारी र राजनीतिक व्यक्तित्वसमेत तानिने छाँट छ," समितिका एक सदस्य भन्छन् । त्यस्तो छाँट देखियो । तर आँट ? विगतको नजिर हेर्दा आशालाग्दो जवाफ मिल्दैन । ◆

CENTURY BANK

सेञ्चुरी बैंक

SAVE AND GROW YOUR MONEY

CENTURY PREMIUM SAVINGS

8%* p.a.

Free Demat A/C

Accidental Death Insurance 5,00,000*

Premium Features:

- Minimum Balance: Rs. 1,00,000/-
- Free Debit Card, E-Banking, SMS Banking, ASBA Facility *
- 50% Discount on Locker Facility *

*Conditions Apply

सरल बैंकिङ्ग... सबैको लागि

सेञ्चुरी कमर्सियल बैंक लिमिटेड

प्रधान कार्यालय: पुतलीसडक, काठमाडौं फोन: ४४४५०६२/४४४०४२१

फ्याक्स: ४४४१४२२ ईमेल: welcome@centurybank.com.np वेब: www.centurybank.com.np



भास्कर गौतम

स्थानीय सरकार कि स्थानीय

राणाकालीन निरंकुशता र पञ्चायती एकात्मकताले धेरै गाँजेकाले हुन सक्छ, नेपाली समाजको बहुल चरित्र अहिलेसम्म केन्द्रीकृत शासकीय पद्धतिबाट बाहिर निस्कन सकेको छैन। यसबाट निस्कने अवसरको थालनी २००७ मै प्राप्त थियो । तथापि, ०४६ पछि मात्र नेपालीलाई आफूले चाहेजस्तो शासकीय स्वरूप बनाउने उचित अवसर जुर्‍यो। धेरै किसिमका विभेदले थिचिएको समाजमा चाहेजस्तो सामाजिक न्याय करिब तीन दशकमा हासिल हुने होइन । यद्यपि, नेपाली समाजमा लोकतान्त्रिक पद्धति संस्थागत भइरहेको छ-छैन भनेर बुझ्न यो समयावधि पर्याप्त छ । आमवृत्तमा निहित वैचारिक दरिद्रता, माथिको मुख ताक्ने मनोवृत्ति एवं स्थानीय तहमा हाबी निरीहताले भन्छ, सम्भावनाहरू धेरै छन् तर उत्साहजनक प्रयास थोरै छन् । स्थानीय निकायहरू सयौँको संख्यामा छन्। तर, स्थानीय लोकतन्त्रलाई सबल बनाउने दृष्टान्त खोज्दा पाइने भनेको रचनात्मक तत्परताको खडेरी हो।

संसारका कुनै पनि देशमा सडक, रेल, पानीजहाज, स्वस्थ पिउने पानी वा अन्य कुनै वस्तुले मात्र लोकतन्त्रको आधार तय गर्दैन । तर, नेपालका गाउँबस्ती र सहर-बजारका अगुवासँग भलाकुसारी गरिरहँदा यस्तो लाग्छ, यी वस्तु प्राप्त गर्नेबित्तिकै लोकतन्त्र संस्थागत हुन्छ । लोकतान्त्रिक मूल्य-मान्यता मौलाउँछ अनि नेपाल उच्च श्रेणीको लोकतन्त्रमा उक्लिन्छ।

लोकतन्त्रका अवयव के-के हुन्? यसको सार्वभौम उत्तर छैन । खास किसिमको अर्थ-राजनीतिक व्यवस्थालाई पक्षपोषण गर्ने खालका उत्तर भने उपलब्ध छन् । त्यसैले नेपाली समाजले कस्तो किसिमको लोकतन्त्र चाहेको हो भनेर निरन्तर प्रश्न गरिरहन जरुरी छ। प्रश्न मात्र गरेर पुग्दैन, लोकतन्त्रलाई उन्नत बनाउने विविध चिन्तनलाई अनवरत रूपमा जीवित राखिनुपर्छ। त्यस्तो चिन्तन फरक किसिमका अभ्यासबाट आउने हो। फरक अभ्यासको थालनी अरूले दिएको अधिकारबाट हुने होइन । स्थानीय अगुवाहरूले आफ्नो परिवेश र क्षमताको सही पहिचान गर्न सके त्यस्तो थालनीले ठाउँ बनाउने हो । त्यसबाट रचनात्मक हस्तक्षेप गर्ने आत्मविश्वास पलाउने हो । अनि, त्यस्तो आत्मविश्वासले अधिकारलाई पुन:परिभाषित गर्ने आधार मिल्छ, जसबाट रचनात्मक हस्तक्षेप पुन: मौलाउनेछ । तर, यस्तो आत्मविश्वास फल्न-फुल्न खास किसिमको वातावरण अत्यावश्यक हुन्छ, जहाँ वाक् तथा अभिव्यक्ति स्वतन्त्रता, संगठित हुने र प्रदर्शन गर्ने अधिकार, सार्वजनिक कार्यमा सहभागी हुने छुट, राज्यको बलमिच्याइँ र कुरूप कानुनी प्रशासनविरुद्ध सतर्कता अपनाउने स्थिति सुनिश्चित बनोस्। साथै, व्यक्तिगत आस्था, विश्वास र चेतना उन्नत बनिरहने उचित वातावरण निर्माण गर्न सकियोस्।

नेपालका सहर-बजार वा ग्रामीण भेग घुमिरहँदा विविध प्रयास मौलाइरहेका दृष्टान्तको खडेरी छ। गाँस, बास र कपासको चाहनामा निहित एकरूपता अलि भिन्न शैलीमा सडक, रेल, स्वास्थ्य, शिक्षा, पिउने पानी र सरसफाइको कमी पूर्ति गर्ने मागमा रुमलिएको छ। यी कार्यसँग स्थानीय लोकतन्त्र संस्थागत हुन्छ भनिँदैछ। पर्यावरण, बसोवास र सांस्कृतिक दृष्टिले विविध नेपाली समाजमा सबैतिर यसरी एकरूपता हाबी हुनु स्थानीय लोकतन्त्रका लागि चिन्ताजनक अवस्था हो।



चेक लेखक तथा दार्शनिक इराजिम कोहकले भनेका थिए, 'मानव जीवनको उद्देश्य खेलौनाहरू जम्मा गर्ने होइन, बरू स्वतन्त्रता, न्याय र सामाजिक विश्वास हासिल गर्ने हो भनेर हामीले आत्मसात् गर्‍यौं भने लोकतन्त्रको अर्थ छ । अन्यथा, लोकतन्त्रको अर्थ छैन ।' अर्थात्, विकासे खेलौनाहरूको चाहनामा लोकतन्त्रको अर्थ लुकेको छैन । त्यहाँ त राजनीतिकर्मी र वर्चस्वशाली समूहको वर्गीय उत्थानको निहितार्थ लुकेको छ। त्यसैले जनप्रतिनिधिहरू सत्तामा पुग्नासाथ विकासे खेलौनाहरू जम्मा गर्ने कुरा बढी गर्छन् । तीन वर्षअगाडि तत्कालीन प्रधानमन्त्री केपी ओलीले घर-घरमा पाइप जोडेर ग्यासबाट खाना पकाउने खेलौना खुब बेचे । किन्नेले ग्यासको पाइपसँगै राष्ट्रिय स्वाभिमान बम्पर उपहारमा पाए । उनीहरूले पछि मात्र थाहा पाए, खेलौना त नक्कली रहेछ। अनि, उपहार त झन् मिति गुज्रेको वस्तु परेछ। तर, आफ्ना शासकको जालझेललाई उपभोक्तामुखी जनताले नजरअन्दाज गरे। बजारबाट ठगिँदै आएका जनतालाई यस्तो गर्न गाह्रो भएन। त्यसैले केपी ओलीबाट पुन: ठगिन उनीहरू तयार छन् । अहिले सरकारको नयाँ विकासे खेलौनाको बिक्री उत्कर्षमा छ। उत्तरबाट सुलुलु रेल आउँदै गर्दा दक्षिणबाट हरर पानीजहाज आउँछ । उत्तरका नदीहरूमा बिजुली उत्पादन हुँदै गर्दा दक्षिणमा नहरहरूले बाली उत्पादन गर्छन्। नेपालका सहर-बजार र ग्रामीण भेगका राजनीतिकर्मीलाई यी खेलौना रमणीय मात्र होइन, अर्थपूर्ण लागिरहेछन् । लाग्छ, यिनै खेलौनामार्फत विभिन्न स्थानीय तहमा स्वतन्त्रता, न्याय र सामाजिक विश्वास सिञ्चित हुने हो।

लोकतन्त्र ?

नेपालका गाउँ-सहरमा जति अभाव न्यूनतम बाटाघाटा र त्यससँगै जोडिएको आधारभूत सेवा-सुविधाको हुन्छ, त्यति नै अभाव राजनीतिक परिकल्पना र जीवन्त आमवृत्तको हुन्छ। विकासे खेलौनाको चाहना कृषि, पर्यटन र जलविद्युत्को सम्भाव्य चर्चामा राजनीतिक परिकल्पना अल्झिएको छ । आमवृत्त भविष्यको सम्भावनामा पूर्णतः हराएको छ । सम्भवतः विद्यमान बेथिति, दुर्गति, भ्रष्टाचार आदिले थिचेकाले हुन सक्छ, रचनात्मक अकर्मण्यता सर्वत्र छ। त्यसैले हाम्रा राजनीतिकर्मी र योजनाविद्‌ले आफ्नो सपनालाई आफूले चाहे अनुसार निर्दिष्ट गर्ने अवस्था छैन। तथापि, तीन वर्षदेखि कहलिएका पत्रकार, नेता र विज्ञहरूले क्षेत्र-विशेषको सम्भावनाबारे लेख्दै आएका छन् । ती रचनामा लोकतान्त्रिक पद्धति एवं स्थानीय लोकतन्त्रलाई कसरी उन्नत बनाउने चिन्तन भने शून्यप्रायः देखिन्छ।

कृषिकै कुरा गरौं । केही दशकअघि कृषि जत्तिको उन्नत अवस्थामा थियो, आज त्यस्तो स्थितिमा छैन। कृषिमा एकातर्फ बाटाघाटा, सिँचाइ, आधुनिक बीउ-बिजन र युरियारूपी खेलौनाले बाजी मार्‍यो । उत्पादनले हार्‍यो । उत्पादनले आक्कल-झुक्कल जितेका ठाउँमा समेत फाइनलमा कृषकले हारे । बजारका दलालहरूले जिते । अर्कोतर्फ, शैक्षिक खेलौनाको अनुत्पादक प्रभावबाट कृषकहरू पुस्तान्तर थिचिए। शिक्षाको विस्तारसँगै कृषिको विकास भएन। पहिलो समूहका खेलौनाले हाम्रा परम्परागत बीउ नष्ट गरे। उत्पादनमा ह्रास आयो। दोस्रो समूहको खेलौनाले कृषिजन्य सीपमा वितृष्णा पैदा गर्‍यो । शिक्षितमा अरू देश र समाजको नक्कल गर्ने मनस्थिति हावी भयो। पर्यावरणलाई ध्यान दिँदै समाजलाई उन्नत बनाउने संवेदनशीलता भएका शिक्षितहरू हराउँदै गए। भर्खरै मात्र यो संवेदनशीलता काठमाडौं उपत्यकावरिपरि सल्बलाउन थालेको छ। तर, त्यसमा पनि सम्पदा जोगाउने मध्यमवर्गीय चाहना निर्णायक छ, कृषकको जीवन सुरक्षित र उन्नत बनाउने चर्चा शून्यप्रायः छ।

कृषिमा सम्भावनाको चर्चा गरिरहँदासमेत लगानीकर्ता, बैंकर र बिचौलियालाई फाइदा हुने ठाउँबाट सोचिएको पाइन्छ । यसले कृषकलाई न्याय गर्न सक्दैन । साथै, कृषि-अर्थतन्त्रमा विद्यमान असफलताको सही मूल्यांकन गर्न पनि सक्दैन । यस्तो मूल्यांकन, हिजो कुन-कुन बाली के-कति उत्पादन हुन्थ्यो, आज कति घटे वा बढे भन्नेमा सीमित हुन्छ। अथवा, इलामको अलैंची, धनकुटाको तरकारी, सिन्धुलीको जुनार, मुस्ताङको स्याउ, डोल्पाको यार्सागुम्बा, विभिन्न जिल्लाका अदुवा, तराईको धान, गहुँ आदिबाट कसले कति कमाए वा गुमाए भन्नेमा अलमलिन सक्छ। यस्तो मूल्यांकनको ढाँचाबाट बाहिर निस्कन अत्यावश्यक छ।

नेपालभरि अधिकांश जनप्रतिनिधिलाई अमूर्त राष्ट्रियताको ज्वरोले गहिरोसँग गाँजेको छ । सर्वसाधारणका जीवनमा कुनै तात्त्विक परिवर्तन ल्याउने कार्य नगर्ने हो भने जनप्रतिनिधिलाई यस ज्वरोले झन् च्याप्छ। अनि, उनीहरूले कृषकले चाहेको राष्ट्रियताको भेउ पाउँदैनन्। किसानलाई चाहिएका केही महत्त्वपूर्ण बालीमा राष्ट्रिय संरक्षण हो। व्यापारीले खोजेजस्तो निर्यात गर्ने अवस्थाभन्दा देशभित्रै उत्पादन खपत हुने अवसर हो । यसका लागि नेपालभित्रै प्रचुर मात्रामा खपत हुने कम्तीमा तीनदेखि पाँचवटा बाली पहिचान गरे पुग्छ । त्यस्तो बाली संरक्षण गर्दा निर्यातमा रोक लगाए पुग्छ । त्यसबाट प्राप्त सेवा-सुविधा वर्चस्वशालीको खल्तीमा जाने होइन। मूलतः कृषि व्यवस्थामै फर्कने वातावरण बनाए भयो । त्यस्तो कार्यले अर्थतन्त्रलाई गति दिने मात्र होइन, सामाजिक न्यायको क्षेत्रमा व्यापक फेरबदल ल्याउन सघाउँछ। कृषि व्यवस्था उन्नत बनाउँछ। रोजगारी बढाउँछ। अर्थतन्त्रलाई बलियो बनाउँदै राष्ट्रिय पुँजी निर्माणका लागि आधार तय गर्छ। सबैभन्दा महत्त्वपूर्ण पक्ष सर्वसाधारणको आत्मविश्वासले काँचुली फेर्छ।

राष्ट्रियताको अमूर्त गीत गाउने स्थानीयदेखि केन्द्रसम्मका जनप्रतिनिधिले के मूर्त रूपमा कृषकको रक्षा गर्दै केही बालीलाई राष्ट्रिय संरक्षण प्रदान गर्ने सामर्थ्य राख्छन् ? के विगतका असफल प्रयास र लुटलाई सार्वजनिक गर्ने सामर्थ्य राख्छन् ? घुमाउरो पारामा कर्मचारीतन्त्रले यस्तो कार्यलाई असफल तुल्याउने चेष्टा गर्न सक्छ। के त्यस्तो असहयोगलाई चिर्ने राजनीतिक इच्छाशक्ति नेताहरूसँग छ ?

> **विकासे खेलौनाको चाहना कृषि, पर्यटन र जलविद्युत्को सम्भाव्य चर्चामा राजनीतिक परिकल्पना अल्झिएको छ । आमवृत्त भविष्यको सम्भावनामा पूर्णतः हराएको छ ।**

स्थानीय सरकारको पहिलो वर्ष केही कानुन, नीति, कार्यक्रम तथा बजेट बनाउँदै बितेको देखिन्छ। यी दस्तावेज हेर्दा राजनीतिकर्मीले आफ्नो क्षमतालाई ठम्याउन सकेको पाइँदैन । त्यसैले व्यवहारमा स्थानीय निकायहरू करिब-करिब उस्तै देखिन्छन्। आज यी ठाउँमा लोकतन्त्र संस्थागत भएको मानक संविधान र कानुनको उपलब्धिबाट नापिँदै छ। विकासे खेलौना हासिल गर्ने चाहना वरिपरि हेरिँदै छ। आफ्नो स्थानीय दृश्यलाई पक्की सडक, कंक्रिट महल, बजार संरचना र बसोवास विस्तारसँगै परिवर्तन गर्ने अभिलाषासँग जोडर हेरिँदै छ। भोलिका दिनमा स्थानीय लोकतन्त्रको मूल्यांकन विकासे खेलौनाको उपलब्धिभन्दा धेरै फरक किसिमले हुने निश्चित छ।

उदाहरणका लागि, विभिन्न उपलब्धिलाई आमजनताले कसरी लिनेछन् र कसरी महसुस गर्नेछन् भन्ने कुरा धेरै महत्त्वको हुनेछ। प्रत्येक उपलब्धिले जनतामा विश्वास सिञ्चित गर्न सके, आत्मविश्वास बढाउन सके स्थानीय लोकतन्त्रको आधार बलियो हुने हो । जसैजसै आफ्ना स्थानीय समस्या आफ्नै ज्ञान, सीप र सामूहिक पहलमा सुल्झाउने अभ्यासले सुनिश्चितता पाउँछ, उसैउसै नेपाल समृद्ध हुने हो । यससँगै स्थानीय परिवेशमा सार्वजनिक वृत्त पनि जीवन्त बन्ने हो। लोकतन्त्रका विविध चिन्तन र अभ्यास मौलाउने हो । आफूलाई स्वशासित गर्ने रचनात्मक उपाय पहिल्याउँदै सार्वजनिक जीवनमा सहभागी हुने विकल्प निर्माण हुने हो। स्थानीय लोकतन्त्रलाई विकासे खेलौनामा सीमित हुनबाट बचाउँदै स्वतन्त्रता, न्याय र सामाजिक विश्वाससँग जोड्ने मेसो बस्ने हो। ◆

भुत्ते कर्मचारीतन्त्र

निजामती प्रशासनमा राजनीति बढी, व्यावसायिकता कम

जनक नेपाल

विमल कोइराला मुख्यसचिव हुँदा (०५९-०६२) निजामती कर्मचारीका लागि एउटा लोगो बनेको थियो। त्यसको नारा थियो, जनताको सेवक। कर्मचारीले केही समय त्यो लोगो लगाए। ११ वैशाख ०६३ मा लोकतन्त्र पुनःस्थापनापछि लोगो र नाराको मर्म दुवै हटेको छ। पूर्व-मुख्यसचिव कोइराला भन्छन्, "कर्मचारीतन्त्र जनताको सेवक हुनै सकेन। सायद, त्यसैले त्यो नारा मन पराएन।"

कर्मचारीतन्त्रमाथि मुख्यतः तीन आरोप लाग्ने गरेका छन्। पहिलो, व्यावसायिक भएन। दोस्रो, अति राजनीतिले 'चेन अफ कमान्ड' ध्वस्त छ। र, तेस्रो, कर्मचारी 'प्रो-एक्टिभ' हुनु त टाढाको कुरा, पदीय दायित्व पनि सही ढंगले निर्वाह गर्दैनन्। त्यसभन्दा ठूलो आरोप जनमुखी हुन सकेन भन्ने हो। सार्वजनिक सेवामा आमनागरिकको पहुँच निकै कम छ। सेवाग्राहीप्रतिको व्यवहार पनि राम्रो छैन। कर्मचारीले गरिबको काम गर्दैनन्, गरिहाले पनि धेरै पटक धाउनुपर्छ। कर्मचारी कार्यकक्षमा भेटिँदैनन्। ९ वैशाखमा डिल्लीबजारस्थित मालपोत कार्यालय पुगेका संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री लालबाबु पण्डितसित सेवाग्राहीको गुनासो थियो, '११ बजेसम्म फाँटमा कर्मचारी भेटिन्नन्।'

कर्मचारीमा अनुशासन हराएर अराजकता मौलाएको प्रशासनविद्हरू बताउँछन्। कानुनप्रतिको वफादारीमा ह्रास आएको छ, मिलाएर फाइल अघि बढाउने प्रवृत्ति हाबी छ। अहिलेको कर्मचारीतन्त्र राजनीतिक कार्यकारीसँग संवाद गर्न नचाहने चरित्रको छ। लीलामणि पौडेलबाहेक अरू कुनै पनि मुख्यसचिवले मन्त्रिपरिषद् बैठकमा पास हुन लागेका प्रस्तावको लाभ-हानि अर्थ्याएर रोक्न अडान लिएका उदाहरण छैनन्। झट्ट हेर्दा आज्ञाकारीजस्तो देखिए पनि कर्मचारीतन्त्रले 'नाइँ नभन्ने तर काम पनि नगर्ने' चरित्र बोकेको छ। अघिल्लो शेरबहादुर देउवा सरकारले जाँदाजाँदै सामाजिक सुरक्षा भत्ताका लागि उमेर हद ६५ वर्षमा झार्ने निर्णय सार्वजनिक गऱ्यो। तर, सरकारबाट बाहिरिएपछि सोही बैठकमै बसेका मुख्यसचिव लोकदर्शन रेग्मीले भनिदिए, "त्यस्तो कुनै निर्णय भएको छैन।"

कर्मचारीतन्त्र कतिसम्म भुत्ते छ भने सरोकारवाला विभागसितै सम्बद्ध तथ्य-तथ्यांक र योजना छैन। उदाहरणका लागि, अहिले दर्तावाल मोहीलाई जग्गा बाँडफाँटले तीव्रता पाउनुपर्ने हो। मोहीका मुद्दा फर्स्योट त परको कुरा, भूमिसुधार तथा व्यवस्थापन विभागसँग मुलुकभर कति मोहीको निवेदन दर्ता छ? तीमध्ये कतिले हक पाए भन्ने आधिकारिक तथ्यांकसमेत छैन। मोही फाँटका नायबसुब्बा कृष्ण दाहाल भन्दै थिए, "जिल्लाबाट तथ्यांक नै पठाउन्नन्। हामीले कहाँ गएर खोज्ने?"

यस्तो कर्मचारीतन्त्रका कारण आमनागरिक सूचनाको हकबाट समेत वञ्चित छन्। त्यसो हुनुमा नियतभन्दा धेरै कर्मचारीको अक्षमता कारक देखिएको सूचना आयोगकी आयुक्त

यशोदा तिम्सिना बताउँछिन् । निजामती प्रशासनमा सूचना राख्ने, अद्यावधिक गर्ने र बुझबुझारथ गर्ने प्रणाली नै नभएको उल्लेख गर्दै उनी भन्छिन्, “कर्मचारीतन्त्रमा सूचना प्रणाली नै छैन । सूचना अधिकारी नै सम्बद्ध विभागले सूचना नदिएको गुनासो गर्छन् ।” युवा तथा खेलकुद र कृषिलगायतका केही मन्त्रालयबाहेक अरूले सूचना राख्ने प्रणाली विकास गर्न सकेका छैनन् ।

व्यावसायिकताको कसी

संविधानको धारा ५१ खण्ड (ख) को उपखण्ड (४)मा ‘सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा-सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासन प्रत्याभूति गर्ने’ उल्लेख छ। संवैधानिक यो व्यवस्था कार्यान्वयन गर्न कर्मचारीतन्त्रले व्यावसायिक मापदण्ड पूरा गर्नुपर्ने हुन्छ। त्यसका लागि एउटा राष्ट्रसेवकले मुलुकको बृहत्तर सार्वजनिक हितलाई केन्द्रमा राख्नुपर्छ। त्यो भनेको व्यक्तिगत स्वार्थबाट टाढै रहनु हो। सेवा वितरणमा निष्पक्षता र तटस्थता कायम गर्नुपर्छ । कसैको प्रभाव वा दबाबबाट सेवा प्रभावित हुनुहुँदैन ।



प्रतिस्पर्धाबाट छानिएको जनशक्ति भएकाले कार्यसम्पादन दक्ष र प्रभावकारी हुनुपर्छ । इमानदारी अर्को अनिवार्य सर्त हो। त्यस्तै, आफ्नो स्वार्थ जोडिएको विषयमा आफैँ निर्णय नगर्ने, दान वा उपहार नलिने र आफ्नो परिवारको सम्पत्ति सार्वजनिक गर्नु व्यावसायिक कर्मचारीको कर्तव्य हुन्छ । राजनीतिक रूपमा तटस्थ रहनु, समयपालक, जवाफदेही र जिम्मेवारी लिने हुनुपर्छ । तर, सार्वजनिक नैतिकतामा क्षयीकरणले नतिजामुखी सेवा प्रभावकारी हुन नसकेको प्रशासनविद् काशीराज दाहाल बताउँछन् । “जिम्मेवारीपन छैन, दण्डहीनता उत्तिकै मौलाएको छ,” उनी भन्छन्, “जनतामैत्री हुनुपर्ने कर्मचारी आत्मकेन्द्रित देखिएका छन् ।”

अति राजनीतीकरणले कर्मचारीमा हुनुपर्ने तटस्थता हराएको छ। एउटा कर्मचारीले आफ्नो राजनीतिक अधिकार ‘कर्मचारी’ भएकै कारण निलम्बित छ भन्ने बुझ्नुपर्ने हुन्छ। अहिलेजस्तो खुलेआम राजनीतिक पार्टीको सदस्यता लिने, कार्यक्रममा भाग लिने र प्रचार गर्न पाइँदैन । त्यसभन्दा चर्को कार्यसम्पादनको मूल्यांकनभन्दा राजनीतिक चलखेल र निकटताका आधारमा प्रोत्साहन वा दण्ड दिइने गरेको छ । त्यसले इमानदार पंक्ति ओझेल परेको छ, निराशामा छ।

लोकतान्त्रिक आन्दोलनमा दलहरूलाई सघाएकै कारण कर्मचारीतन्त्र अटेर भएको हो । कर्मचारीहरू पार्टीमा यति प्रतिबद्ध ढंगले लागे कि एउटा पार्टीको सरकार बन्दा अर्को पार्टी निकट कर्मचारीले असहयोगकै व्यवहार देखाए । सार्वजनिक प्रशासनलाई जनमुखी बनाउन राजनीतिक दलहरू एउटै कित्तामा उभिन जरुरी रहेको प्रशासनविद् दाहाल बताउँछन् । भन्छन्, “यसरी कर्मचारीतन्त्रको साख जोगिँदैन । सरकारले पनि आँट गर्नुपर्छ किनभने प्रशासन सुधार गर्ने अहिले ठीक समय आएको छ ।”

कर्मचारीतन्त्रमा अव्यावसायिकता फस्टाउनुमा योग्यता निर्धारणमा देखिएको त्रुटि अर्को कारण हो । जिम्मेवारी बाँडफाँटमा भेदभाव हुने गरेको छ । मूल्यांकन, अनुगमन, दण्ड-सजाय र पुरस्कारमा समेत समस्या छन् । सरुवा, बढुवा तथा वृत्तिविकास अनुमानयोग्य छैन । त्यस्तै, उच्च तहमा हुने छड्के प्रवेशले पनि कर्मचारीतन्त्रलाई सेवामुखीभन्दा लोकसेवा परीक्षामुखी बनाएको छ । “उपसचिवमा फेल भएका अधिकृत सहसचिवमा उत्तीर्ण भइरहेका छन् । त्यसले अधिकृतहरूलाई सेवामुखीभन्दा परीक्षामुखी बनाएको छ,” दाहाल भन्छन् ।

भ्रष्टाचारमा पनि नेपाली कर्मचारीतन्त्र उत्तिकै अगाडि छ। ट्रान्सपरेन्सी इन्टरनेसनलको भ्रष्टाचार अवधारणा सूचकांक-२०१७ ले राजनीतिपछि कर्मचारीतन्त्रलाई सबैभन्दा भ्रष्ट औँल्याएको छ । नेपालको सार्वजनिक क्षेत्रमा भ्रष्टाचार, सार्वजनिक पद र अधिकार दुरुपयोग, अनुगमन र कारबाहीमा कमी र नागरिकको सूचना पहुँचको कमीमा खासै सुधार नआएको प्रतिवेदनमा उल्लेख छ ।

नेपालको आधुनिक कर्मचारीतन्त्रको इतिहास ६ दशक पुग्दैछ। यसबीचमा निजामती कर्मचारी सुधारका लागि एक दर्जनभन्दा धेरै आयोग बने। तर, कर्मचारीतन्त्र न व्यावसायिक बन्न सक्यो, न त जनसेवक। त्यस्ता आयोगहरूले प्रशासनको संरचनामा सुधार ल्याएर सघाएका छन् । तर, कार्यसम्पादन र काम गर्ने वातावरणमा सुधार नहुँदा प्रभावकारी भएका छैनन् ।

'नजानेर होइन, नटेरेर अव्यावसायिक'

– लालबाबु पण्डित, *मन्त्री, संघीय मामिला तथा सामान्य प्रशासन*

अहिले कर्मचारी अपुग भएको र असहयोग भएको भन्ने आवाज सुनिएको छ । खासमा के भएको हो ?

पहिले संघीय अनि मात्र प्रदेश र स्थानीय तहको चुनाव हुनुपर्थ्यो । ठीक उल्टो भयो । त्यसैले कानुन बन्न समय लाग्यो । अहिले मन्त्रालय तीनवटै तहमा कर्मचारी व्यवस्थापनमा सक्रिय छ । संघीयतामा गए पनि कर्मचारीतन्त्रमा केन्द्रीकृत मानसिकता छ । अझ यसो भनौँ, राजनीतिक संक्रमणकाल सकियो । कर्मचारीतन्त्रको संक्रमणकाल अझै छ । असारभित्र त्यो संक्रमणकाल पनि अन्त्य गर्ने गरी लागिरहेका छौँ ।

कर्मचारी तोकिएको ठाउँमा किन नखटिएका हुन् ?

राष्ट्रसेवकले राष्ट्रको सेवा गर्ने हो । निजामती सेवा ऐनमै नेपाल सरकारले खटाएको जुनसुकै ठाउँमा पुगेर काम गर्न तयार छु भन्ने सर्त राखिएको छ । खटाएको ठाउँमा नजानु सरकारलाई असहयोग गर्नु हो । सुविधा, वृत्तिविकास केन्द्रकै दिने भनिएको छ । बिस्तारै केन्द्र अन्तर्गतका कर्मचारीको दरबन्दी घट्दै जानेछ । प्रदेश र स्थानीय तहमा बढ्दै जान्छ ।

कर्मचारीलाई प्रोत्साहन भएन भन्ने गुनासो छ नि !

प्रदेश वा स्थानीय तहमा पठाउनकै लागि एक तह पदोन्नति दिइन्न । स्वतः पदोन्नति हुन्न भनेका छौँ । पाँच वर्षमा स्वतः पदोन्नतिले स्वास्थ्य सेवामा अहेव एमबीबीएसभन्दा माथि भइसके । पशु सेवामा पनि त्यस्तै छ ।

स्वैच्छिक अवकाशका निवेदन के हुन्छन् ?

राज्य पुनःसंरचनामा अहिले थप कर्मचारी चाहिएको छ । स्वैच्छिक अवकाश भन्दै सात वर्षको एकमुष्ट पैसा दिएर अनुभवी कर्मचारीलाई सरकारले बिदा गर्न सक्दैन । त्यसमाथि सेवा अवधि सकिन लागेकाहरूले बढी निवेदन दिएका छन् । अहिल्यै १ हजार ३ सय निवेदक सेवानिवृत्त भइसके । असारसम्म त्यो संख्या ३ हजार ५ सय पुग्दैछ । यतिसम्म बेइमानी छ, सेवा अवधि सकिन केही दिन बाँकी हुनेले समेत राजीनामा दिएर सुविधा लिन खोजेको देखियो ।

कर्मचारीलाई स्वैच्छिक अवकाश पनि नदिने ?

जुन जनशक्तिमाथि राज्यको धेरै लगानी छ, सरकारी सेवा लिएरै प्राविधिक दक्षता र विज्ञता हासिल गरेको छ, उसले राजीनामा गर्न हतार गरिरहेको छ । बाहिर अर्को जागिर ठिक्क पारिसकेको छ । जो प्रविधिमैत्री छैन, इनर्जेटिक छैन । जिम्मेवारी अनुसारको काम पूरा गर्न सकिरहेको छैन, त्यसले सेवा लम्ब्याउन चाहिरहेको छ । हामी दक्षलाई राख्ने र अदक्षलाई बिदा गर्ने तयारीमा छौँ । म व्यक्तिको होइन, संस्था र राष्ट्रलाई मुख हेरेर काम गरिरहेको छु । त्यसैले शारीरिक वा मानसिक अस्वस्थलाई मात्र मानवीय ढंगले सुविधा दिएर अवकाश दिइँदैछ, जुन संख्या अत्यन्त कम छ ।

नेपालको कर्मचारीतन्त्र अव्यावसायिक भयो भन्ने गुनासो छ । के भन्नुहुन्छ ?

नेपालको कर्मचारीतन्त्र नजानेर वा तालिम नपाएर अव्यावसायिक भएको होइन, नटेरेर हो । तालिम र दक्षता अन्तर्राष्ट्रिय स्तरको छ । तर, त्यसको प्रयोग गरिएको छैन । राजनीतिले कर्मचारीतन्त्र डोऱ्याउनुपर्नेमा कर्मचारीतन्त्रले राजनीति डोऱ्याइरहेको छ । कर्मचारीतन्त्रमा धेरै सुधार गर्नुपर्नेछ । छिट्टै जनताले महसुस गर्ने गरी काम हुनेछ ।

कर्मचारीको संख्या बढाउने वा घटाउने सुझावले मात्र सेवाग्राहीलाई सन्तुष्टि दिने गरी समस्याको समाधान हुने देखिँदैन । संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री पण्डित राजनीतिले कर्मचारीतन्त्र डोऱ्याउनुपर्नेमा कर्मचारीतन्त्रले डोऱ्याइरहेकाले समस्या उत्पन्न भएको बताउँछन् । "अब यसरी चल्दैन । कर्मचारीतन्त्रमा धेरै सुधार गर्नुपर्नेछ । छिट्टै जनताले महसुस गर्ने गरी काम हुनेछ," उनी भन्छन्, "राजनीतिक संक्रमणकाल अन्त्य भयो । कर्मचारीतन्त्रको संक्रमणकाल असारभित्र अन्त्य गर्ने गरी लागिरहेका छौँ ।"

अटेर कर्मचारी

प्रधानमन्त्री केपी ओलीले ७ चैत ०७४ मा सातवटै प्रदेशका मुख्यमन्त्रीहरूसँग बालुवाटारमा छलफल गर्दै थिए । सबैजसो मुख्यमन्त्रीहरूको असन्तुष्टि भने कर्मचारीप्रति लक्षित थियो । प्रदेश-२ का मुख्यमन्त्री लालबाबु राउतले प्रस्टै भने, "कर्मचारीबाट असहयोग भइरहेको छ । प्रदेश सरकारलाई सुरुमै अप्ठ्यारोमा पार्न खोजियो ।"

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अधिकारीहरू देशभरका स्थानीय तहमा कर्मचारी खटाउन व्यस्त छन् । १ हजार १ सय ४३ कर्मचारीको सरुवापत्र तयार गरेपछि कतिपयले रोक्न खोजे । केहीले रोजेको तह तथा प्रदेशमा जान दबाब दिएपछि दिक्क भएका सहसचिव रुद्रसिंह तामाङ सरुवा व्यवस्थापनमा लागेका उपसचिवसित भन्दै थिए, "खुराफाती जति सबैलाई उपत्यकाबाहिर पठाउनूस् ।"

कर्मचारीतन्त्रको अटेर चरित्र प्रस्ट्याउन यी दुई उदाहरण पर्याप्त छन् । पार्टीगत रूपमा विभाजित कर्मचारीतन्त्रले सरकारलाई असहयोग गर्ने सम्भावना पनि उत्तिकै रहन्छ । प्रजातन्त्र पुनःस्थापनापछिका कार्यकारी प्रधानमन्त्रीहरू गिरिजाप्रसाद कोइरालादेखि पुष्पकमल दाहालसम्मले सरकारबाट बाहिरिँदा कर्मचारीको असहयोगले काम गर्न नसकेको दोषारोपण गरेका उदाहरण छन् । पूर्व-मुख्यसचिव कोइराला भने त्यस्ता आरोपलाई 'नाच्न नजान्ने आँगन टेढो' भन्न रुचाउँछन् ।

नेपालको कर्मचारीतन्त्र बढ्ता राजनीतिक र कम व्यावसायिक रहेकाले विवादित भएको उल्लेख गर्दै उनी भन्छन्, "राजनीतिक इच्छाशक्ति भए अहिलेकै जनशक्तिबाट दोब्बर स्तरीय काम लिन सकिन्छ ।" राजनीतिक हस्तक्षेपले निकटताका आधारमा सरुवा, बढुवा, पुरस्कार र वृत्तिविकास हुने प्रवृत्ति मौलाएको छ । प्रो-एक्टिभ भएर जस नपाउने, त्यसभन्दा राजनीतिमा लाग्दा

फाइदा हुने भएकाले कर्मचारीतन्त्र जोखिम नउठाउने भुत्ते हतियार बनेको उनको धारणा छ। दलहरू कहाँनिर चुके भने पहिले उनीहरूले कर्मचारीलाई हतियार बनाएर राजनीतिमा ओरालेर तटस्थताको सिद्धान्तबाट च्युत गरे। आफू सरकारमा उक्लिएपछि व्यावसायिक बनाउन खोज्दा कर्मचारीको 'बार्गेनिङ' शक्ति बढेको छ। राजनीतिबाट मुक्त अनुशासित र चेन अफ कमान्ड भए कर्मचारीतन्त्र ऊर्जाका साथ परिचालित हुन सक्ने कोइरालाको विश्वास छ।

कर्मचारीतन्त्रलाई स्थायी सरकार भनिन्छ। तर, ०४६ यताका तीन दशकमा अस्थिर रह्यो। त्यसको मुख्य कारण राजनीतिक अस्थिरतालाई मानिएको छ। सरकार परिवर्तनसँगै कर्मचारीतन्त्रमा हेरफेर हुने प्रवृत्ति रह्यो। ६/६ महिनामा प्रमुख जिल्ला अधिकारी फेरिएका छन्। एउटा सचिव आफ्नो कार्यकालमा आठ ठाउँसम्म सरुवा भएको छ। "मन्त्रीलाई रोजेको सचिव चाहिने। मन परेकै प्रहरी प्रमुख र सीडीओ चाहिने प्रवृत्तिले कर्मचारीतन्त्र अस्थिर बन्यो," प्रशासनदविद् दाहाल भन्छन्, "अहिले प्रधानमन्त्रीबाट सचिव सरुवा गरेर त्यो प्रवृत्ति तोड्न खोजिएको छ। त्यसमा पनि विरोध भइरहेको छ।"

निजामती कर्मचारी



स्रोत : निजामती किताबखाना

नेपालको कर्मचारीतन्त्र बढ्ता दलीय र कम व्यावसायिक भयो । राजनीतिक इच्छाशक्ति भए अहिलेकै जनशक्तिबाट दोब्बर स्तरीय काम लिन सकिन्छ ।

• विमल कोइराला
पूर्व-मुख्यसचिव

यसरी कर्मचारीतन्त्रको साख जोगिंदैन । सरकारले पनि आँट गर्नुपर्छ । किनभने, प्रशासन सुधार गर्ने अहिले ठीक समय आएको छ ।

• काशीराज दाहाल
प्रशासनविद्

निजामती प्रशासनमा सूचना राख्ने, अद्यावधिक गर्ने र बुझबुझारथ गर्ने प्रणाली नै छैन ।

• यशोदा तिम्सिना
आयुक्त, राष्ट्रिय सूचना आयोग

संस्थागत स्मरण छैन

कर्मचारीतन्त्र कति अव्यावसायिक छ भने मन्त्रालयहरूमा इन्स्टिच्युसनल मेमोरी (संस्थागत स्मरण)समेत राखिँदैन। अस्थिर राजनीतिले ६/६ महिनामा कर्मचारी फेरिँदा पुराना कुनै पनि डकुमेन्ट भेटिँदैनन्। त्यस्ता डकुमेन्ट हस्तान्तरण गर्ने विधिसमेत छैन । महत्त्वपूर्ण सूचना तथा अभिलेख व्यक्तिको मेमोरीमा छ, संस्थामा सुरक्षित छैन । सूचना व्यक्तिगत ढंगले राख्दा आफ्नो महत्त्व बढ्ने धेरैजसो सरकारी अधिकारीमा भ्रम छ । कतिपय प्रशासकले सेवानिवृत्त भएपछि आत्मवृत्तान्तबाट त्यस्ता महत्त्वपूर्ण सूचना खोलेका छन्। खासगरी, अन्तर्राष्ट्रिय सम्बन्ध र द्विपक्षीय बैठकमा त्यस्तो कमी खट्किने गरेको पूर्व-मुख्यसचिव कोइराला बताउँछन्। अधिकांश बैठक र छलफलमा नेपालका अधिकारीहरू 'रित्तै जाने र रित्तै फर्किने' प्रवृत्ति रहेको उल्लेख गर्दै भन्छन्, "हामीसित प्रमाणका लागि समेत कागजपत्र भेटिन्नन् । समकक्षीका डकुमेन्टको भर पर्नुपर्छ ।" जुनसुकै बैठक वा वार्तामा गएर फर्किएपछि रिपोर्ट गर्ने र अभिलेख राख्ने पद्धतिको विकास गर्न नसक्दा सम्बद्ध अधिकारीको सरुवासँगै डकुमेन्टहरू सरुवा हुने गरेका छन् । संस्थागत मेमोरी नभेटेपछि बैठक वा वार्ताको तयारीका लागि व्यक्तिको मेमोरी खोज्दै हिँड्नुपर्ने बाध्यता अहिले छ ।

राजनीतिले विभाजित

प्रशासन सुधार समितिको प्रतिवेदन, ०७० मा एउटा मात्र आधिकारिक ट्रेड युनियन गठन गर्न सुझाव दिइएको थियो । त्यस्तै, ट्रेड युनियनका पदाधिकारीले पनि काम गर्नुपर्ने र सामूहिक हितका लागि सामूहिक संवाद गर्न सक्ने सुझाव दिइयो । सोही अनुरूप १९ जेठ ०७३ मा आधिकारिक ट्रेड युनियनको चुनाव गरियो। निर्वाचनपछि कर्मचारीतन्त्रमा पार्टीहरूको प्रत्यक्ष नियन्त्रण कम हुने र कम्तीमा पार्टीका कर्मचारी भ्रातृ संगठनहरू निष्क्रिय हुने आशा गरिएको थियो। तर, झन्डै दुई वर्षमा न आधिकारिक ट्रेड युनियनले उल्लेख्य भूमिका देखाउन सक्यो, न त भ्रातृ संगठनहरूको चुरीफुरी कम भयो। उल्टै निर्वाचनले कर्मचारीतन्त्रभित्र पार्टीगत उपस्थिति उदांगो पाऱ्यो, अप्रत्यक्ष रूपमा विभाजनको रेखा कोरिदियो ।

निर्वाचनमा पहिलो भएको एमाले निकट नेपाल निजामती कर्मचारी संगठनले ४४ प्रतिशत अर्थात् २१ हजार १ सय २७ मत प्राप्त गऱ्यो भने नेपाली कांग्रेस निकट नेपाल निजामती कर्मचारी युनियनले ३४ प्रतिशत अर्थात् १६ हजार २ सय ५९ मत प्राप्त गऱ्यो। त्यस्तै, माओवादी केन्द्र निकट राष्ट्रिय कर्मचारी संगठनले १०.५ प्रतिशत अर्थात् ५ हजार २९ र मधेसी निजामती कर्मचारी मञ्चले ५ सय ६१ मत प्राप्त गरे ।

१० प्रतिशत मत प्राप्त नगरेकाले मञ्चले आधिकारिक ट्रेड युनियनमा प्रतिनिधित्व पाएन भने एक सचिव र दुई सदस्य पाएको माओवादी निकट संगठनले उपाध्यक्ष पाउनुपर्ने दाबीसहित कमिटीमा बसेको छैन। आधिकारिक ट्रेड युनियनका अध्यक्ष पुण्य ढकाल भन्छन्, "आधिकारिक ट्रेड युनियन गठनपछि जुन फुर्तिका साथ काम गर्नुपर्थ्यो, त्यति गर्न सकिएन ।"

निर्वाचनअघि पार्टीपिच्छेका सातवटा ट्रेड युनियन सिंहदरबारमा सक्रिय थिए। अहिले १० प्रतिशत थ्रेसहोल्ड कटाउने एमाले, कांग्रेस र माओवादी केन्द्रका युनियनले मात्र वैधानिकता पाएका छन् । एमाले निकट युनियनको सिंहदरबार गेटअगाडि कार्यालय छ। माओवादी केन्द्रको बबरमहलस्थित सडक विभागछेउ छ भने कांग्रेस र मधेसी मञ्चका ट्रेड युनियन कार्यालय वन परिसरमा छन् ।

अहिले पनि आधिकारिक ट्रेड युनियनको कार्यालयमा भन्दा पार्टीपिच्छेका ट्रेड युनियनमा सरुवा र बढुवाका फाइल बोकेका कर्मचारीको भीडभाड छ। बिचौलियाको ओहोर-दोहोर त्यत्तिकै छ। त्यसो हुनुको मुख्य कारण आधिकारिक ट्रेड युनियनको कमजोर प्रभावकारिता नै हो । नयाँ सरकार गठनपछि मागपत्र लिएर अनेक चेतावनी दिने ट्रेड युनियनले आधिकारिकता पाइसकेपछि चारवटा सरकार बदलिइसकेका छन्। तर, एउटै पनि मागपत्र पेस भएको छैन। यसले ट्रेड युनियन आन्दोलन कमजोर भएको विश्लेषण गरिए पनि अध्यक्ष ढकाल त्यसलाई सकारात्मक रूपमा लिन आग्रह गर्छन्। "जादुको छडीझैं एकैपटक समस्या समाधान हुने होइन, हामीले सामूहिक सौदाबाजी गर्ने हो। त्यसको तयारी भइरहेको छ," उनी भन्छन्, "कर्मचारी आन्दोलन, हडताल, विकृति-विसंगति रोकिएका छन् । ट्रेड युनियनप्रतिको नकारात्मक धारणा परिवर्तन गर्न यसले सघाएको छ।" ◆

ज्योति बम्पर सेभिङ्ग एकाउण्ट

बचत खातामै उच्च प्रतिफल

८.७५%

वार्षिक ब्याजदर

- न्यूनतम मौज्दात रु. १,०००/-
- निःशुल्क बीमा सुविधा*
- निःशुल्क Visa Debit Card
- निःशुल्क C-ASBA
- बैदेशिक मुद्रा कारोबारमा विशेष छुट
- निःशुल्क Mobile Banking
- निःशुल्क ABBS
- निःशुल्क Internet Banking
- लकर सुविधामा विशेष छुटका साथै अन्य धेरै सुविधाहरु

अन्य थप जानकारीका लागि नजिकैको शाखा कार्यालय वा ०१-४४११११६ मा सम्पर्क राख्नुहोला ।

ज्योति विकास बैंक लि.

JYOTI BIKASH BANK LTD.

More than a Bank

“नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था”

www.jbbl.com.np

काम चलाउ सरकारी

पाँच दशकसम्म आफ्नो गुणस्तरमा निरन्तर टिकेका गौरवशाली सार्वजनिक शिक्षालय शून्य

राजकुमार बानियाँ

नयाँ शैक्षिक सत्रसँगै विद्यार्थी घट्ने पिरलो सुरु हुन्छ, दरबार हाई स्कुलका प्रधानाध्यापक हेमचन्द्र महतोलाई । तीन वर्ष पहिलेको भुइँचालोमा पुरानो भवन भत्किएपछि आँगनको टहरोमा छ, मुलुककै पहिलो पाठशाला । अब चीन सरकारले विद्यालय भवन पुनःनिर्माणको सुरसार कसेपछि अन्यत्रै डेरा सर्नुपर्ने परिस्थिति आएको छ ।

मुलुकको मुटुमै विद्यालय हुँदा त विद्यार्थी छैनन् भने टाढा जानुपरे के होला ? महतोको चिन्ता र सरोकार यत्ति हो । यहाँ ८० नियमित विद्यार्थी देख्न पनि मुस्किल छ । भलै हाजिरीकापीमा १ सय ८० सम्म दर्ता छन् । ३० जना शिक्षक-कर्मचारीको बोझ कति छ भने चार पिरियड लिन्छु भन्दा पनि पाउँदैनन् ।

दरबार हाई स्कुल विद्यालय प्रशासन कमसेकम नजिकको केशर पुस्तकालय या जमलको जनप्रशासन क्याम्पसको थोत्रा भवनमा शरणागत हुन चाहन्छ । तर, सम्बन्धित निकायले 'ग्रिन सिग्नल' दिएको छैन । अब टुँडिखेल र बाल्मीकि क्याम्पसको चौरमध्ये एक नरोजी धर छैन ।

बेलायती शिक्षाबाट प्रभावित भएर राणा प्रधानमन्त्री जंगबहादुरले भाइ-भतिजाको लेखपढका लागि विसं १९१० मा खोलेको दरबार हाई स्कुलको बेहालै छ । कापी, किताब, खाजा, झोला, टाई, बेल्टदेखि जुत्तासम्म 'सित्तैँमा दिने स्किम' ल्याएको यो ऐतिहासिक विद्यालय न विद्यार्थी, न अभिभावक कसैको रोजाइमा छैन । १० मिनेटको दूरीमै आधा दर्जनजति सामुदायिक विद्यालय छन् ।

दरबार हाई स्कुलकै पारिपट्टि छ, त्रिचन्द्र कलेज । त्रिभुवन विश्वविद्यालयभन्दा ४१ वर्ष जेठो यो कलेजले गएको वर्ष नै शतवार्षिकी समारोह मनाइसक्यो । थोत्रा, खुइलिएका, लेउ लागेका र रूख उम्रेका भवन, माकुराले जालो लगाएका कक्षा-कोठा अनि टुटे-फुटेका डेस्क-बेन्च यसका असली प्रमाण हुन् । सालिन्दा प्रयोगशाला, भवन मर्मत, खेलकुदका फर्जी बिल आउँछन् तर सामान आउँदैनन् ।

केही समय पहिले दूरसञ्चार प्रदायक कम्पनी एनसेलसँग पुरातात्त्विक महत्त्व कायम रहने गरी कलेज भवन जीर्णोद्धार सम्झौता नभएको पनि होइन । तर, विद्यार्थी संघ-संगठनको रोहवरमा सम्झौता भएलगत्तै कमिसनको चक्कर सुरु भयो । र, त्यो योजना नै भताभुंग भयो । विद्यार्थी संगठनले क्याम्पस प्रशासनलाई दोष लगाए, क्याम्पस प्रशासनले विद्यार्थी संगठनलाई । न त्यसको छानबिन भयो, न त भवन नै ठडियो ।

अराजकता कतिसम्म छ भने क्याम्पस प्रमुख प्राध्यापक प्रदीपबहादुर न्यौपानेमाथि दुई वर्षको अन्तरालमा तीन पटक हातपात भइसकेको छ, दुई पटक विद्यार्थी संगठन र एक पटक आंशिक प्राध्यापकबाट । क्याम्पस प्रमुखमाथि अभद्र व्यवहार भएपछि सूचना टाँगेर थुप्रै दिन क्याम्पस बन्द भयो । निम्न मध्यम वर्गका ११ हजार विद्यार्थी रहेको पुरानो ज्ञानमन्दिरमा प्रमुख पद हत्याउन कुस्ताकुस्ती नै हुन्छ । कहिले गोली चल्छ, कहिले तरबार नचाइन्छ ।

सयवर्षे इतिहास बनाएका यी दुई संस्था सार्वजनिक शिक्षामा वितृष्णा जगाउने दृष्टान्त हुन् । झन्डै ६० वर्षको कालखण्ड बोकेको देशकै पुरानो र ठूलो त्रिभुवन विश्वविद्यालय (त्रिवि) बर्सेनि भर्नादर घट्न थालेपछि १० भन्दा कम विद्यार्थी भएका विभागमा ताला ठोक्ने तयारीमा छ । सिकाइ पद्धतिमा सुधार र गुणवत्ता अभिवृद्धिका निम्ति केही वर्ष पहिले सेमेस्टर प्रणाली ल्याएको विश्वविद्यालयमा केही कार्यक्रम पहिले नै बन्द भइसकेका छन् ।

केही वर्षयता विश्वविद्यालयमा गृहविज्ञान, संस्कृति, मनोविज्ञान, नेवारी, संस्कृत, हिन्दी र उर्दू विभागमा शिक्षकभन्दा पनि विद्यार्थी थोरै छन् । केन्द्रीय क्याम्पस कीर्तिपुरमा मात्रै २२ विभाग छन् । त्रिविका रेक्टर सुधा त्रिपाठीको शब्दमा भन्ने हो भने कम विद्यार्थी भएका विभागमा कक्षा चलाउनु व्यावहारिक हुँदैन पनि ।

अपवाद बूढानीलकण्ठ

५० वर्षको गौरवमय इतिहास कायम गर्न लागेको शैक्षिक संस्थामा बूढानीलकण्ठ स्कुलको मात्र नाम आउँछ । तर, त्यो एलिट स्कुलका रूपमा चिनिएको छ। साधारण विद्यार्थीका लागि त्यसको ढोका बन्द छ। बेलायती सहयोगमा खुलेको त्यो स्कुल पनि खासमा राजा वीरेन्द्रले छोरालाई पढाउन खोलेका हुन् ।

इतिहासकार महेशराज पन्तका अनुसार राजा महेन्द्रलाई अंग्रेजी आउँदैनथ्यो । त्यसैले आफ्ना सन्तानलाई दार्जीलिङको क्रिस्चियन मिसनरी स्कुलमा पढाए । यद्यपि, उनी हिन्दु राजा भन्थे आफूलाई । मिसनरी स्कुलको प्रभाव के भने वीरेन्द्रले नेपाली बोल्न नसक्ने भए ।

भोलिको राजालाई त्यस्तो स्थिति नआओस् भनेर वीरेन्द्रले खोलेको बूढानीलकण्ठलाई मानक बनाउन नमिल्ने शिक्षाविद् केदारभक्त माथेमाको जिकिर छ। "बूढानीलकण्ठका बारेमा ३५ वर्ष पहिले मैले टिप्पणी गर्दा दरबार रिसाएको पनि थियो । समग्र शैक्षिक उन्नयनका लागि बूढानीलकण्ठ हेरेर चित्त बुझाउने ठाउँ छैन," माथेमा भन्छन्, "बितेको ५० वर्षमा कुन-कुन जिल्लामा बूढानीलकण्ठका शाखा खुले या अब कुन-कुन प्रदेशमा खोल्ने योजना छ ? हामीले त हरेक स्कुल बूढानीलकण्ठ बनाउनुपर्ने होइन र ?"

विश्वविद्यालय अनुदान आयोगको तथ्यांक अनुसार त्रिविका विद्यार्थी बिस्तारै अन्य विश्वविद्यालयतर्फ आकर्षित भएका देखिन्छन् । नौ वर्ष पहिले त्रिविमा ९० प्रतिशत विद्यार्थी थिए भने त्यो प्रतिशत अहिले आएर ७८ मा झरेको छ।

अधिकांश सरकारी शैक्षिक संस्था राजनीतिक हस्तक्षेप र भागबन्डाले थिलथिलो भएका छन्। तिनको सिंगो परिचय गरिब-गुरुवाले पढ्ने शिक्षालयमा सीमित हुने अवस्था आएको छ । दरबार हाई स्कुलका प्रधानाध्यापक महतो भन्छन्, "हाम्रो विद्यालयमा गरिब, फुटपाथ व्यापारी, घरेलु कामदारका छोराछोरी मात्र अध्ययन गर्छन्। विद्यार्थीलाई छाडिदिऊँ, अभिभावकमा छोराछोरीको रिपोर्ट-कार्ड बुझ्ने फुर्सदसमेत देखिँदैन ।"

बर्सेनि सरकारी स्कुल र कलेजबाट विद्यार्थीको भागाभाग छ। हरेक वर्ष सार्वजनिक शैक्षिक संस्था गाभिने या लोप हुने अवस्थामा पुगेका छन् । पछिल्लो तथ्यांक अनुसार नेपालमा ७० लाख बालबालिका विद्यालय जान्छन् । त्यसमध्ये ५८ लाख सरकारीमा पढ्छन् । "हाम्रोजस्तो गरिब देशमा २० प्रतिशतभन्दा बढी बालबालिकाले निजी स्कुलमा पढ्नुपरेको छ। जबकि, नर्वेजस्तो विकसित देशमा ९९ प्रतिशत, सिंगापुरजस्तो पुँजीवादी देशमा ९८ प्रतिशत र अमेरिकामा ९० प्रतिशतले सरकारी स्कुलमा पढ्छन् । यो सरकारका लागि ठूलो चुनौती हो," शिक्षाविद् केदारभक्त माथेमा प्रश्न गर्छन्, "सक्नेले सोल्टीमा म:म खान्छन्, नसक्नेले फुटपाथको खान्छन् भनेर सरकारले छाड्न पाउँछ ?"

उच्च शिक्षा क्षेत्रमा १० विश्वविद्यालय, तीन स्वास्थ्य विज्ञान प्रतिष्ठान र त्रिविका सम्बन्धन प्राप्त १ हजार ८६ कलेज स्थापना भइसकेका छन् । तिनमा करिब पाँच लाख विद्यार्थी छन् । त्यसमध्ये ८५ प्रतिशत विद्यार्थी पढ्ने त्रिवि आकारमा त ठूलो छ तर त्यसको गुणस्तर कायम राख्न सकेको छैन । एकपछि अर्को संस्थाले शैक्षिक गौरव गुमाएका छन्। ५० वर्षसम्म आफ्नो गौरवशाली इतिहासमा टिक्नु त परै जाओस्, बरू निरन्तर ओरालो लागेका लाग्यै छन्। आखिर किन त ?

त्रिविका पूर्वउपकुलपति माथेमाको अनुभवमा ०२८ मा नयाँ शिक्षा योजना आएसँगै सरकारले दरबार हाई स्कुलदेखि त्रिभुवन विश्वविद्यालयसम्म सबै शिक्षण संस्थाको स्वामित्व लिइदियो । समुदायले अपनत्वको अनुभव नै गर्न पाएन। नयाँ शिक्षा योजना आउनुअघिसम्म पनि गाउँ-गाउँमा चन्दादाता र गन्यमान्य अगुवा बसेर चलाएका थिए प्राय: शिक्षालय। त्यसको निरन्तरता रहेन।

"निजी विद्यालयलाई संस्थागत भनिएको छ। नाफा कमाउने कसरी संस्थागत हुन्छ ? जसलाई सामुदायिक स्कुल भनिएको छ, त्यहाँ समुदायका छोराछोरी पढ्दै पढ्दैनन्। सामुदायिक विद्यालय त नामको राजनीति मात्रै हो," माथेमा भन्छन्, "हार्वर्ड विश्वविद्यालय र इटन कलेजमा त्यही स्वामित्व र अपनत्वले काम गरेको हो। विदेशमा हरेक स्कुल, कलेज र विश्वविद्यालयमा विद्वान् र चन्दादातालाई राखेर बोर्ड अफ गभर्नर, बोर्ड अफ ट्रस्टी बन्छन् र तिनले नै त्यसको स्वामित्व लिन्छन्। अपनत्व नै गुमाएको स्थितिमा सुधार कसरी आउँछ ?"

शिक्षाविद् सुरेशराज शर्माका भनाइमा पब्लिक साइन्स कलेज (हाल : अमृत साइन्स) करिब ३० वर्षसम्म राम्रोसँग चल्यो । अमृतप्रसाद प्रधान, सुदर्शन रिजाल, मोतीराज कंसाकार आदिको बोर्ड अफ ट्रस्टी हुन्जेल चम्केको त्यो कलेजले पनि गरिमा गुमाउँदै गयो । "जो प्रिन्सिपल हुनुपर्ने हो, त्यसलाई खोजिएको छैन," शर्मा भन्छन्, "आफ्नो मान्छे भएकै कारण राखिएको छ। प्रिन्सिपल बिग्रेपछि कलेज बिग्रिहाल्छ ।"

एसियाली विकास बैंकले केही वर्षपहिले गरेको श्रीलंका, बंगलादेश र नेपालमा उच्चशिक्षाको स्थिति अध्ययनमा 'ओभर पोलिटिसाइजेसन'लाई नै प्रमुख समस्या औँल्याएको छ। क्याम्पसहरूले राजनीतिक दबाबमा आफूले धान्नेभन्दा ज्यादा विद्यार्थी र शिक्षक राख्नुपरेको छ। पहिले-पहिले आफ्नो पार्टीको मान्छे राख्थे भने अहिले भागबन्डामा राख्न थालेका छन् । हामीकहाँ

'ग्लोबल्ली बेस्ट' भन्ने त छैन नै। नेपालको बेस्ट पनि होइन, पार्टीको बेस्ट पनि होइन, अमूक गुट या व्यक्तिको वफादार नै छानिएको स्थिति छ।

उनको विचारमा निजी क्षेत्रको सफलताको एकमात्र कारण हो, स्वामित्व या अपनत्व। बोर्ड अफ ट्रस्टी या गभर्नर नहुँदा अधिकांश शैक्षिक संस्था बेवारिसे छन्। त्यस्तो निकाय हुन्थ्यो भने त्यसले कति विद्यार्थी राख्ने, शिक्षकलाई कति तलब दिने ? कहाँ खर्च गर्ने, कहाँ कटौती गर्ने ? छात्रवृत्तिका लागि दाता खोज्ने अवस्था हुन्थ्यो।

सँगैसँगै नेतृत्वको संकट औँल्याउँछन्, शिक्षाविद् विद्यानाथ कोइराला। "दरबार हाई स्कुलमा पहिले धनीका छोराछोरी पढ्थे। पछि गरिबका छोराछोरी पढ्न थाले। बिस्तारै गरिबले पनि छाड्न थालेपछि त्यसको हैसियत सकियो। त्रिविमा दरबार या राजा महाराजाको नेतृत्वले इज्जत बचाइराखेको थियो। बिस्तारै पार्टीले नेतृत्व लियो। त्यसले पुरानो गरिमा थाम्न सकेन," कोइराला भन्छन्, "नेतृत्व पार्टीप्रति वफादार भयो, संस्थाप्रति भएन। नेतृत्वले निरन्तरता दिँदो रहेछ। तर, सही नेतृत्व हामीले पाउँदा रहेनछौँ।"

विकल्प धेरै भएपछि पुरानोको प्राथमिकता घट्नु अस्वाभाविक भने होइन। कोइरालाको विचारमा 'इन्स्टिच्युसनल मेमोरी'लाई पटक्कै महत्त्व नदिनु पनि यसको कारण हो। "पश्चिमाहरू इन्स्टिच्युसनल मेमोरीलाई बोक्दा रहेछन्, हामीचाहिँ त्यसलाई तोडेर आफूलाई ठूलो बनाउन खोज्दा रहेछौँ," उनी उदाहरण दिन्छन्, "अर्को समस्या हामीकहाँ पश्चिमा-मोह चर्को छ। त्यसले हामीलाई आफ्नो कुरामा गौरव गर्न दिँदो रहेनछ। वैदिक सनातन धर्मको ओजलाई बकवास मान्ने या धर्म परिवर्तनतिर लाग्ने अरू के छ ?"

त्यसो त तलबमानले बाँच्नै मुस्किल भएकाले नै अन्यत्र धाउनुपरेको जिकिर गर्छन्, कतिपय प्राध्यापक। "सह-प्राध्यापकको तलब ३६ हजार रुपियाँ आउँछ। यति तलबमा मैले कसरी छोराछोरी पढाउने ? कसरी औषधोपचार गर्ने ?" अस्कलका एक शिक्षक भन्छन्, "कक्षाकोठामा त हरेक शिक्षकले सुप्लाको हवाईजहाज उडाइरहेका छौँ, बस्।"

सरकारी स्कुल-कलेज र विश्वविद्यालयमा राम्रा शिक्षक हुँदै नभएका पनि होइनन्। तर, तिनीहरू हेलमेट बोकेर निजी कलेजतिर धाइरहेका हुन्छन्। कलेजमा पढाउने काम भने आंशिक शिक्षकले नै गरिरहेका देखिन्छन्। "कलेजमा ठगी खाने पनि छन्, योग्य पनि छन्," त्रिचन्द्र कलेजका पूर्वसहायक क्याम्पस प्रमुख मधुसूदन गिरी भन्छन्, "गतिला शिक्षक नभएको भए प्राइभेट कलेजले त्रिचन्द्र, अस्कलका प्राध्यापकको नाम बेचेर विद्यार्थी तान्न सक्थे ?"

शिक्षाविद्हरू देशका लागि 'रिजरभ्वाएर अफ नलेज' मान्छन्, विश्वविद्यालयलाई। त्रिविको हकमा मुलुककै 'बेस्ट ब्रेन' छ भनेर गर्व गर्ने अवस्था छैन। न तिनलाई तान्ने रणनीति छ, न त टिकाउने अवधारणा नै। भर्ना, परीक्षा र नतिजाजस्तो सामान्य शैक्षिक क्यालेन्डर पनि पालना हुन सकेको छैन। राम्रो शिक्षक छ भने विश्वविद्यालय राम्रो, विश्वविद्यालय राम्रो छ भने शिक्षक राम्रो। तर, उपकुलपति, रेक्टर, रजिस्ट्रारदेखि डिन, विभागीय प्रमुख र आंशिक शिक्षकसम्ममा राजनीतिक चलखेल हाबी छ।

प्राध्यापक सञ्जीव उप्रेतीका अनुभवमा त्रिवि पहिले पनि खासै राम्रो थिएन। मृतप्रायः पनि होइन। कक्षा-कोठा ठूलो छ भने विद्यार्थीको संख्या धेरै। विद्यमान संरचना अनुसार त्रिविले न मुलुकका ७८ प्रतिशत विद्यार्थीको जाँच लिन सक्छ, न त योग्यताको मापन गर्न नै। "शिक्षकको पारिश्रमिक थोरै छ। एउटा शिक्षक दिनभरि कति ठाउँमा कुद्ने ? रिसर्च ओरिएन्टेड पनि भएन। स्टान्डर्ड जर्नल पनि छैनन्," उप्रेतीको अनुभव छ, "सबैमा जागिरे मानसिकता छ। क्लासमा पढाउने, हिँड्ने, रिडर हुने, प्रोफेसर हुने धन्दा मात्रै भइदियो।"

शिक्षाविद् कोइरालाको विचारमा सार्वजनिक शैक्षिक संस्थाहरू आधुनिकतासित जोडिन सकेनन्। वशियत बोके, बजार बोकेनन्। उनी उदाहरण दिन्छन्, विराटनगरका आदर्श बालिका विद्यालयलाई। "हिजो नेपालीमा पढाउँथ्यो, अहिले अंग्रेजीमा पढाउँछ, प्रविधिलाई समातेको छ र बिस्तारै इज्जत कमाउन थालेको छ," उनी भन्छन्, "बजारलाई भित्र्याउँदा संस्था टिक्दो रहेछ। छाड्यो भने हराउँदो रहेछ।" ◆

आँधीबेहरी झेलेर उठेकै दिगो

सुरेशराज शर्मा
संस्थापक उपकुलपति
काठमाडौं विश्वविद्यालय

म रग्बी, इटन, सेन्ट पल आदि बेलायतका टप फाइभ स्कुल पुगेको थिएँ। पाँच सय वर्ष पुराना ती स्कुलको स्तर कहिल्यै पनि तल झरेको रहेनछ। जमिन कति छ भनेर सोध्दा कसैले पनि यकिन जवाफ दिन सकेनन्। आँखाले देखेजति सबै स्कुलको।

अक्सफोर्ड युनिभर्सिटी एक हजार वर्ष भयो। उसले आफ्नो स्ट्यान्डर्ड एकरत्ति घटाएको छैन। पुराना सूत्र रटेको छैन, बरू रिफाइन गर्दै लगेको छ। लन्डन युनिभर्सिटी पाँच सय वर्षको भयो।

छिमेकी भारतमै मदनमोहन मालवीयले खोलेको बनारस हिन्दु विश्वविद्यालय (बीएचयू) पनि १ सय ५० वर्षसम्म लगातार चम्केकै छ। हामीकहाँ त १ सय ५० वर्ष त कुरै छाडौं, १५ वर्ष पनि राम्रो हुन दिइएको छैन संस्थालाई। ६० वर्ष पुगेको सबैभन्दा जेठो विश्वविद्यालय नै लरबराएको देख्नुपर्‍यो।

काठमाडौँका दरबार हाई स्कुल, जुद्धोदय, पद्मोदय आदि स्कुल बोर्ड फस्ट आइरहन्थे। मैले पढेको जनकपुरको सरस्वती पब्लिक स्कुल पनि सातपल्ट बोर्ड फस्ट आएको थियो। अब दरबार हाई स्कुल र त्रिचन्द्र कलेजलाई राम्रो छ भन्ने कि राम्रो थियो भन्ने ? एक नम्बरको ठाउँ त अर्कैले लिइसक्यो। राम्रा विद्यार्थीले त्यतातिर हेर्दै हेर्दैनन्। सरकारी विद्यालयको हेडमास्टरलाई राख्न पनि सकिन्न, झिक्न पनि सकिन्न। उसले आफू पनि चलाउन सक्दैन, अरूलाई पनि चलाउन दिँदैन। उसले कामभन्दा ज्यादा बुद्धि आफूलाई टिकाउनमै लगाउँछ।

सरकारले अरूलाई चाहिँ नीति बनाइदिने, आफूले चलाएको संस्था राम्रो बनाउन नसक्ने ? त्रिविले आफूलाई ठूलो साइज भएर हुन्छ ? राम्रो क्वालिटी दिनुपर्‍यो। सिंगापुर काठमाडौं उपत्यकाजत्रो छ। तर, सानो छ भनेर चुनौती दिन्छ त चीनले ?

काठमाडौं विश्वविद्यालय २५ वर्ष मात्र भयो। कुनै पनि संस्था आफू हुन्जेल मात्र होइन कि जीवनपर्यन्त राम्रो हुनुपर्छ। नेतृत्वले जस मात्र खोज्ने होइन, अपजसबाट पनि बच्नुपर्छ। संस्थाको जीवनमा संकट, आँधीबेहरी या भूकम्प आउँदैन भन्ने होइन। त्यो दिनलाई पार लगाउने क्षमता भयो भने मात्रै संस्था बच्छ। त्यो दिन नआउँदासम्म के हुन्छ ? यसै भन्न सकिन्न।

नेपालमा जसले परिपाटी बनाउने जिम्मा लिएको छ, बिगारेको उसैले हो। मलाई कतिखेर दुःख लाग्छ भने परिपाटी बनाउन हामी चनाखो भएनौँ। राणाका पालाको नहरले अहिले पनि काम दिएको छ। त्यही हो दिगोपन भनेको। बनाउने मात्र होइन, चलाउने मान्छे पनि इमानदार हुनुपर्‍यो।

Arogin
HEALTH CARE & RESEARCH CENTRE

World Class HAIR TRANSPLANTATION

कपाल प्रत्यारोपण : जानकारी

कपाल प्रत्यारोपण एक आफ्नै टाउकोको पछाडिको भाग अथवा दाह्रीबाट कपालको जरा निकालेर अगाडी सार्ने प्रक्रिया हो । रोपिएको कपाल प्राकृतिक रूपले बढ्छ र यो हाम्रो सामान्य कपाल जस्तै प्रकृतिको हुन्छ ।

विश्वमा अहिले ३ वटा प्रबिधिबाट कपाल प्रत्यारोपण गरिन्छ जसमा FUT (Folicular Unit Transplant), FUE (Folicular Unit Extraction) र अहिले आएको र हाम्रो सेन्टरमा हुने IHT (Immediate Hair Transplantation) रहेका छन्।

कपाल प्रत्यारोपण एक सामान्य प्रक्रिया हो र यसमा कुनै अस्पताल भर्ना हुन पर्दैन ।

तालुपनबाट मुक्ति पाउनका लागि यो एक मात्रै उपाय हो ।

Type HAIR & SMS to **9801143423** for **FREE CONSULTATION**

Or call us on **01-44 23 423**

OUR OTHER SERVICES:

- Hair fall control
- Hair transplantation on scar
- Eyebrow transplantation
- PRP therapy for Hair
- Mesotherapy

कसले सम्पर्क गर्ने?

तालु खुइलिएको तर पछाडिको भागमा बाक्लो कपाल भएको पुरुषहरुले
अगाडीको भाग एकदमनै पातलो देखिदै गएको महिलाहरुले

- तन्नेरी अवस्थामा नै कपाल पातलो हुदै गएको युवावर्गले
- घाउचोट लागेर अथवा आगोले पोलेर बसेको दागमा
- कपाल रोप्न पर्ने।

बिहान ९:०० बजे देखि बेलुका ६:३० सम्म

For Appointment: **9801143423 / 9801143425**

WE ARE OPEN ON
SATURDAYS
TOO

AROGIN HEALTH CARE & RESEARCH CENTRE PVT. LTD

05, Bishalnagar, Baluwatar, Kathmandu
01 4423423 / 25 / 35
hairclinic@aroginhealthcare.com
www.aroginhealthcare.com

Finance Partner:
NABIL BANK®

मारमा विद्यार्थी

हरेक विभागमा १० भन्दा कम विद्यार्थी भर्ना हुन नपाउने त्रिवि नियम

■ विभु लुइटेल

अर्थशास्त्र, इतिहास, भूगोल, मनोविज्ञान, दर्शनशास्त्रजस्ता विषयमा उच्चशिक्षा लिने योजनामा हुनुहुन्छ ? त्यस्तो हो भने तपाईंका लागि त्रिभुवन विश्वविद्यालयको एउटा असुविधाजनक खबर छ। त्रिविले आंगिक क्याम्पसहरूमा कुनै विषयका लागि १० भन्दा कम विद्यार्थी आए भर्ना रोक्ने नियम ल्याएको छ । यो नियम अहिलेको शैक्षिक सत्रबाटै काठमाडौंलगायत देशैभरिका आंगिक क्याम्पसमा कार्यान्वयनमा लगिनेछ। यस्तो नियमपछि विद्यार्थी प्रभावित हुने संकेत त्रिविकै पदाधिकारीले दिएका छन्।

कुनै विषयमा दुई-तीन जना मात्रै विद्यार्थी आए तिनलाई पढाउन धेरै जनशक्ति जुटाउन त्रिविले नसक्ने तर्क गर्छिन्, रेक्टर प्रा सुधा त्रिपाठी । भन्छिन्, "विद्यार्थीलाई केही फरक पर्ने होइन। जुन कलेजमा भए पनि पढ्न पाए भइहाल्यो। हामीले कम जनशक्ति प्रयोग गर्न यस्तो निर्णय लिएका हौं ।"

यो निर्णयले त्रिविलाई फाइदा पुग्ने देखिए पनि रोजेको क्याम्पसमा रोजाइका प्राध्यापकसँग पढ्नबाट धेरै विद्यार्थी भने वञ्चित हुनेछन्। विज्ञान र व्यवस्थापनजस्ता संकायमा विद्यार्थीको संख्या पर्याप्त हुने गरे पनि मानविकीमा तुलनात्मक रूपमा विद्यार्थी भर्ना क्रम बर्सेनि घट्दो छ । भर्ना रोक्नुपर्ने आवश्यकता किन पर्‍यो ? त्रिपाठी भन्छिन्, "यो सरकारी विश्वविद्यालय हो । सरकारले हामीलाई पैसाको छेलोखेलो गरिदिएको छैन। त्यसैले प्रत्येक विद्यार्थीको चित्त बुझाउन पनि सक्दैनौं । कसैलाई चित्त नबुझे प्राइभेटमा जान्छन्।"

विसं ०२८ पछि नेपाली शिक्षामा केही उल्लेखनीय परिवर्तन भए । त्यसमध्येको एक हो, सेमेस्टर प्रणाली । त्रिविले शिक्षामा अन्तर्राष्ट्रियकरण गर्ने उद्देश्यले स्नातकोत्तर तहका लागि आफ्ना सबै केन्द्रीय विभाग तथा आंगिक क्याम्पसमा यो प्रणाली लागू गर्‍यो। यो प्रणाली अन्तर्गत कक्षामा अनिवार्य हाजिर हुनुपर्ने नियमले विद्यार्थी असन्तुष्ट भए। फलस्वरूप, अघिल्ला वर्षमा भन्दा भर्ना संख्या एकाएक ह्वात्तै घट्यो।

०३६ मा सेमेस्टर प्रणाली बन्द गरी पुनः वार्षिक प्रणाली ल्याइयो। यस प्रणालीमा हाजिर अनिवार्य हुँदैन । सोही कारण क्याम्पसमा भर्ना गर्न आउने विद्यार्थीको संख्या बढ्यो । अझ कति त आफैं भर्ना गर्न पनि आउँदैनथे, अरूलाई पठाउँथे । सेमेस्टर पद्धतिमा जस्तो विद्यार्थीले हाजिरको मापदण्ड पूरा नगरे पनि बोर्ड परीक्षा दिन पाउने भए। "यस्तो अवस्थामा भर्ना भएका विद्यार्थी संख्या उल्लेख्य रूपमा धेरै भए पनि क्याम्पसमा नियमित गएर अध्ययन गर्ने भने कम हुन थाले। त्यसैले थोरै विद्यार्थी उत्तीर्ण हुन्थे," त्रिविका उपकुलपति प्रा तीर्थ खनियाँ भन्छन्।

संसारका विकसित मुलुकमा मात्र नभई विकासोन्मुख मुलुकका विश्वविद्यालय तथा कलेजहरूमा पनि त्यतिबेला सेमेस्टर प्रणाली नै बढी प्रचलनमा थियो । यस्तो अवस्थामा



विद्यार्थी संख्या उल्लेख्य रूपमा धेरै भए पनि क्याम्पसमा नियमित गएर अध्ययन गर्ने भने कम हुन थाले । त्यसैले थोरै विद्यार्थी उत्तीर्ण हुन्थे ।

• तीर्थ खनियाँ
उपकुलपति, त्रिवि

सरकारले हामीलाई पैसाको छेलोखेलो गरिदिएको छैन । त्यसैले प्रत्येक विद्यार्थीको चित्त बुझाउन पनि सक्दैनौं । कसैलाई चित्त नबुझे प्राइभेटमा जान्छन् ।

• सुधा त्रिपाठी
रेक्टर, त्रिवि



काठमाडौंको एक क्याम्पसको विद्यार्थीलाई अर्कोमा पठाउन सकिएला । तर, नजिकै अर्को क्याम्पस नै नभएका स्थानका विद्यार्थीलाई के गर्ने ?

• ताराकान्त पाण्डेय
सहायक डिन, त्रिवि मानविकी संकाय

नेपालको सबैभन्दा ठूलो विश्वविद्यालय त्रिविमा वार्षिक प्रणाली चलाइएको हुँदा विश्व मानचित्रमा नेपाल शैक्षिक क्षेत्रमा पछि परेको महसुस गर्न थालियो । शैक्षिक पद्धतिलाई समयानुकूल बनाउन भए पनि सेमेस्टर प्रणाली पुनः लागू गर्नुपर्ने बाध्यता आइपर्‍यो ।

"विद्यार्थी र शिक्षक दुवैलाई पठनपाठनका सन्दर्भमा सक्रिय बनाउन आवश्यक थियो । त्यसैले हामी फेरि सेमेस्टरमै गयौं," खनियाँ अनुभव सुनाउँछन् । यसमा थुप्रै कठिनाइ आइपरे । अर्थ व्यवस्थापन, नयाँ पाठ्यक्रम निर्माण, उचित कार्यक्रम सञ्चालन आदि कार्य गर्नु कम चुनौतीपूर्ण थिएन । तर पनि मुलुकको उच्च शिक्षालाई राम्रो गति दिन विश्वविद्यालयले जोखिम पुनः उठायो । सुरुमा त्रिविका केन्द्रीय विभागहरूमा यो प्रणाली लागू गरियो । त्यसपछि काठमाडौं उपत्यकामा रहेका आंगिक क्याम्पसहरू अनि केही समयपछि देशभरका कलेज तथा क्याम्पसहरूमा स्नातकोत्तर तहका लागि सेमेस्टर प्रणाली सुरु गरियो ।

विश्वविद्यालयको सेमेस्टर प्रणालीको प्रभावकारिताबारे चर्चा गर्छन् उपकुलपति खनियाँ । भन्छन्, "आजको भोलि नै यसले सकारात्मक परिणाम दिन्छ भन्न मिल्दैन । क्रमशः सुधार हुँदै जाने हो ।" शिक्षकहरूको विषयगत तयारी, शैक्षिक सामग्रीको उपलब्धता, विद्यार्थी तथा शिक्षकको नियमितता, परीक्षा सञ्चालनका तरिका आदि-इत्यादि वार्षिकमा भन्दा सेमेस्टरमा भिन्न हुने हुँदा सम्बन्धित सबैलाई यो प्रणालीमा अभ्यस्त हुन समय लाग्ने उनको तर्क छ । जतिसुकै कठिन भए पनि अब वार्षिक प्रणालीमा नफर्कने बताउँछन् उनी । बिस्तारै स्नातक तहका हरेक कार्यक्रमलाई पनि यसै पद्धतिमा ढाल्दै जाने त्रिविको योजना रहेको उनको भनाइ छ । खनियाँकै कुरालाई सापटी लिने हो भने पनि यो प्रणाली पुनः सुरु भएको करिब तीन दशक बितिसकेको छ । तर, यसमा अभ्यस्त हुन सबैलाई अझ कति समय लाग्छ, त्यसबारे चाहिँ उनले बताएनन् ।

धेरै कोणबाट हेर्दा वार्षिक प्रणालीभन्दा सेमेस्टर प्रणालीका उपयोगिता बढी छन् । तर, नेपालका सन्दर्भमा भने यसको प्रभावकारिता त्यति उपलब्धिमूलक देखिएको छैन । उपत्यकाबाहिर कतिपय जिल्लामा त्रिविको एउटा मात्र क्याम्पस रहेको छ । त्यस्तो क्याम्पसमा १० भन्दा कम विद्यार्थी भर्ना भए के गर्ने भन्ने विषयमा प्रा त्रिपाठी र मानविकी संकायका सहायक डिन ताराकान्त पाण्डेयका भनाइ भने बेग्लाबेग्लै छन् । "उपत्यकाबाहिर हालै सेमेस्टर प्रणाली थालनी भएको हो । १० भन्दा कम विद्यार्थी भएमा उपत्यकाको जस्तै नियम त्यहाँ पनि लागू हुन्छ," त्रिपाठी भन्छिन् । यसमा पाण्डेयको भने फरक मत छ । यो नियम सबैतिर लागू गर्न सम्भव छैन । इलामका विद्यार्थीलाई धरान पठाउन सकिएला । काठमाडौंको एक क्याम्पसको विद्यार्थीलाई अर्कोमा पठाउन सकिएला । तर, नजिकै अर्को क्याम्पस नै नभएका स्थानका विद्यार्थीलाई के गर्ने ?

त्रिविले चालू शैक्षिक सत्रदेखि देशैभरका क्याम्पसमा कार्यान्वयनमा ल्याएको सेमेस्टर प्रणालीको विद्यार्थी संगठनहरूले भने विरोध गरेका छन् । १० जनाभन्दा कम भर्ना नलिने त्रिविको निर्णयले विद्यार्थीको भविष्यमाथि खेलबाड गर्ने अनेरास्ववियु शैक्षिक विभाग प्रमुख माधव पन्तले बताए । सोही कारण अनेरास्ववियुले त्रिविको पछिल्लो निर्णयको विरोध गर्नुपरेको तर्क उनले दिए । त्रिविको निर्णयको विरोधस्वरूप त्रिवि रेक्टर र रजिस्ट्रारलाई अनेरास्ववियुले ज्ञापनपत्र बुझाएको छ । पुनः प्रवेश परीक्षा खोलिनुपर्ने मागसहितको ज्ञापन बुझाइएको पन्तको भनाइ छ ।

नेपाली केन्द्रीय विभागमा पहिले थुप्रै विद्यार्थी हुने गर्थे । पछिल्लो समय विद्यार्थी संख्या घट्दै गएको छ । हिन्दी, संस्कृतजस्ता विषयमा भने पहिलेदेखि नै थोरै विद्यार्थी हुने गर्थे । ती विभागमा प्राध्यापक धेरै छन् । यस्ता विभागलाई एउटै बनाएर अध्ययन-अध्यापन गराएको भए सहज हुने त्रिपाठी बताउँछिन् । "मेरा तर्फबाट विश्वविद्यालय हितका लागि अनेकौं पहल भएका छन् । तर, काम गर्न खोज्दा कसैको साथ-सहयोग नै पाइरहेकी छैन," उनको गुनासो छ ।

विभागमा विद्यार्थी संख्या बढ्न नसक्नुमा प्राध्यापकहरूको क्षमतामाथि प्रश्न गर्छिन् उनी । रेक्टर हुनुअघि उनी पनि नेपाली केन्द्रीय विभागकी प्राध्यापक थिइन् । त्यसबेला पनि विद्यार्थी संख्या कम नै हुने गर्थ्यो ।

विद्यार्थी भर्ना होलान् र पढाउँला भन्ने मानसिकता भएका प्राध्यापकमाथि भने थोरै विद्यार्थी हुँदा वा शून्य हुँदा नैतिक दबाव सिर्जना भएको उपकुलपति खनियाँ बताउँछन् । उनका अनुसार हरेक अध्यापकका निम्ति यो पाठ्यक्रम संशोधन-परिमार्जन गर्ने एउटा राम्रो अवसर हो । विश्वका अन्य विश्वविद्यालयमा प्राध्यापकको जिम्मेवारी भनेको विषयगत अध्ययन-अनुसन्धान गर्ने र सोही अनुरूप विद्यार्थीलाई पढाउने हुन्छ । विद्यार्थी खोज्ने काम व्यवस्थापनको हुनुपर्ने हो । तर, त्रिविमा यसको अभिभारा पनि प्राध्यापककै काँधमा आइपरेको देखिन्छ । ◆

बौद्ध इतिहासको उपेक्षा

बुद्ध जन्मेको देशमा उनकै अनुयायीलाई देश निकाला

हिमेश

जति बेला पनि लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति नरेशमान बज्राचार्य निराश भेटिन्छन् । उनको आशय एउटै हुने गर्छ- नेपालमा हामीले गर्नुपर्ने धेरै बाँकी छ । यस्तै अवस्था दुण्डबहादुर बज्राचार्यको पनि छ । उनी बौद्ध धर्मको आधिकारिक ग्रन्थ *त्रिपिटक*का जानकार हुन् । उनी पनि कहिलेकाहीँ निराश सुनिन्छन् । भन्छन्, "नेपालमा बौद्ध धर्मका लागि जे हुनुपर्ने हो, त्यो भइरहेको छैन । जे हुनु नपर्ने हो, खालि त्यो भइरहेको छ । जसले बौद्ध धर्म र नेपालमा त्यसको स्थितिबारे बुझ्ने गम्भीर प्रयास गरेका छन्, तिनका लागि बुद्ध वाज बर्न इन नेपालको नारा चर्काउने प्रयास हुँदा चित्त बुझ्दैन । दुःख लाग्छ । उनीहरूलाई खासै सतही काम लाग्छ, यो ।"

पछिल्लो पटक यही नारा दिएर कीर्तिमानी संख्यामा भीड जम्मा गर्ने प्रयास भयो, केहीले यसलाई के-के न भयोजस्तो माने । तर, जसले यो धर्मको अध्ययन गरिरहेका छन्, तिनका लागि यसको कुनै अर्थ छैन । त्रिवि केन्द्रीय इतिहास विभागका प्रमुख शंकर थापा पनि बौद्ध धर्मका जानकार हुन् । उनको विदेशी बौद्ध विद्वान्सँग बाक्लो सम्बन्ध छ । भन्छन्, "सिद्धार्थ गौतम लुम्बिनीमा जन्मेका हुन् । उनको जन्मभूमि अहिलेको आधुनिक नेपालको सीमाभित्र पर्छ, यो धर्म अध्ययन गर्ने सबैलाई थाहा छ । उनीहरू यसलाई ठूलो मुद्दा बनाउनुपर्ने आवश्यकता ठान्दैनन् ।" उनको प्रश्न छ, "नेपालले अहिलेसम्म बौद्ध धर्मका लागि के गर्‍यो ? साँच्चै बुद्ध वाज बर्न इन नेपाल मात्र भनिरहँदा के नै हुन्छ र ? उत्तिकै ठूलो दुःख के पनि हुने गरेको छ भने बुद्धको वास्तविक शिक्षा के थियो ?" त्यसबारे नेपालमै धेरैले कम बुझेका छन् । अनित्य, अनात्मा र दुःख बौद्ध धर्मको सिद्धान्तका आधार हुन् । यसमै टिकेर ठूलठूला दार्शनिक चिन्तन र सिद्धान्त तयार छन् । यसबारे साँच्चै धेरैलाई कम थाहा छ, थाहा पाउन प्रयास गर्ने हो भने स्रोत पनि कम छ ।

बौद्ध धर्मको साँच्चै गम्भीर अध्ययन गर्ने हो भने कि त भारतीय प्रकाशनलाई नै आधार मान्नुपर्छ, होइन भने पश्चिमेली प्रकाशन र अरू बौद्ध एसियाली देशका स्रोतमा । यसपटक १७ वैशाखमा बुद्ध जयन्ती परेको छ । सिद्धार्थ गौतमको जन्म भएको र ज्ञान प्राप्त गरेको दिन पनि यही हो । अनि, परिनिर्वाण हासिल गरेको दिन पनि । त्यसैले यो दिनको ठूलो महत्त्व छ । यसै सेरोफेरोमा फेरि एकपल्ट दोहोर्‍याएर इतिहास पल्टाउनु ठीक हुन्छ, वर्तमानको विश्लेषण गर्नु जायज हुन्छ ।

खासमा नेपालमा बौद्ध धर्मको आधुनिक इतिहास भनेकै दमन, विद्रोह, द्वन्द्व र पुनःनिर्माण हो । यसलाई बुझेपछि मात्र कसैले 'यस्तो थियो, यस्तो हुनुपर्ने रहेछ' भन्न सक्छन् । खासमा बौद्ध धर्मको समग्र आधुनिक इतिहास पनि यही हो, यस धर्ममाथि भएको दमन, त्यसविरुद्ध विद्रोह । यही धर्म मान्नेबीच द्वन्द्व अनि त्यसको पुनः

तस्बिर : रवि मानन्धर

निर्माण । लिच्छवि र मल्लकालमा नेपालमा बौद्ध धर्मको स्थिति के-कस्तो थियो, त्यो धेरै लेखियो । आधुनिक समयमा के भयो ? त्यसबारे कम लेखिएका छन्, धेरैले यसबारे झन् कम बुझेका छन् ।

लुम्बिनीको खोज

केही सय वर्षअगाडि मात्र हो, बौद्ध धर्मबारे गम्भीर अध्ययन सुरु गरेको, विशेषतः पश्चिमेली विद्वान्बाट । पश्चिमेली विद्वान्ले बौद्ध धर्म र साहित्यको अध्ययन अनि त्यसको प्रकाशनले यो धर्मप्रति अन्तर्राष्ट्रिय रुचि बढेको हो । ठीक यही बेला बौद्ध धर्म मान्ने एसियाली देशहरूमा पनि पुनःजागरण सुरु भयो, विशेषतः श्रीलंकामा । बौद्ध धर्ममा श्रीलंकाको ठूलो देन छ । र, त्यहाँ चलेको धर्मको पुनःउत्थानले अरू देशलाई उत्तिकै प्रभाव पारेको इतिहास छ ।

यसै क्रममा पहिलो पल्ट सिद्धार्थ गौतमको जन्म कहाँ भयो भनेर खोज सुरु भएको हो । सन् १८९६ डिसेम्बरमा, सिद्धार्थ गौतमको जन्मस्थान लुम्बिनी हो भनेर फेरि पत्ता लाग्यो । त्यसअगाडि के भयो त ? इतिहासका लागि निकै महत्त्वपूर्ण हुन्छ, यो विषय । सन् १८०० तिर युरोपमा बौद्ध धर्म लोकप्रिय हुन थालेको थियो । केही युरोपेली भाषामा प्रमुख बौद्ध साहित्य पनि अनुवाद भए । यसबाट युरोपेली विद्वान् यसतर्फ आकर्षित भए । बौद्ध धर्मबारे थप खोजी हुने क्रम सुरु भयो ।

त्यतिबेला भारतमा बेलायतको उपनिवेश थियो । त्यसै क्रममा भारतीय पुरातात्त्विक सर्वेक्षण विभाग स्थापना भयो । अनि, रोयल एसियाटिक सोसाइटीजस्तो संस्था अस्तित्वमा आयो । ब्राह्मी लिपिबारे धेरै अनुसन्धान भयो र पढ्न सकिने भयो । बौद्ध साहित्यका रूपमा पालिको अपार भण्डार थियो नै । यस्तोमा लुम्बिनीसँगै बुद्धगया, सारनाथ र कुशीनगरबारे खोजी सुरु भएको थियो । यसमध्ये लुम्बिनीबारे धेरै पछि मात्र जानकारी आएको हो ।

पालि साहित्यसँगै फाहियान र युआन च्वाङको यात्रा-विवरणका आधारमा लुम्बिनीको खोजी भएको हो । सुरुमा लुम्बिनी अहिलेको भारतको उत्तरप्रदेशमा रहेको अनुमान थियो । त्यसका लागि पुष्टि गर्ने आधार भने थिएन । तैपनि, त्यतिबेला केहीले सिद्धार्थ गौतम भारतमा जन्मेका हुन् भनेर लेखे । नेपालमा राणा शासन चलिरहेको थियो । र, तराईको चारकोशे जंगल फँडानी पनि सुरु भइसकेको थियो । त्यहाँका बडाहाकिम थिए, खड्गशमशेर । काठमाडौँमा भने वीरशमशेरको शासन थियो ।

त्यसैबेला हो, कामदारले जंगलभित्र ढुंगाको स्तम्भ भेट्टाएको । पछि खड्गशमशेरले पनि यसबारे जानकारी पाए । सन् १८९६ डिसेम्बरमा जर्मन पुरातत्त्वविद् फुहरर त्यहाँसम्म पुगे । प्राप्त अशोक स्तम्भको शिलालेखमा लेखिएको उतारिएपछि ब्राह्मी लिपि विशेषज्ञ हुल्जले लुम्बिनी नै गौतम बुद्धको जन्मस्थल रहेको पुष्टि गरे, जुन वास्तवमै ऐतिहासिक उपलब्धि थियो । फुहरर भारतीय पुरातत्त्व विभाग अन्तर्गतका पुरातत्त्वविद् हुन् । उनीपछि पीसी मुखर्जी आए र अनुसन्धान अगाडि बढाए ।

खस राजा रिपु मल्लले लुम्बिनी भ्रमण गरेयता यो क्षेत्र ओझेलमा पर्न सुरु भयो । आठ सय वर्ष लुम्बिनीको स्थिति अज्ञातजस्तै रह्यो । त्यसबीचमा के भयो भनेर अनुमान मात्र गर्न सकिन्छ । त्यस समयमा त्यहाँ ठूलो भोकमरी चलेको हुन सक्छ । बाढीपहिरो गएको हुन सक्छ अथवा भयानक आगलागी भएको हुन सक्छ । यस्तै कुनै प्राकृतिक प्रकोपका कारण लुम्बिनी त्यति लामो समय जानकारीबाहिर रहेको हुनुपर्छ । जेहोस्, लुम्बिनीको खोजपछि पनि यसको विकास र विस्तारमा धेरै समय खर्चियो ।

संयुक्त राष्ट्रसंघका तत्कालीन महासचिव उ-थान्तले लुम्बिनी भ्रमण गरेयता यसले केही गति लिएको हो । सन् १९६७ तिर लुम्बिनी पुग्दा त्यसको दयनीय स्थिति देखेर बर्मेली बौद्ध धर्मका अनुयायी उनी रोएका थिए भनिन्छ । अहिले लुम्बिनीमा धेरै विकास भएको छ, अझै धेरै विकास गर्नुपर्ने बाँकी छ । अझै लुम्बिनी पुग्नुपर्छ, विशेषतः त्यहाँ भइरहेको सुस्त विकास र वरिपरिको प्रदूषणले धेरैको मन रुन्छ । यस्तोमा बुद्ध लुम्बिनीमा मात्र जन्मेको भनिरहनुको के अर्थ ?

त्रिपिटक र नेपाल

बुद्धले बुद्धत्व प्राप्तिदेखि महापरिनिर्वाणसम्म धर्मसम्बन्धी उपदेश लगातार दिइरहे । बुद्धले उपदेश न कुनै एक खास व्यक्तिलाई मात्र दिएका थिए, न त एक खास स्थानमा । उनले आफूद्वारा स्थापित संघका लागि आवश्यकता अनुसार नियम पनि बनाए । बुद्धको समयसम्म यी सबै उपदेश मौखिक थिए । उनका शिष्यले त्यसलाई कण्ठस्थ पार्थे । भिक्षुहरूमा सबैसँगै मिलेर कण्ठस्थ पार्ने चलन थियो । बुद्धको महापरिनिर्वाणपछि उनका मुख्य-मुख्य शिष्यले माने, सबै उपदेशको संग्रह गर्नुपर्छ ।

भिक्षु महाकश्यपले बुद्धको उपदेश संग्रह

> **नेपालमा बौद्ध धर्मका लागि जे हुनुपर्ने हो, त्यो भइरहेको छैन । जे हुनु नपर्ने हो, खालि त्यो भइरहेको छ ।**
>
> – दुण्डबहादुर बज्राचार्य

> **नेपालमा बौद्ध धर्ममा हामीले गर्नुपर्ने धेरै बाँकी छ । बौद्ध धर्मको विकास र विस्तारका लागि खासै ठूलो काम हुन नसकिरहेको स्थिति छ ।**
>
> – नरेशमान बज्राचार्य

गर्न सम्मेलन गर्ने निर्णय गरे । त्यतिबेला उनले लगभग संघको नेतृत्व गरिरहेका थिए । बौद्ध धर्मको इतिहासमा यस्ता सम्मेलन संगायनाका नामले प्रख्यात छन् । बुद्ध महापरिनिर्वाणको तीन महिनापछि पहिलो संगायना भएको थियो । सात महिना चलेको यस संगायनामा पाँच सय भिक्षुले सहभागिता जनाए । यसै क्रममा धर्म र विनयसम्बन्धी उपदेश संकलन गरिए । बुद्ध वचनलाई स-साना भागमा विभाजन गरियो ।

त्यसलाई मौखिक परम्परा अनुसार सुरक्षित राख्न फरक-फरक भिक्षुका संघलाई जिम्मा दिइयो । आफ्नो भागमा परेको अंशलाई भिक्षु संघले पाठ गर्ने काम सुरु गरे । यसरी सुदीर्घ परम्परा सुरु भयो र सुरु भयो, बुद्ध वचन सुरक्षित गर्ने काम । ईसापूर्व २९ तिर भिक्षुहरूले फेरि अनुभव गरे, मौखिक परम्पराले बुद्ध वचन सधैंका लागि चिरस्थायी हुने छैन । यसलाई लिपिबद्ध गर्न आवश्यक छ । त्यतिबेला श्रीलंकामा राजा बट्टगामिणीको शासन थियो ।

उनले बुद्ध वचन लिपिबद्ध गर्ने व्यवस्था मिलाए । यसका लागि एक अर्को संगायन भयो । यो टिपिटक संगायनाका नामले प्रख्यात छ । टिपिटक अर्थात् त्रिपिटक । अर्थात्, तीन थैलीको समूह । यी हुन्, सुत्तपिटक, विनयपिटक र अभिधम्मपिटक । सुत्तपिटकमा बुद्ध उपदेश संकलित छन् । विनय पिटकमा भिक्षुका नियम छन् । अभिधम्मपिटकमा बुद्ध दर्शन । "त्रिपिटक अध्ययन नगरेर कसैले बौद्ध धर्म बुझेँ भन्छ भने त्यो सरासर गलत हो," दुण्डबहादुर बज्राचार्य भन्छन् ।

यिनै दुण्डबहादुरले नेपाल भाषामा *त्रिपिटक*का धेरै ग्रन्थ प्रकाशित गरिरहेका छन् । केही समयमै सम्पूर्ण *त्रिपिटक* नेपाल भाषामा उपलब्ध हुनेछ । तर, नेपाली भाषामा ? एकाधभन्दा बढी ग्रन्थ नेपालीमा अनुवाद भएको छैन । नेपाली छाडेर नेपालका राष्ट्रिय भाषामा *त्रिपिटक*को उपस्थिति लगभग शून्यजस्तै छ । सिद्धार्थ गौतम नेपालमा जन्मेका हुन् भनेर दाबी गरिरहनु र बौद्ध धर्मको मुख्य आधार नै नेपालका भाषाहरूमा नहुनु विडम्बना होइन ?

बौद्ध धर्मको स्रोत संस्कृत

बौद्ध धर्मलाई पालि र संस्कृत भाषामा लेखिएका ग्रन्थका आधारमा पनि विभाजन गर्ने गरिन्छ । यहाँनेर उल्लेख गर्नैपर्ने हुन्छ, नेपाल बौद्ध धर्मका लागि सबैभन्दा ठूलो स्रोत हो । अझ भनौं- काठमाडौं उपत्यका । यहाँ धेरै संख्यामा महायानी बौद्ध ग्रन्थ सुरक्षित छन् भन्ने तथ्य बाहिर आएको पनि केही सय वर्ष मात्र भयो । यसअघि यसबारे थाहा थिएन । यसको श्रेय राणा शासनमा नेपाल आएका बेलायती ब्रायन हड्सनलाई जान्छ । उनले नै पहिलो पल्ट यसबारे पश्चिममा जानकारीमा ल्याए ।

त्यतिबेला यसले बौद्ध धर्मको इतिहासमै क्रान्ति ल्याएको थियो । काठमाडौंका नेवारले महायानी बौद्ध-साहित्यका लगभग सम्पूर्ण साहित्य हस्तलिखित ग्रन्थका रूपमा सुरक्षित राख्नुलाई ठूलो उपलब्धि मानिन्छ । यसमा सबैभन्दा प्रमुख रहेको छ, नवग्रन्थ । यसमा प्रज्ञापारमिता, ललितविस्तर, लंकावतार, सुवर्ण प्रभास, गण्डव्युह, सद्धर्मपुण्डरिक, दशभूमि, तथागत गुह्यक र समाधिराज पर्छन् । यी सबै अहिले नेपाल भाषामा उपलब्ध छन् । तर, नेपालीमा छैन भने हुन्छ, केहीलाई छाडेर ।

जबकि, यी ग्रन्थ तिब्बती, चिनियाँ, जापानी र कोरियाली भाषामा भने उपलब्ध छन् । काठमाडौं उपत्यकामा मान्ने बौद्ध धर्मलाई पछिल्लो समय नेपालमण्डलको बौद्ध धर्म पनि भन्ने गरिन्छ । केहीले यसलाई नेवार बौद्ध धर्म पनि भन्ने गरेका छन् । पालि बौद्ध-साहित्यलाई अहिलेसम्म जीवन्त राख्न श्रीलंकाको जति योगदान छ, त्यस्तै संस्कृत बौद्ध धर्ममा नेपालको योगदान छ । बुझ्नैपर्ने के हो भने पालि र संस्कृत बौद्ध-साहित्य एकआपसमा फरक छन् ।

बौद्ध धर्मको पुन:निर्माण

शाहकालमा नेपालमा बौद्ध धर्म कमजोर हुन थालेको र राज्यका तर्फबाट विभेद तथा दमन सुरु भएको मानिन्छ । विशेषत: राणाकालमा बौद्ध धर्ममाथि चरम दमन सुरु भएको थियो । एकातर्फ बौद्ध धर्मप्रति विभेदपूर्ण कानुन बने भने अर्कोतर्फ राज्यबाटै यसलाई फरक व्यवहार गरियो । राणा शासनमा बौद्ध धर्मलाई विदेशी धर्म मानिन्थ्यो । अझ स्पष्ट रूपमा भोटे धर्म भनिएको इतिहास छ । स्थिति कतिसम्म भने राणा शासकले चिवर लगाएका भिक्षुहरूलाई समेत देश निकाला गरेका थिए । बुद्ध जन्मेको देशमा उनकै अनुयायीलाई देश निकाला ?

इतिहासमा कारुणिक स्थिति बनेको छ, यो । राणा शासनको समाप्तिको सुरुआती केही समय देश बौद्ध धर्मप्रति उदार देखिए पनि पछि फेरि यो अनुदार बन्यो, पञ्चायत कालमा । पश्चिमेली विश्लेषकले भनेका छन्, नेपालमा बौद्ध धर्मको स्थिति राम्रो हुन नसकेको एउटा कारण सरकारी बेवास्ता त हो नै, यसभन्दा ठूलो कारण विभेद हो । सरकारको यो नीतिविरुद्ध विद्रोह भएको इतिहास पनि छ । बौद्ध मार्गीबीच नै लामो द्वन्द्व चलेको पनि धेरै पुरानो भइसकेको छैन ।

अहिले नेपालमा बौद्ध धर्मको जुन स्थिति छ, त्यो त्यही दमन, विद्रोह र द्वन्द्वको सामाजिक रूपान्तरण हो । अझ भनौं, नेपालमा बौद्ध धर्मले एकखाले पुन:निर्माणको बाटो लिएको छ । यहाँनेर ठ्याक्कै छुटाउन नहुने हिमाली क्षेत्रमा मानिने बौद्ध धर्म पनि हो । यसमा तिब्बती प्रभाव देखिन्छ । मौलिकपन पनि छ । यस सम्बन्धमा पनि खासै अनुसन्धान र अध्ययन कहाँ भएको छ र ? यी सबै पृष्ठभूमिमा बुद्ध नेपालमा जन्मेका हुन् भनेर मात्र दोहोर्‍याउनुमा के अर्थ छ, केही ठोस गर्दैनौं भने । ◆

www.kumaribank.com

कुमारी बैंक तपाईंको स्वस्थ जीवनको कामना गर्दै प्रस्तुत गर्दछ ...

कुमारी स्वस्थ जीवन
बचत खाता

बचत रकममा उच्चतम प्रतिफल

रू. १०,००० सम्मको निःशुल्क स्वास्थ्य बीमा सेवा *

स्वास्थोपचारमा २०% सम्मको छुट तथा सुविधाहरू

*सर्तहरू लागु हुनेछन् ।

छुटको प्रावधान उपलब्ध गराउने स्वास्थ्य संस्थाहरू:

Medanta THE MEDICITY dedicated to life | Norvic International Hospital नर्भिक इन्टरनेशनल हस्पिटल | Grande International Hospital | Vayodha Hospitals Pvt. Ltd. | Chirayu National Hospital & Medical Institute Pvt. Ltd.

अल्का अस्पताल प्रा. लि. ALKA HOSPITAL PVT. LTD. | Nepal Mediciti For a Healthy & Prosperous Nation | Manakamana Hospital Bharatpur-10, Chitwan | K LAB

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

Putalisadak, Kathmandu
Tel: 01-4232112/113
e-mail: marketing@kumaribank.com
info@kumaribank.com

कथा

। राजेन्द्र पराजुली

दुर्गा मिसको साइकल

हल्का भिरालो कालोपत्रे सडकमा दुर्गा मिसको फिनिक्स साइकल सरर कुँदिरहेको थियो । बिहानको कलिलो घाम साइकलको पांग्रामा रहेका तारलाई छिचोल्दै चौतर्फी फैलिरहेको थियो । पांग्राका तारहरूमा घाम ठोक्किँदा त्यो पूर्णिमाको ताराजस्तै चम्किरहेको थियो । सडकको दायाँबायाँ हिँड्ने बटुवाहरू टक्क अडिएर दुर्गा मिस र उनको साइकलतिर आँखा लगाइरहेका हुन्थे ।

दुर्गा मिसलाई भने दुनियाँका यी कुनै पनि क्रियासँग सरोकार थिएन । जब उनी साइकलको पाउदानीमा आफ्ना खुट्टा राख्थिन्, जिन्दगी सन्तुलनमा मज्जाले चलिरहेको महसुस गर्थिन् ।

ज्याकेट, सर्ट र पाइन्टमा सजिएकी दुर्गा मिसको साइकल यात्रा धेरै वर्ष त्यस समाजको गफको 'हटकेक' विषय बनिरह्यो । चिया पसल, विद्यालय, वरपरका कार्यालय, घर-आँगन र गोठालासमेतका विषय त्यही हुने गर्थे । उनको पहिरन, चढ्ने साइकल, उनको ठाँटबाट कुनै पनि कुरामा कोही सकारात्मक प्रतिक्रिया दिँदैनथे । तर, दुर्गा मिसका अघिल्तिर बोल्ने आँट कसैको थिएन ।

विंस २०४६ । मुलुकमा पञ्चायती निरंकुशता थप आक्रामक बन्दै थियो । देशभरका विद्यार्थी-शिक्षक आन्दोलित थिए । नारा-जुलुस हुन्थे, पञ्चायतविरुद्ध । विद्यार्थी हरेक दिन जुलुसमा सहभागी हुन कक्षा वहिष्कार गर्थे । अधिकांश जनता बहुदल चाहन्थे । भित्रभित्र राजनीतिक दलहरू सक्रिय हुन थालिसकेका थिए, ती बलिया बन्दै जान थालेका थिए । तर, देशमा व्याप्त थियो, एकदलीय पञ्चायतको दबदबा ।

त्यही पञ्चायती व्यवस्थाका चरम समर्थक दुर्गा मिसका बाबु गंगाराम थापा गाउँ पञ्चायतका प्रधानपञ्च थिए । गाउँमा उनको रवाफ थियो । गाउँका मान्छे उनीसँग डराउँथे । कुनै पनि नयाँ काम गर्नुपर्दा उनीसँग सल्लाह लिन जानेहरूको संख्या ठूलै हुन्थ्यो । जनताको मत पाएरै उनी तीनपटक प्रधानपञ्च पनि बनेका थिए । एक प्रकारले उनी कहिल्यै चुनाव नहार्ने प्रधानपञ्चमा गनिन्थे । तर, उनी आफ्नै छोरीको व्यवहारबाट निकै दुःखी थिए । उनलाई आफ्नै छोरीसँग धेरै पटक हारेको महसुस भइरहेको थियो ।

छोरीले साइकल चढेको र पाइन्ट लगाएको पटक्कै मन परेको थिएन, उनलाई । छोरी शिक्षिका भएकामा पनि गंगाराम खुसी थिएनन् । पाँच वर्ष भयो उनले छोरीको बिहा गरिदिन खोजेको । तर, सफलता पाइरहेका थिएनन् । दुर्गा मिस बाबुको कुनै पनि सल्लाह मानिरहेकी थिइनन् । २५ वर्ष पुगेकी उनको विवाह गरिदिन तीन जना केटा पनि बाबुले देखाइसकेका थिए । तर, उनलाई कुनै पनि मन परेनन् । भनौं, उनले ती पुरुषलाई अस्वीकार गरिदिएकी थिइन् ।

"मलाई मेरो इच्छामा चल्न दिनूस् बुबा । म मैरै कमाइले आफूलाई मन लागेको काम गरिरहेकी छु," उनी भन्थिन्, "मलाई तपाईंले देखाएका कुनै पनि केटा मन परेनन् । जीवनमा विवाह गर्नैपर्छ भन्ने पनि छैन जस्तो लाग्छ मलाई । म केही नयाँ काम गर्न चाहन्छु ।"

छोरीको जवाफपछि गंगारामको तनाव झनै बढ्थ्यो । बिहान घरबाट ३० मिनेटको दूरीमा रहेको विद्यालय जानु, पाँच पिरियड साना बच्चालाई पढाउनु अनि साँझ ६ बजेतिर घर फर्कनु उनको नियमित तालिका थियो । विद्यालयमा उनी साढे ३ बजेसम्म बस्थिन् । त्यसपछिको समय उनी साइकल चढेर कतै जान्थिन् । र, प्रायः ६ बजे घर फर्कन्थिन् । विद्यालय सकिएपछि उनी कहाँ जान्थिन्, त्यो कसैलाई थाहा थिएन ।

पञ्चायतविरोधी आन्दोलन चर्किंदै गएको थियो । विद्यालयमा कोही पनि पढ्ने जाँगर देखाइरहेका थिएनन् । अधिकांश विद्यालय बन्दजस्तै हुन पुगेका थिए ।

गंगारामलाई बहुदल नामसँगै घृणा थियो । बहुदल चाहिन्छ भन्ने सबै मान्छे खराब लाग्थे उनलाई । उनका नजरमा राजा भनेका देवता हुन् । कुनै समारोहमा उनले मञ्चबाटै भनेका थिए, "देवताको विरोध गर्नु भनेको सीधा नर्कमा जानु हो । यस्तो काम पापिस्टहरूले मात्र गर्न सक्छन् ।"

आन्दोलनले उग्र रूप लिन थाल्यो । यस्तो लाग्थ्यो, आन्दोलनमा सहभागी नहुने कोही पनि थिएन । हरेक दिन आन्दोलनमा जनसागर उर्लिन थाल्यो । सरकारी सुरक्षाकर्मी हार मान्न थालिसकेका थिए ।

अन्ततः राजाले बहुदल नदिई सुखै पाएनन् । आन्दोलन सफल भयो । पञ्चायती सरकार भंग भयो । देशले बहुदल पायो, जनता सार्वभौम भए । नयाँ संविधान बन्ने भयो । राजा संवैधानिक हुने कुरामा सहमति बन्यो । अन्तरिम सरकार गठन हुने भयो ।

राजाले बहुदल घोषणा गरेको कुरामा गंगारामलाई रत्तिभर चित्त बुझेको थिएन । देशमा बहुदल आएपछिका कैयौं रात गंगारामलाई

झिमिक्कै निद्रा परेन। उनको पहिलो चिन्ता मुलुकबाट पञ्चायत मासिनु थियो। अर्को ठूलो चिन्ता, आफ्नी छोरी बेपत्ता भएकामा थियो।

जुन दिन राजाले देशमा निर्दलीय पञ्चायती व्यवस्था अन्त्य भएको घोषणा गरे, सोही दिन दुर्गा मिस बेपत्ता भइन्।

कहाँ गइन् दुर्गा मिस ? बहुदल र पञ्चायतसँग उनको के सम्बन्ध थियो ? राजाले बहुदल घोषणा गरेकै दिन उनी घर छाडेर किन हिँडिन् ?

यी प्रश्न उनले काम गर्ने विद्यालयका शिक्षक र गाउँका केही पढे-गुनेका वर्गका थिए। प्रश्नहरू यत्तिमै सीमित थिएनन्। अर्को एउटा वर्ग पनि थियो, गाउँमा।

त्यो वर्गको बुझाइ यस्ता थिए-

पोइला गई दुर्गा ?

बाइफाले थिई, कलियुगको प्रतिमूर्ति। केटी भएर साइकल चढ्ने ? पाइन्ट लगाउने ? केटाको जस्तो कपाल काट्ने ? नाकमा फुली र कानमा मुन्द्री नलगाउने ? दाहिने हातमा घडी बाँध्ने ? गाउँको इज्जत माटोमा मिलाएकी थिई।

गंगारामलाई हाइसन्चो भो अब !



छोरीका कारण निकै चिन्तित थिए बूढा।

गाउँमा दोहोरिएर भइरहने केही गफमध्ये प्रमुख गफ बनेका थिए, दुर्गा मिसबारेका यस्ता टिप्पणी।

तर, टिप्पणी गंगारामको अनुपस्थितिमा मात्रै हुन्थे। देशमा बहुदल आइसके पनि उनका अघिल्तिर कहाँ गइन् दुर्गा भनी सोध्ने हिम्मत कसैको पनि थिएन।

बहुदल बहालीपछिको पहिलो स्थानीय निर्वाचनमा गंगारामले पनि गाविस अध्यक्षमा उम्मेदवारी दिए। तर, उनले ठूलो मतान्तरले हारे। गंगाराम प्रधानपञ्च हुँदा उप-प्रधानपञ्च रहेका व्यक्तिले चुनाव जिते। देशमा बहुदल आएपछि उनी नेपाली कांग्रेस प्रवेश गरेका थिए। उप-प्रधानपञ्चलाई गंगाराम पटक्कै मन पराउँदैनथे। प्रधानपञ्च हुँदा उनलाई कुनै जिम्मेवारी दिँदैनथे गंगाराम।

जिन्दगीमा पहिलो पटक चुनाव हारेका थिए, गंगारामले। उनलाई यो चोट सहन निकै गाह्रो परिरहेको थियो। अर्कोतिर झन्डै तीन वर्षदेखि बेपत्ता छोरीका बारे जति खोजखबर गरे पनि पत्ता लाग्न सकिरहेको थिएन। दोहोरो चिन्ताले उनलाई निकै गलाएको थियो।

बिस्तारै गंगारामलाई जगत् मिथ्या र ईश्वर सत्य लाग्न थाल्यो। उनी धार्मिक कार्यक्रम र भजनकीर्तनमा ध्यान लगाउन थाले। राजनीतिप्रति चरम वितृष्णा जाग्न थाल्यो। यतिसम्म कि उनले त्यसपछिका कुनै पनि निर्वाचनमा मतदान गरेनन्।

बोलेर नथाक्ने उनी कम बोल्न थाले। बढी समय घरमै बस्न थाले। टेलिभिजनमा पाएसम्म धार्मिक कार्यक्रम र भजन अनि समाचार सुन्नु उनको दैनिकी हुन थाल्यो। विदेशी च्यानलहरू उनलाई बिलकुलै मन पर्दैनथे। विदेशी च्यानल उनलाई बहुदलवादीको मतियार लाग्थे। नेपाल टेलिभिजन उनको प्रिय च्यानल थियो।

साँझको ८ बज्न लागेको थियो। गंगारामले नेपाल टेलिभिजन खोले। उनी ८ बजेको समाचार हेर्न प्रायः छुटाउँदैनथे। समाचार वाचिकाले प्रमुख समाचार प्रस्तुत गर्दै थिइन्। दुर्गा मिसले सञ्चालन गरेको विद्यालयबारे समाचार आइरहेको थियो।

> "जुन दिन राजाले देशमा निर्दलीय पञ्चायती व्यवस्था अन्त्य भएको घोषणा गरे, सोही दिन दुर्गा मिस बेपत्ता भइन्। कहाँ गइन् दुर्गा मिस ? बहुदल र पञ्चायतसँग उनको के सम्बन्ध थियो ? राजाले बहुदल घोषणा गरेकै दिन उनी घर छाडेर किन हिँडिन् ?"

गंगारामले दुर्गाकी आमालाई बोलाए। "ए दुर्गीकी आमा यता आऊ त," उनी ठूलो स्वरमा चिच्चाए। के त्यो आफ्नै छोरी दुर्गा नै हो त भन्ने कुरामा गंगारामलाई निश्चित गर्न गाह्रो परिरहेको थियो।

'राजधानीदेखि साइकल चढेर पाँच सय किलोमिटर टाढा रहेको तराईको दुर्गम गाउँ रामधुनी पुगेकी शिक्षिका दुर्गा थापाले दुई वर्षदेखि विद्यालय सञ्चालन गरिरहेकी छन्। गरिबी तथा भोकमरीग्रस्त रामधुनी गाउँमा दुई सय विद्यार्थीलाई निःशुल्क शिक्षा र युवालाई सीपमूलक तालिम प्रदान गर्न सुरु। दुर्गाले विशेषगरी किसानका लागि उन्नत कृषि प्रणाली, गृहिणीका लागि स्वरोजगारी र साना-साना नानीलाई प्रारम्भिक शिक्षा तथा निरक्षर महिलाका निम्ति प्रौढशिक्षा दिन कक्षा सञ्चालन। विद्यालयलाई विभिन्न संघ-संगठन तथा व्यक्तिबाट सहयोग आउने क्रम जारी।'

समाचारमा दुर्गाका साथै अन्य पाँच शिक्षिकाले कक्षामा पढाइरहेका दृश्य पनि टेलिभिजनले प्रसारण गरेको थियो।

पढाइरहँदा दुर्गाको मुहारमा एक प्रकारको चमक देखिन्थ्यो। अनुहारमा स्पष्ट रूपमा सफलताको खुसी र कान्ति छाएको देखिन्थ्यो। त्यहाँ एक प्रकारको जितको खुसी झल्किरहेको थियो।

टेलिभिजनको समाचारले गंगारामलाई खुसी र विस्मय एकैसाथ उत्पन्न गरायो। खुसी यस अर्थमा थियो कि, आफ्नी छोरी सन्चै छिन् र खुसीसाथ आफ्नो जिन्दगी अघि बढाइरहेकी छन्। एउटा महान् कार्य सुरु गरेकी छन्। विस्मय यसकारण कि, छोरीको यस्तो महान् कार्यमा आफूले साथ दिन सक्ने अवस्था छैन। र, छोरीलाई देख्न नपाएको लामो समय भइसकेको छ।

दुर्गा मिसले सञ्चालन गरेको विद्यालय देखाउने क्रममा टेलिभिजनले उनको साइकलसमेत पटक-पटक देखाएको थियो। त्यसपछि भने गंगाराम र उनकी पत्नीलाई विद्यालय सञ्चालन गर्ने आफ्नै छोरी हो भन्ने पक्का भएको थियो।

गंगाराम आफूले गरेको राजनीति र समाजसेवा अनि छोरी दुर्गाले सुरु गरेको कार्यको तुलना गर्न थाले। आफ्नी छोरीले गर्न थालेको काम बढी महत्त्वपूर्ण लाग्यो उनलाई। आफ्नी छोरीले लिएको उद्देश्य चिन्न नसकेकामा उनलाई ग्लानि पनि भयो। र, आफ्नो विगतप्रति एक प्रकारको असन्तुष्टि महसुस गर्न थाले उनी।

"मैले पनि आफ्नो जिन्दगीमा यसैगरी गरिबका बच्चा पढ्ने विद्यालय सञ्चालन गर्न सकेको भए कति पुण्य कमाउँथेँ होला," उनी आफैँसँग घोत्लिए।

गंगारामले चुरोट सल्काए। तर, पूरा खान सकेनन्। एक चौथाइ खाएर फ्याँकिदिए झ्यालबाट बाहिर।

दुर्गाले सञ्चालन गरेको विद्यालयबारे समाचार सकिएर टेलिभिजनमा कुनै एउटा दलको नेताको अन्तर्वार्ता आउन थालेको थियो। उसले पञ्चायतलाई बेस्सरी गाली गर्न थाल्यो। "यो मुलुक यत्तिको पछि पर्नु र जनता यत्तिको गरिब हुनुको प्रमुख कारण भनेको निरंकुश पञ्चायती व्यवस्थाको चंगुलमा तीन दशक मुलुक पर्नु हो," नेताले भने।

गंगारामले टेलिभिजन बन्द गरे।

र, पत्नीतर्फ हेर्दै प्रश्न गरे, "के हाम्री दुर्गी अब साइकल चढेरै घर फर्केली ?" ◆

गुगल प्ले म्युजिकलाई माथ गर्दै युट्युब रिमिक्स

गुगलले प्रदान गर्दै आएको *गुगल प्ले म्युजिक* सेवा सन् २०१८ को अन्त्यसम्म बन्द हुने भएको छ । यसको ठाउँमा *गुगलले* आफ्नो भ्रातृसंस्था *युट्युबद्वारा* निर्मित *युट्युब* रिमिक्स प्रयोग गर्नेछ । स्पटिफाई र एप्पल म्युजिकका लागि *युट्युब* रिमिक्स कडा प्रतिस्पर्धी हुने अनुमान गर्न थालिसकिएको छ ।

अरू म्युजिक एप्लिकेसनका तुलनामा *युट्युब* रिमिक्स धेरै स्मार्ट हुने बताइएको छ । केही गीत सुनिसकेपछि फोन प्रयोगकर्ताको रूचिलाई यसले रेकर्ड गर्नेछ । र, तिनै विधाका अन्य गीत सुन्न सुझाव दिनेछ । यसको प्रयोगले मोबाइल एप्लिकेसन र आर्टिफिसियल इन्टेलिजेन्सका क्षेत्रमा ठूलो फड्को मार्न सक्ने जानकारहरू बताउँछन् । यसका अतिरिक्त फोन कुन स्थानमा छ भन्ने पहिचान गरी त्यस स्थानमा प्रचलित गीत सुन्न पनि *युट्युब* रिमिक्सले सुझाउनेछ ।

पिच्कारीको इमोजी

सामसुङ, एप्पल, *ट्वीटरजस्तै* *गुगलले* पनि आफ्नो इमोजी किबोर्डबाट पेस्तोल हटाई पिच्कारी बन्दुकको इमोजी राख्न थालेको छ । केही समयपछि *फेसबुक* र माइक्रोसफ्टले पनि उक्त कार्य गर्ने बताइएको छ । हिंसालाई बढावा नदिन यी सबै प्रमुख प्लेटफर्ममा यस्तो इमोजी लागू गर्न लागिएको हो । *गुगलले* पहिले पनि केही विवादास्पद इमोजीलाई प्रतिस्थापित गरेको थियो ।

टेक्नो-स्याभी सौरभ

नेपाली बजारमा होन्डा, फिलिप्सजस्ता अन्तर्राष्ट्रिय कम्पनीका उत्पादनको आधिकारिक बिक्रेता ज्योति ग्रुपका निर्देशक सौरभ ज्योतिका रोजाइका ग्याजेट अन्यका भन्दा पृथक् हुने गर्छन् । जमिनबाट सयौं मिटर माथि रही लोभलाग्दा तस्बिर खिच्न उनी डीजेआई र स्पार्कका ड्रोन प्रयोग गर्छन् । अन्तर्राष्ट्रिय बजारमा अहिलेसम्मकै सबैभन्दा राम्रो मानिएको डीजेआईको मेभिक एयर मोडलको ड्रोन खरिद गर्न चाहन्छन् उनी । स्लो मोसनका भिडियो, उच्च रिजोलुसनका तस्बिर आदि खिच्न उम्दा मानिन्छ, यो ड्रोन ।

सौरभका रोजाइमा वान प्लसका फोन पर्ने गरेका छन् । बजारमा पाइने राम्रा ब्रान्डका अन्य फोनका तुलनामा वान प्लस निकै सस्तो पनि छ । यसमा दिशासूचक यन्त्र, गाडीका गति आदिका सेन्सरसमेत हुने भएकाले नाम चलेका ठूला ब्रान्डका निम्ति यो ठूलो प्रतिस्पर्धी साबित हुन सक्ने उनी बताउँछन् । एउटा फोन चलाएको ६ महिना नपुग्दै नयाँ किनिहाल्ने उनको बानी छ । त्यसैले नयाँ तथा पछिल्लो अत्याधुनिक प्रविधिमा आफू जानकार रहेको उनको भनाइ छ ।

ज्योति ग्रुपको कार्यालयमा अटोमेसन पद्धति जडान गरिएको छ । घरबाट कार्यालय जाँदै गर्दा बाटोमा उनी मोबाइल एप्लिकेसनका मद्दतले कार्यालयको विद्युतीय प्रणाली सुचारू गरिदिन्छन् । कार्यकक्षमा पुग्दा एसी चल्न थालिसकेको हुन्छ, बत्ती बलिसकेका हुन्छन् ।

मोटरसाइकल चलाइरहेका बेला रोकेर फोन उठाउन नपरोस् भनी उनी सार्कटुथ नामक ब्लुटुथजडित हेल्मेट प्रयोग गर्छन् । यो हेल्मेट लगाई यात्रा गरिरहेका बेला गीत पनि सुन्न मिल्ने हुनाले उनको रोजाइमा परेको हो ।

बेरिङ कम्पनीको एयर ब्याग पनि उनको रोजाइमा पर्ने अर्को ग्याजेट हो । दुर्घटनामा परेका खण्डमा यो एयर ब्याग फुलेर शरीरमा घाउचोट लाग्नबाट जोगाउँछ । युवा पुस्ताले यस्ता कुरामा ध्यान दिनुपर्ने उनको सुझाव हुने गर्छ ।

संयोजन : विभु लुइटेल

नेपाल NEPAL

Nepal sbi INTOUCH

Durbarmarg, Kathmandu

CRM

DCPK

AOK

INB Kiosk

SSK

The Complete Digital Banking Touch Point

Easy and Hassle Free Paperless Banking

OPEN SAVING ACCOUNT

@ INTOUCH OUTLET

Durbarmarg AND GET

PERSONALIZED DEBIT CARD

INSTANTLY

नेपाल NEPAL

नेपाल एसबिआई बैंक लिमिटेड

NEPAL SBI BANK LTD.

With us, You are Always a Winner.

ICRA Nepal द्वारा "AA"

रेटिंग प्राप्त

नेपालको पहिलो बैंक

www.nepalsbi.com.np

'मेरो सफलतामा नेपालीको माया'

प्रतिष्ठित 'जोन बेट्स क्लार्क मेडल-२०१८' पाएपछि अमेरिका र अर्थशास्त्रको दुनियाँमा मात्र होइन, नेपाल र नेपालीभाषीमाझ समेत चर्चामा छन्, **पराग पाठक**, ३७ । नेपाली मूलका अमेरिकी अर्थशास्त्री पाठकलाई अनुसन्धानको माध्यमबाट बजार डिजाइन र शिक्षा नीतिको क्षेत्रमा योगदान गरेबापत 'मिनी नोबेल' प्रदान गरिएको हो । उनले सन् २०१६ मा सोसल च्वाइस एन्ड वेलफेयर प्राइज पाएका थिए भने सन् २०१४ मा अन्तर्राष्ट्रिय मुद्राकोष (आईएमएफ)को ४५ वर्षमुनिका विश्वका उत्कृष्ट २५ अर्थशास्त्रीको सूचीमा परे । '७० को दशक सुरूआततिर पाठक परिवार अमेरिका गएको थियो । उनी त्यहीं जन्मिए । बोस्टनस्थित म्यासचुसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजीमा माइक्रो इकोनोमीका प्राध्यापकसमेत रहेका पाठकसँग गरिएको इमेल कुराकानीको सम्पादित अंश :

४० वर्ष नबित्दै यतिविघ्न सफलता पाउनुको कारण के होला जस्तो लाग्छ ?

म अविश्वसनीय भाग्यमानी रहें। शिक्षाको महत्त्व बुझ्नुभएका अभिभावक र परिवार पाएँ, जसले मलाई धेरै अवसर उपलब्ध गराउनुभयो।

अर्थशास्त्र नै छान्ने प्रेरणाचाहिँ कसरी मिल्यो ?

महत्त्वपूर्ण सामाजिक र सार्वजनिक विषयमा केन्द्रित हुन गहन गणित र विज्ञानको मिश्रण हुन सक्छ भन्ने थाहा पाएपछि एक्कासि अर्थशास्त्रमा आकर्षित भएँ। केही कोर्स पढेपछि यस्तो महसुस भएको थियो । त्यसपछि त आफूलाई रोक्नै सकिनँ ।

तपाईंको हाई स्कुल शिक्षा सुधारसम्बन्धी अनुसन्धान नेपालजस्ता अविकसित देशको नीति निर्माणमा फलदायी हुन सक्छ ?

पक्कै पनि । सार्वजनिक क्षेत्रको उत्पादकत्वमा सुधार ल्याउन अर्थशास्त्रले धेरै गर्नुपर्छ । त्यसैले मलाई लाग्छ, हाम्रो अनुसन्धान जहाँ पनि उपयोगी हुन्छ ।

नेपाल कत्तिको घुम्नुभएको छ ?

नेपाल घुम्न मन पराउँछु। प्रत्येक पटकको भ्रमणमा धेरै परिवर्तन भएको हुन्छ । बच्चा बेला घुम्दा काठमाडौं भीडभाड भए पनि व्यवस्थित थियो । पछिल्लो भ्रमणमा बाटो पहिल्याउनै कठिन भयो, अझ धेरै भीड र होहल्ला, सवारीसाधन अनि प्रदूषण। जताततै ध्वस्त संरचना भएकाले भूकम्पपछि घुम्दा त नमज्जा लाग्यो । वसन्तपुर क्षेत्र देख्दा ज्यादै दुःखी भएँ। तर, मैले धेरै पटक काठमाडौँबाहिर पनि घुम्ने मौका पाएको छु। त्यसमध्ये पनि अन्नपूर्ण पदमार्गमा पत्नी र उनका बुबासँग हाइकिङ गएको मिठो सम्झना छ । मलाई त्यहाँ फेरि जान मन छ । अन्तिम पटक दुई वर्षअगाडि एक पारिवारिक जमघटमा गएको थिएँ, जुन फरक र रमाइलो यात्रा थियो ।

तपाईंले 'जोन बेट्स क्लार्क मेडल-२०१८' पाएपछि नेपाली र गैरआवासीय नेपाली असाध्यै हर्षित छन् । यस्तो अपेक्षा थियो ?

म असाध्यै हर्षित छु । मलाई संसारभर रहेका नेपालीले फोन गरेर बधाई दिनुभएको छ, मप्रति चासो राख्नुभएको छ। उहाँहरूको मायाले धन्य छु। अवार्डले नेपालीमाझ यस्तो खुसी छाउला भन्ने सोचेकै थिइनँ।

नेपालको शैक्षिक प्रणाली र अर्थतन्त्रलाई केही सुझाव छ ?

यसबारे मैले विस्तृत अध्ययन गरेको छैन। त्यसैले सल्लाह-सुझाव दिन अप्ठ्यारो लाग्छ।

नेपालको शैक्षिक प्रणाली उकास्न तपाईंबाट अपेक्षा राख्न सक्छौं ?

यदि म स्रोत-साधन जुटाउन सक्ने 'पोजिसन'मा पुगेँ भने नेपालमा शैक्षिक अवस्था सुधारमा सघाउनेछु।

यदि नेपालले अनुरोध गर्‍यो भने तपाईं आफ्नो विज्ञतामार्फत नेपालमा योगदान पुर्‍याउन चाहनुहुन्छ ?

म सहयोगी हुन पाउँदा खुसी हुनेछु।

नेपालको दक्ष जनशक्ति अवसरको खोजीमा विदेश पलायन भएको छ । प्रतिभा पलायन रोक्न के गर्न सकिएला ?

यो चुनौतीपूर्ण सवाल हो। यसको साधारण उत्तर छैन । आफ्नो परिस्थितिका कारण देश छाड्न चाहनेलाई त्यस्तो अवसरबाट वञ्चित गर्न गाह्रो हुन्छ । अर्कोतिर, मलाई आशा छ, स्थायित्व र संरचना विकासमा प्रगति हुँदा बाहिर गएकाहरू स्वदेश फर्कने छन् ।

तपाईं नेपाली साहित्य कत्तिको पढ्नुहुन्छ ?

मैले सम्राट उपाध्याय, मञ्जुश्री थापाजस्ता नेपाली लेखकका पुस्तक पढेको छु । पछिल्लो पटक प्रशान्त झाको किताब पढेँ । दुर्भाग्य ! मलाई नेपाली पढ्न असाध्यै असजिलो हुन्छ, त्यसैले अंग्रेजी भर्सनमा सीमित हुनुपर्छ ।

'जोन बेट्स क्लार्क मेडल-२०१८' पाएका तीनमध्ये एक जनाले नोबेल पुरस्कार पाएका छन् । तपाईं कत्तिको आशावादी हुनुहुन्छ ?

म अहिलेको कुरामा बढी चासो राख्छु, पछि के हुन्छ भन्दा पनि । प्रायः अनुसन्धान एकल प्रयास हो, जसको मुख्य उद्देश्य खोज हो । भौतिकशास्त्री रिचार्ड फेम्यानका शब्दमा भन्दा 'नयाँ खोजको आनन्दपन हो' । र, अहिलेको मेरो मुख्य ध्यान यसमै केन्द्रित छ, भविष्यमा पनि यही हुने अपेक्षा राख्छु । अन्य क्लार्क मेडल विजेतासँगै नाम हुनु भनेको गाह्रो हो ।

॥ गोकर्ण गौतम

www.civilbank.com.np
facebook.com/civilbankltd
Enjoy
Banking
with a view
Payments
Merchant Payment
Bill Payment to Registered Merchant
Recharge Card
Purchase Various Recharge Vouchers
Topup
Topup
NT Prepaid
Prepaid Recharge Card
Ncell Topup
Ncell TopUp
NT Postpaid
NT Postpaid
NT Landline Topup
NT Landline Topup
Marsadvr
CIVIL
Smart
Mobile Banking Platform
Why travel to the bank when you can travel the world and still take care of all your banking needs? Civil Bank's ***Smart Mobile Banking*** App gives you the freedom to bank from anywhere, anytime, for anything.
After all, smartness is all about making life simpler.
Head Office/ Main Branch
Classic Complex, Tindhara Road, Kamaladi,
Kathmandu-31. P.O. Box: 9799,
Tel No: 4169040, 4169030. Fax No: 4169038
CIVIL BANK
सिभिल बैंक लिमिटेड
CIVIL BANK LTD.
Thinking forward Moving forward
Class "A" Institution Licensed by Nepal Rastra Bank
Civil Bank for Prosperity

छुल्ठिमलाई चोटै-चोट

*नोभेम्बर रेन*मा छोटो भूमिकाबाट तारिफ के पाएकी थिइन्, छुल्ठिम गुरूङले फिल्म नखेल्ने उद्घोष गरिन् । यो कुरा अलग हो कि उनी आफ्नो बोलीमा दुई वर्ष पनि टिक्न सकिनन् । हिरोइन मात्र होइन, निर्मात्रीकै रूपमा देखा परिन्, फिल्म *डायरी*बाट । दुर्भाग्य ! फिल्मले पैसा त कमाएन नै, प्रशंसाको पनि खडेरी लाग्यो । त्यसपछि *मेरो पैसा खोई*मा काम गर्ने अवसर पाइन्, त्यसले पनि राहत दिएन । ३० चैतमा उनी अभिनीत *नेप्टे* प्रदर्शन भयो । फिल्ममा चिनिएकी महिला कलाकार उनै थिइन् । त्यसैले आशा जाग्ने भइहाल्यो । तर, यस फिल्मले पनि *डायरी* र *मेरो पैसा खोई*कै फ्लप-यात्रालाई निरन्तरता दियो । लगातार तीन फिल्ममा चिप्लिएपछि छुल्ठिमको अभिनय करिअरले गति लिनु कसरी ? धन्न ! फेरि फिल्मबाट सन्न्यास लिने घोषणा गरेकी छैनन् । ◆

हिटको तिर्खा

फिल्म खेल्नु मात्र सफलता हो त ? होइन । फिल्म हिट भयो भने बल्ल कलाकारको साख बढ्छ । नपत्याए मेनुका प्रधानलाई हेर्नूस् । गत वर्ष मेनुका अभिनीत पाँच फिल्म प्रदर्शन भए, *लालपुर्जा, साढे सात, हिटलर, जालो* र *शेरबहादुर* । यी फिल्ममा एउटा विशेषता समान छ । त्यो हो, सबै फिल्मको बक्स-अफिसमा खराब प्रदर्शन । तर, मेनुकाको मन पोल्ने कारण यति मात्र होइन । यी फिल्मबाट उनको अभिनय र भूमिकाले समेत अपेक्षाकृत तारिफ पाएन । जबकि, थिएटर पृष्ठभूमिकी मेनुका अब्बल अभिनेत्रीका रूपमा परिचित थिइन् यसअघि । *पुरानो ढुंगा* यसको उदाहरण हो । तर, गत वर्ष पूरापूर निराशा मात्र । तैपनि, यतिबेला उत्साही छिन् । कारण हो, २१ वैशाखमा प्रदर्शन हुने *डमरूको डन्डीबियो* । फिल्ममा उनी खगेन्द्र लामिछानेको अपोजिटमा छन् । फरक विषय उठाइएकाले फिल्मले चर्चा बटुलिरहेको छ । *डमरूको डन्डीबियो*ले मेनुकाको तिर्खा मेटाउला त ? अहिलेचाहिं उनलाई शुभकामना मात्र भन्न सकिन्छ । ◆

घाटा दयाहाङलाई नै

दुई साताको अन्तरालमा दयाहाङ राईका दुई फिल्म प्रदर्शन भए, नेप्टे र *हयाप्पी डेज* । दुवै फिल्ममा मुख्य भूमिका दयाहाङकै । प्रमुख कलाकार हुनुको नाताले प्रमोसनमा सक्रिय हुनु उनको दायित्व पनि हो । तर, अचम्मलाग्दो कुरा, दुवै फिल्मका प्रचारमूलक कार्यक्रमलाई पूरापूर बेवास्ता गरे । त्यसो त अन्य फिल्मको प्रचार-प्रसारमा पनि उनी उदार हुने होइनन्, आक्कल-झुक्कल मात्र साथ दिन्थे । यसपटकचाहिँ पूर्ण अनुदार रहे । नेप्टे रिलिजताका मण्डला थिएटरमा नाटक रिहर्सलमा मस्त थिए भने *हयाप्पी डेज* प्रदर्शनको मुखैमा *आप्पा* नामक फिल्मको सुटिङका लागि सिक्किम हानिए । उनी नजिकका एक निर्देशक भन्छन्, 'निर्माण युनिटसँग सुमधुर सम्बन्ध पनि थिएन । त्यसमाथि यी फिल्मसँग दयाहाङ आफैं सन्तुष्ट थिएनन् । त्यसैले वास्तै नगरेको हुनुपर्छ ।' तर, यस्तो रवैयाले घाटा कसलाई होला, दयाहाङजी ?

'पर्ख र हेर'

सारा शिर्पालीको डेब्यु फिल्म रूद्र मात्र होइन, दोस्रो फिल्म *पिंजडा ब्याक अगेन* पनि व्यावसायिक रूपमा निरीह साबित भयो । यी फिल्मले सकारात्मक समीक्षा पाउन सकेन । निखिल उप्रेतीसँग अनस्क्रिन सेयर गर्न पाउँदा फुरुंग परेकी साराको हिट हिरोइन हुने सपना पूरा भएन । यता, उनको 'इनोसेन्ट लुक्स' देखेर दंग परेका दर्शकको आँत भरिएन । करिअरको सुरूआतमै तीतो अनुभव भोग्नुपरे पनि उनलाई निर्देशक सुव्रत आचार्यले साथ दिए, *सुश्री सम्पत्तिमा* खेलाएर । सुटिङ सकिएर फिल्म पोस्ट प्रोडक्सनमा छ । रिलिजको टुंगो लागेको छैन । तर, यतिबेला साराको हातमा अर्को फिल्म छैन, न गिनेचुनेको ब्यानरको नजरमा परेकी छन् । अब उनीसँग 'पर्ख र हेर'बाहेक अर्को विकल्प नरहेकै हो ? अवस्था यस्तै देखिन्छ ।

तस्बिरहरू : महेश प्रधान

मुम्बई एक्सप्रेस

गोकर्ण गौतम

आधा शताब्दीसम्म बलिउडको दबदबाबाट प्रताडित भयो, नेपाली फिल्म । उताका फिल्म कपी गर्दै यता बनाइन्थ्यो, थोरै तलमाथि थपथाप गरेर । सोही कारण स्वदेशी फिल्मको स्वतन्त्र र मौलिक छवि बन्नै सकेन । पछिल्लो केही वर्षयताचाहिँ हिन्दी फिल्मको 'ह्याङ'भन्दा माथि उठ्ने प्रयत्न जारी छ । आफ्नै परिवेशका कथा र पात्र रोज्न थालिएको छ । तर, कहिलेकाहीँ यस्ता फिल्म पनि प्रदर्शन हुन्छन्, जुन विदेशी फिल्मबाट पूरापूर चोरिएको हुन्छ । *कोहलपुर एक्सप्रेस* ज्वलन्त उदाहरण हो । यो सन् २००५ मा प्रदर्शित तमिल फिल्म *मुम्बई एक्सप्रेस* (यही नाममा हिन्दी भाषामा पनि बनाइएको छ)को हुबहु कपी हो । अझ मन कुँडिने सत्य यो फिल्मकी निर्मात्री स्नातकोत्तर हिरोइन केकी अधिकारी हुन् । अनि, अभिनय गरेका छन्, केकीजस्तै बुझक्कड भनिएका अन्य दुई अभिनेत्री ऋचा शर्मा र प्रियंका कार्कीले । तर, चोरीको अपजसको मुख्य भागिदारचाहिँ पटकथाकार शान बस्न्यात र निर्देशक विशाल भण्डारी हुन् । मौलिक चलचित्र निर्माणमा अग्रसर भइरहेका बेला यसरी चोर्नु सम्बन्धित फिल्ममेकर मात्र होइन, समग्र नेपाली फिल्मवृत्तकै छवि धुमिलिने दुर्दशा हो, लाजमर्दो पनि ।

गर्भवती चम्पा (प्रियंका), उनीसँग निकै डराउने उनका पति (बुद्धि तामाङ), अड्किएर बोल्ने (विनोद न्यौपाने) र चम्पाका भाइ मिलेर कसैको छोरा अपहरण गर्ने योजना बुन्छन्, पैसाका लागि । परिस्थितिवश उनीहरूको समूहमा स्कुटरमा सामान ओसार्ने युवती कोहलपुर एक्सप्रेस (केकी) भित्रिन्छिन् । तर, सबै अपरिपक्व । कसैलाई पनि अपहरणको असली तौरतरिका थाहा छैन । त्यसो भए उनीहरू बच्चा अपहरण गरेर पैसा असुल्न सफल होलान् ? फिल्म यसैवरिपरि घुमेको छ ।

भनिहालौँ, *कोहलपुर एक्सप्रेसलाई* *मुम्बई एक्सप्रेसबाट* टाढा राखेर हेर्नै सकिन्न । किनभने, कथा, पात्र र कथा भन्ने शैली जस्ताको तस्तै हो । सिर्फ केही पात्र र सम्बन्ध यताउता पारिएको छ । जस्तो : केकी र कमल हसनको चरित्र शतप्रतिशत उही हो । हसनले पनि कान सुन्दैनन्, मेसिन घुसार्नुपर्छ । सोझा छन्, बाध्यताले अपहरण गर्नुपरेको हुन्छ । केकी ठ्याक्कै यस्तै छिन् । मनीषा कोइरालाको भूमिकाचाहिँ ऋचालाई दिइएको रहेछ, डान्स बारमा काम गर्ने, बिहे नगरी आमा हुने, पैसाका लागि आफ्नै छोराको बाबुलाई 'ब्ल्याकमेल' गर्ने । फरक भन्नु मनीषाभन्दा ऋचाको चरित्र 'लाउड' छ । रवीन्द्र झाको चरित्रमा हिन्दी *मुम्बई एक्सप्रेसका* सौरभ शुक्ला, ओम पुरी र विजय राजको मिश्रण छ । छुच्ची आइमाई बनेकी प्रियंकामा चाहिँ कमल हसनको दिदी-चरित्रको दरिलो प्रभाव छ । त्यसमा घोडा छ, यसमा भैंसी । त्यसो त, पात्र मात्र होइन, घटनाक्रम पनि मिल्छ । बच्चा अपहरण गर्ने तरिका, एकपछि अर्को अपहरणकारी घाइते हुँदै अस्पताल पुग्ने, फिरौती रकम माग्ने शैली सबै उस्तै । क्लाइमेक्स केही भिन्न लाग्छ । पटकथाकार बस्न्यात, निर्देशक भण्डारी र निर्मात्री केकीको क्षमता र नियतमाथि शंका गर्ने अनेकौं कारण छन् फिल्ममा ।

एकछिनलाई *मुम्बई एक्सप्रेस* चटक्क बिर्सने हो भने पनि *कोहलपुर एक्सप्रेस* अब्बल लाग्दैन । कलाकारको अभिनयबाहेक दिल खोलेर प्रशंसा गर्न सकिने अर्को कुनै पक्ष छैन । सुरुआती दृश्यमै प्राविधिक कमजोरी छ । कतै कतै डबिङ छुटेको छ । मध्यान्तरअगाडि जसोतसो दर्शक 'होल्ड' हुन्छन् । पात्र अनुरूपका केही 'पञ्चलाइन' छन् । तर, मध्यान्तरपछि मोहभंग हुँदै जान्छ । सामान्यतया कमेडी फिल्म चुस्त हुनुपर्छ । तर, यसको 'पेसिङ' खुकुलो छ । चोर्दा पनि ढंग पुऱ्याएको भए या नेपाली परिवेश सुहाउँदो बनाएको भए तैबिसेक मान्न सकिन्थ्यो । तर, त्यो मौका पनि दिएका छैनन्, पटकथाकार र निर्देशकले । त्यसमाथि *मुम्बई एक्सप्रेस* आफैँमा उच्च कोटिको फिल्म होइन । त्यसैलाई चोर्नेको हालत के होला ?

चोथाले चरित्रमा प्रियंकाले दर्शकको मन जित्छिन् । केकी आफ्नो चरित्रको लयभन्दा बाहिर गएकी छैनन् । विनोदले आफूसँग थप आशा राख्ने ठाउँ छाडेका छन् । रवीन्द्र झाको 'कमिक टाइमिङ' अनि बालकलाकार कुशाग्र भट्टराईको विन्दासपन गज्जब छ । पत्नीपीडित बुद्धि तामाङ हँसाइरहन्छन् । ऋचाको प्रस्तुति अलि अतिरञ्जित आभास हुन्छ । कालीप्रसाद बाँस्कोटाको शीर्ष-गीत रमाइलो त छ नै, त्यसले कथाको बहावलाई मजबुत बनाउँछ पनि । बाँकी दुई गीतको खास अर्थ छैन । खिचाइ, सम्पादन, पृष्ठभूमि-संगीत पनि औसत मात्र । दर्जनौं म्युजिक भिडियो बनाएर फिल्ममा पाइला राखेका निर्देशक भण्डारीले एउटै कुरा दिएका छन्, निराशा ।

फिल्म बौद्धिक सम्पत्ति हो । बौद्धिक सम्पत्ति चोर्नु अनैतिक मात्र होइन, अपराध नै मानिन्छ । हल्काफुल्का प्रभावित हुनु अलग कुरा । तर, बिनाअनुमति हुबहु उतार्नु यस्तै अपराध हो । नेपाली फिल्मको समृद्धि र साखका लागि *कोहलपुर एक्सप्रेस* मार्काका चोरिएका फिल्म र फिल्मकर्मीलाई धाप मार्न सक्दै सकिन्न । ♦

> फिल्म बौद्धिक सम्पति हो । बौद्धिक सम्पति चोर्नु अनैतिक मात्र होइन, अपराध नै मानिन्छ । हल्काफुल्का प्रभावित हुनु अलग कुरा । तर, बिनाअनुमति हुबहु उतार्नु यस्तै अपराध हो ।

जनता सुरक्षा बचत खाता

जनताको सुरक्षामा हाम्रो साथ

दुर्घटना बीमा
रु. १०,००,०००/-
सम्म

अस्पताल खर्च
रु. १,००,०००/-
सम्म

औषधि उपचार खर्च
रु.५,०००/-
सम्म

७%

*शर्तहरु लागू हुनेछन् ।

न्यूनतम मौज्दात रु. १०,०००/-

विशेषताहरु:

- दैनिक मौज्दातमा वार्षिक ७% व्याजदर
- लकर सुविधामा ५०% छुट
- ATM, ABBS, Internet Banking तथा अन्य सुविधाहरु

बीमा सहकार्य:

नेको इन्सुरेन्स लि.
NECO INURANCE LTD.
MAKE A VISIBLE DIFFERENCE

Janata Bank
नेपाली जनताको बैंक, जनता बैंक

केन्द्रीय कार्यालय
सेन्ट्रल बिजनेश पार्क, थापाथली, काठमाडौं
फोन: ०१-४१०१६३४, ४१०१६३५
इमेल: info@janatabank.com.np
वेबसाइट: www.janatabank.com.np

नोटबुक

॥ माधव बस्नेत

बन्दुकप्रिय मनोविज्ञान

फागुन तेस्रो साता गाउँ पुगेको भोलिपल्ट दूधकौशिका गाउँपालिका-२ मा पर्ने ढुंगेबाट साबिक कांगेल र नेलेलाई लक्षित गरेर निकाल्न लागिएको लघु जलविद्युत् आयोजना अवलोकनका लागि उपभोक्ता समितिका अध्यक्ष हुत्तराज बस्नेतलगायतले आग्रह गरे । शरीर थाकेकै भए पनि उहाँहरूको आग्रहलाई टार्न सकिनँ । किनभने, गाउँमा विकासका लागि हुँदै गरेको पहल हेर्नु थियो । आयोजनास्थल जाँदै गर्दा पञ्चनभन्ज्याङभन्दा केही तल सडक छेउमा अनौठा दृश्य देखिए । ती दृश्य द्वन्द्वकालीन झल्को दिने खालका थिए । ५ मंसिर ०६३ मा माओवादीका लडाकूहरू शिविरमा बस्नुपूर्व ग्रामीण क्षेत्रमा यस्ता दृश्य सामान्य लाग्थे । त्यसबेला छापामारका हातमा लामा-छोटा हतियार हुन्थे । तर, यसबेला न औपचारिक रूपमा कुनै युद्ध भइरहेको थियो, न त सेना-प्रहरीको तालिमस्थल नै थियो त्यो ठाउँ ।

गाडी रोक्न लगाएर हेर्दा थाहा भयो, १२-१४ वर्ष नकाटेका बालबालिका नक्कली एके-४७, एसएलआर बोकेर खेलेका रहेछन् । सन्तानले खेलौना-बन्दुकको चर्को माग गरेपछि उनीहरूका अभिभावकले काठमाडौं-विराटनगरलगायत सहरबाट ती 'नक्कली हतियार' आपूर्ति गर्दा रहेछन् । त्यो घटना मेरो मानसपटलबाट हटिसकेको थियो । तर, त्यसको चार दिनपछि सदरमुकाम नजिकको गार्मामा पनि उस्तै दृश्य देखियो । सीमान्त बस्तीमा रहेका बाबु-नानीहरूमा देखिएको बन्दुक मोहले दुई प्रश्न उठाउँछ । पहिलो, बन्दुकसंग खेल्ने लत कसरी पस्यो ? दोस्रो, यो लतले समाजलाई कता धकेल्दै छ ? यसको मनोविज्ञान बुझ्न एकपटक सशस्त्र द्वन्द्वतिर फर्कनुपर्ने हुन्छ । माओवादी द्वन्द्व त सकियो । तर, त्यसले निम्त्याएको हतियार-मोह, मनोवैज्ञानिक, सामाजिक, आर्थिक प्रभावहरू अझै सेलाइसकेका छैनन् । त्यसैको परिणाम कलिला बालबालिका बन्दुक मोहमा छन् । यसले बालबालिकालाई कता धकेल्ला ? गाउँ-गाउँमा परामर्शको खाँचो देखिँदैछ ।

प्याकेजवाला प्यार

पछिल्ला वर्षमा मुलुकमा शिक्षित प्रतिशत बढेको छ । शैक्षिक स्तर बढेसँगै चेतना स्तर पनि बढ्नुपर्ने हो । गाउँ-गाउँमा बालविवाह, घर भाँड्ने विवाहको मात्रा घट्नुपर्ने थियो । तर, प्रमाणपत्र हातमा बोकेको शिक्षाले मात्र चेतना, संस्कृति, संस्कारको बढोत्तरी नगर्दो रहेछ । शैक्षिक स्तरसँगै सञ्चार प्रविधिको समेत विकास भएकाले पनि हुन सक्छ, गाउँमा उल्टो संस्कृति विकास भइरहेको । शिक्षा र सञ्चारको अवस्था कमजोर रहेका बेलामा बाबु-आमाकै सहमतिमा बालविवाह हुने गरेकामा अहिले केटाकेटीकै 'मगनी-भगनी'मा यस्तो विवाह हुने क्रम बढ्दैछ ।

मोबाइल सेवाप्रदायक कम्पनीले राती ८ बजेपछि कल संवाद, भ्वाइस म्यासेज, इन्टरनेट प्याकेजमा भारी छुट दिएका छन् । मानवीय लोभ वा स्वभाव नै हो, पाएको फाइदा लिएरै छाड्ने । फाइदा



उठाउने क्रममा अनियन्त्रित प्रवृत्तिले बढोत्तरी पाउँदा प्रायः परिवारमा कलह बढिरहेको छ । गाउँघरमा मानिसहरू ८ बजेभित्र ओछ्यानमा पुगिसक्छन् । बूढाबूढी त निदाउने नै भए । तर, तन्नेरीहरूलाई यस्तो प्याकेजले लोभ्याएको रहेछ ।

फाइदा उठाउने क्रममा चिनेका हुन् वा नचिनेका- युवक/युवतीबीच रातभर संवाद हुने रहेछ । यही संवाद बढोत्तरी हुँदै जाँदा १८-२० नपुग्दै विद्यालय, उद्देश्य सबै लथालिंग छाडेर उनीहरू घरजममा जुट्दा रहेछन् । विवाह त गर्छन् । तर, जब यथार्थको धरातल टेक्न पुग्छन्, उनीहरूसँग पश्चात्तापबाहेक विकल्प केही हुँदैन । वैदेशिक रोजगारीमा जानेहरूको परिवारमा पनि उही समस्या रहेछ । 'प्याकेज उपहार'ले गाउँ-गाउँमा घरबार बिग्रिएको गुनासो सेवाप्रदायक कम्पनीलाई आएको छ कि छैन कुन्नि ! आएको छैन भने पनि अनुगमन गरेर सम्बन्धित निकायले यस्ता प्याकेज रोक्ने हो कि !

यता पनि ठेक्का

राजमार्गमा च्याउसरी खुलेका होटल/रेस्टुराँले बासी, गुणस्तरहीन र प्रदूषित खाजा/खाना खुवाउँछन् भनेर लाग्ने गरेको आरोप पुरानै हो । यस्तै आरोपको चाङ बढेपछि ०६८ मा तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईले मुग्लिनका होटलको अनुगमन गरेर गुणस्तर बढाउन निर्देशन नै दिएका थिए । त्यो निर्देशन कति कार्यान्वयन भयो ? आफ्नै ठाउँमा होला । यो आरोपबाट बनेपा-सिन्धुली-घुर्मी-ओखलढुंगा 'रूट' भने एक हदसम्म मुक्त थियो । ताजा र स्वच्छ खाजा/खाना त्यस रूटको चिनारी बन्दै गएको थियो । तर, पछिल्लो पटकको यात्राबाट के प्रमाणित भयो भने रूटमा पनि खाजा/खाना खुवाउन ठेक्का सुरु भइसकेछ ।

ठेक्का अनुसार त्यस सडकमा टाटा सुमो, गाडी चलाउने चालकलाई आकर्षक योजना दिने र यात्रुलाई निश्चित होटल/रेस्टुराँहरूमा उतारेर खाजा/खाना खान बाध्य बनाइने रहेछ । आफ्ना होटलमा यात्रुलाई झारेर खाजा/खाना खुवाइदिएबापत चालकलाई मासिक 'टिप्स' दिनेदेखि नयाँ वर्ष र दसैंमा खसी-रक्सी उपहार पाउने रहेछन् । चालक रिझाएर ठेक्कामा खाजा/खाना खुवाउने भएपछि होटलवालालाई यात्रुको स्वास्थ्य र गुणस्तरसँग के मतलब ! चालकलाई खुसी बनायो, पुग्यो । राजधानी फर्कने क्रममा यात्रुहरूले चालकलाई खानाका लागि उदयपुरको घुर्मीमा रोक्न आग्रह गरे । तर, चालकले त्यहाँभन्दा स्वादिष्ट खाना पाइने स्थानमा लैजान्छु भन्दै रोकेनन् । स्वादिष्ट खाना पाइने ठाउँमा लैजाने आश्वासन दिएपछि यात्रुहरू पनि चुप नै भए ।

चालकले सिन्धुलीको ग्वालाटार छेउमा ल्याएर एउटा सामान्य होटलमा गाडी रोके, जहाँ खानाको गुणस्तर एकदमै कमजोर थियो । पछि ती चालक आफैंले त्यहाँ ल्याउनुको भेद खोले, "सबैले यसै गर्न थालेका छन् ।" ◆

सदा सुरक्षित

आफ्नै क्लिङ्करद्वारा उत्पादित

एडभान्स सिमेन्ट

ADVANCE GROUP

अरनिको सिमेन्ट ईन्डष्ट्रिज
अरनिको आँबुखैरेनी सिमेन्ट ईन्डष्ट्रिज
रोल्पा सिमेन्ट प्रा. लि.

का.जि.द.नं. १०४/०५६/५७

SOLE DISTRIBUTOR FOR NEPAL
HANSRAJ HULASCHAND & COMPANY PRIVATE LIMITED Teku Road, Kathmandu, Ph. No: 4230001/4268088, Fax: 4220491, url: bajajauto.com.np www.facebook.com/hhbajaj
Bajaj 24 x 7 HELPLINE 16600175555 9801575555